परिच्छेद– १

# शोध परिचय

## १.१ शोध शीर्षक

प्रस्तुत शोधको शीर्षक **कथाकार गुरुप्रसाद मैनालीका कथामा प्रयुक्त उखान र टुक्काको अध्ययन** रहेको छ ।

## १.२ शोधार्थीको नाम

हरिप्रसाद सेढाईं

## १.३ शोधको प्रयोजन

प्रस्तुत शोधको प्रयोजन त्रिभुवन विश्वबिदालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत रत्नराज्यलक्ष्मी क्याम्पस, नेपाली शिक्षण समितिअन्तर्गत स्नातकोत्तरतह द्वितीय वर्षको दसौँ पत्रको आवश्यकता परिपूर्ति गर्नु रहेको छ ।

## १.४ विषय परिचय

गुरुप्रसाद मैनालीको परिचय दिँदै कथाकार मैनालीका कथामा पाइने आदर्शोन्मुख यथार्थवादी धारणा स्पष्ट गरी र वि.सं. २०२६ मा तारानाथ शर्माद्वारा सम्पादित **नासो** कथासङ्ग्रहभित्र सङ्कलित एघारओटा कथामा प्रयुक्त 'उखान र टुक्का' को अध्ययनलाई यस शोधपत्रको स्वरूप बनाइएको छ ।

## १.५ शोधको समस्या

प्रस्तावित शोधकार्यका समस्याहरू निम्नलिखित रहेका छन् :

*क. नेपाली साहित्यको विकासमा गुरुप्रसाद मैनालीको स्थान के-कस्तो रहेको छ ?*

*ख.* *गुरुप्रसाद मैनालीका कथामा प्रयुक्त उखान र टुक्काहरू के-कस्ता विषयहरूमा आधारित छन् ?*

*ग.* *गुरुप्रसाद मैनालीका कथामा प्रयुक्त उखान र टुक्काहरूको स्वरूप के-कस्तो रहेको छ ?*

## १.६ शोधको उद्देश्य

प्रस्तावित शोधकार्यका उद्देश्यहरू निम्नलिखित रहेका छन् :

*क.* *नेपाली-साहित्यको विकासमा गुरुप्रसाद मैनालीको स्थान निर्धारण गर्ने ।*

*ख.* *गुरुप्रसाद मैनालीका कथामा प्रयुक्त उखान र टुक्काका विषयहरू उल्लेख गर्ने ।*

*ग.* *गुरुप्रसाद मैनालीका कथामा प्रयुक्त उखान र टुक्काका स्वरूप निर्धारण गर्ने ।*

## १.७ शोधको पूर्वकार्यको समीक्षा

गुरुप्रसाद मैनाली आधुनिक नेपाली साहित्यका कथा विधाका प्रथम कथाकार हुन् । नेपाली साहित्यको कथा विधालाई आधुनिकतामा प्रवेश गराउनमा उनको ठूलो योगदान रहेको छ । नेपाली ग्रामीण जनजीवनका निम्नवर्गीय मानिसहरूले भोग्नुपरेका पीडा र समस्या तथा गरिब र विपन्नवर्गका मानिसहरूको यथार्थ जनजीवनको चित्रण गरी उनले जम्मा एघार ओटा कथाहरूको रचना गरे । उनका ती सबै कथाहरू 'नासो' कथासङ्ग्रहमा सङ्कलित छन् । उनको साहित्यिक योगदानका बारेमा विभिन्न समयमा विभिन्न व्यक्तिहरूले चर्चा-परिचर्चा गरे पनि उनका कथाहरूका प्रयुक्त उखान र टुक्काहरूको कहीँ कतै चर्चा भएको छैन । उनको व्यक्तित्व र कृतित्वका बारेमा विभिन्न समयमा भएमा खोज अनुसन्धानहरूलाई पूर्वकार्यको रूपमा तल प्रस्तुत गरिएको छ :

*क.* *तारानाथ शर्मा 'नासो' (भूमिका, सामुदायिक प्रिन्टर्स प्रा.लि.) २०२६ ।*

यस कथासङ्ग्रहको भूमिकामा तारानाथ शर्माले "नेपाली जीवनमा साँचो पक्ष मैनालीका कथाहरूमा साकार भएर उठेको पाइन्छ । मानवताका तीव्रतम अनुभूतीलाई यसरी कलात्मकताका साथ र प्रभावोत्तेजक पाराले चित्रण गर्न

सक्नु कथाकार मैनालीको अनुकरणीय सफलता हो" भनी कथाकार मैनालीको साहित्यिक योगदानको चर्चा गरेका छन् ।

ख. *बालकृष्ण पोखरेल, **राष्ट्रभाषा,** पृ. १२० (काठमाडौँ : साझाप्रकाशन), २०३४*

बालकृष्ण पोखरेलले यस पुस्तकमा गुरुप्रसाद मैनालीलाई 'मैनालीज्यू हिन्दीका प्रेमचन्दको शैलीलाई लिएर नेपाली कथा साहित्यमा देखा पर्नुभयो' भनी "आलोचकका आँखामा आधुनिक कथा साहित्यका जनक" मानेको देखाएका छन् । "उहाँले थोरै लेख्नुभएको छ तापनि उहाँका कथाहरू र्म्मस्पर्शी छन् । उहाँका कथामध्ये सबभन्दा लोकप्रिय छन् *नासो* र *परालको आगो* भनी मैनालीलाई 'प्रहसनहरूको पनि' रचनाकार मानेका छन् । "नेपाली पाठकहरू उहाँलाई केवल कथाकारका रूपमा मात्रै चिन्दछन्" भनी उहाँका कथाहरू *नासो* शीर्षकले सङ्ग्रहका रूपमा प्रकाशित भएको चर्चा गरेका छन् ।

ग. *वासुदेव घिमिरे **'कथाकार मैनालीमा पाइने आदर्शोन्मुख यथार्थवाद'** शीर्षकको अप्रकाशित शोधकार्य २०३७ ।*

'नेपाली कथा परम्परामा आधुनिकताको सूत्रपात गर्ने कथाकार मैनाली उत्तरवर्ती कथाकारका लागि ऐतिहासिक व्यक्तित्त्व भइदिन्छन् । त्यसैले नेपाली कथा साहित्यमा मैनालीको ऐतिहासिक महत्त्व बेजोड छ' भनी घिमिरेले गुरुप्रसाद मैनालीका बारेमा चर्चा गरेका छन् ।

घ. *कृष्णप्रसाद पराजुली, **राम्रो रचना मीठो नेपाली,** पृ. २९७ (काठमाडौँ सहयोगी प्रेस), २०४८ ।*

कृष्णप्रसाद पराजुलीले गुरुप्रसाद मैनालीको चर्चा गर्ने क्रममा 'कथा पनि सामाजिक, मनोवैज्ञानिक, ऐतिहासिक, हास्यव्यङ्ग्यात्मक धेरै किसिमका हुन्छन् नेपालीमा यस्ता-यस्ता केही कथाकृतिको सङ्कलन हो नासो' भनी मैनालीलाई सामाजिक कथाकारको रूपमा चिनाएका छन् ।

ङ. *दयाराम श्रेष्ठ, **नेपाली कथा भाग- ४** (काठमाडौँ : साझा प्रकाशन), २०६० ।*

यस पुस्तकमा दयाराम श्रेष्ठले समाजका मानक र स्थापित मूल्यको झलक दिएर रुग्ण र जीर्ण सामाजिक संरचनाको उत्थानमा हुनु पर्ने आदर्शोन्मुखी विचारधारामा कथाकार गुरुप्रसाद मैनालीको सामाजिक यथार्थवाद आधारित छ भनी कथाकार मैनालीको साहित्यिक विशेषतामाथि प्रकाश पारेका छन् ।

गुरुप्रसाद मैनालीका कथा बारे धेरै विद्वानहरूले व्याख्या र विश्लेषण गरे पनि उनले प्रयोग गरेका उखान टुक्का बारे विश्लेषण नभएको हुँदा त्यसको अध्ययन गर्नु यस शोध कार्यको उद्देश्य रहेको छ ।

## १.८ शोधकार्यको औचित्य र महत्त्व

गुरुप्रसाद मैनालीको साहित्यिक योगदानका साथै **नासो** कथासङ्ग्रहभित्र प्रयुक्त उखान र टुक्काहरूको अध्ययन गर्नु यस शोधकार्यको औचित्य र महत्त्व रहेको छ ।

## १.९ शोधकार्यको सीमाङ्कन

कथाकार गुरुप्रसाद मैनालीको साहित्यिक योगदान र **नासो** कथासङ्ग्रह भित्रका एघारओटा कथामा प्रयुक्त उखान र टुक्काको अध्ययनमा यो शोधकार्य सीमित रहेको छ ।

१.१० शोधविधि

१.१०.१ सामग्री सङ्कलन विधि

यो शोधकार्य तयार पार्न पुस्तकालयीय विधिका तथा अध्ययन अनुसन्धान विधि अपनाइएको छ ।

१.१०.२ सामग्री विश्लेषण विधि

यो शोधकार्य तयार पार्दा प्राप्त सामग्रीहरूको बर्णनात्मक एवं विश्लेषणात्चक विधि यसमा प्रयोग गरिएको छ ।

## १.११ शोधपत्रको रूपरेखा

प्रस्तावित शोधपत्र निम्नलिखित परिच्छेदमा विभाजित रहेको छ :

पहिलो परिच्छेद : शोध परिचय

दोस्रो परिच्छेद : गुरुप्रसाद मैनालीको साहित्यिक योगदान

तेस्रो परिच्छेद : उखान र टुक्काको सैद्धान्तिक परिचय

चौथो परिच्छेद : **नासो** कथासङ्ग्रहमा प्रयुक्त उखान र टुक्काको सङ्कलन

पाँचौं परिच्छेद : **नासो** कथासङ्ग्रहमा प्रयुक्त उखान र टुक्काको वर्गीकरण र विश्लेषण

छैठौँ परिच्छेद : उपसंहार

सन्दर्भ-ग्रन्थसूची

परिच्छेद– २

# गुरुप्रसाद मैनालीको साहित्यिक योगदान

## २.१ गुरुप्रसाद मैनालीको परिचय

गुरुप्रसाद मैनालीको जन्म वि.सं. १९५७ भाद्र २३ गते शुक्रबारका दिन धनकुटा जिल्लामा भएको हो । उनी पिता काशीनाथ मैनाली र माता काशीरूपा मैनालीका सन्तानका रूपमा जन्मेका थिए । पुर्ख्यौलीथलो पूर्व १ नं. काभ्रे जिल्लाको कानपुर भए पनि यिनका पिता सरकारी जागिरेको सिलसिलामा धनकुटा रहँदा नै यिनी जन्मेका थिए । वासुदेव घिमिरेका अनुसार यिनकी हजुरआमा आफ्नो माइलो छोरा षडानन्दसँग भनावैरी भएका कारण नाति गुरुप्रसादलाई लिएर उनी आफ्नो माइती गाउँ पश्चिम १ नं. नुवाकोटको रिड्डेचौरमा गएर बसेकी थिइन् । यसैकारण यिनको कुलघर नुवाकोटको रिड्डेचौर हुनपुग्यो (घिमिरे, अप्रकाशित शोधकार्य : २०३७ : ७) । यसरी मैनालीको परिचय स्पष्ट पार्ने क्रममा मैनालीका पिता काशीनाथ मैनाली तत्कालीन समयमा सरकारी जागिरमा सेवारत रहेको पाइन्छ । यिनी सरकारी सेवामा रहँदा गुरुप्रसाद मैनाली पनि बाबुसँगै देशका विभिन्न भागहरूमा भ्रमण गर्ने अवसर पाएका थिए । तत्कालीन राणाशासनकालमा सर्वसाधारण जनताका लागि पढ्ने अनुकूल वातावरण नभएकोले यिनले बुबाबाट नै साधारण शिक्षा प्राप्त गरेका थिए । पछि उनी गुरु हेमराज पण्डितका संसर्गमा पुगे । उनले औपचारिक रूपमा कुनै शैक्षिक डिग्री हासिल नगरे पनि देशको वास्तविकतालाई बुझ्रेर आफ्नो अध्ययनलाई निरन्तर रूपले अगाडि बढाइरहे । त्यसबेलाको चलनअनुसार मैनालीले एघार पास गरी घरमै संस्कृतको अध्ययन गरेका थिए । गुरुप्रसाद मैनालीले वि.सं. १९८३ देखि निजामती सेवामा रहेर काम गर्ने अवसर पाए । घिमिरेका अनुसार हेमराज गुरुज्यूबाट पूर्णतः पत्याइएका मैनाली गुरुकै प्रभावले २४ वर्षको उमेरमा बागलुङ अदालतका डिट्ठा हाकिम भएर गए (घिमिरे : ऐ.प्र.: २०३७) । यसैगरी नेपाली कथा भाग- ३ मा डा. ऋषिराज बराल र कृष्णप्रसाद घिमिरेले गुरुप्रसाद मैनालीको २४ वर्षको उमेरमा गुरुको सहचार्यबाट न्यायविभागअन्तर्गत निजामती सेवामा प्रवेश गरे । त्यही जागिरको सिलसिलामा यिनले देशका विभिन्न जिल्लाको भ्रमण गरी गाउँलेहरूका दुःखी

जीवनको अनुभव गरे भनी स्पष्ट पारेका छन् । यसप्रकार गुरुप्रसाद मैनालीले आफ्नो जागिरको क्रममा नेपालका तराई तथा पहाडका विभिन्न ग्रामीण जनजीवनलाई नजिकैबाट नियाल्ने अवसर पाए । न्यायसेवामा रहेकै कारण उनले ग्रामीण समाजमा व्याप्त अन्याय, अत्याचार शोषण र विकृति विसङ्गतिबारे बुझ्ने अवसर पाए । नेपाली ग्रामीण समाजका निम्नवर्गभित्र व्याप्त विभिन्न (विविध) पक्षहरूलाई मैनालीले आफ्ना कथाका मूल विषय बनाएका छन् ।

## २.२ गुरुप्रसाद मैनालीको साहित्यिक योगदान

गुरुप्रसाद मैनाली सरकारी जागिरे भएर नेपालका विभिन्न क्षेत्रको भ्रमण गर्दागर्दै समाजका विभिन्न विकृति, विसङ्गति र होची अर्घेलीहरूलाई प्रत्यक्ष दृष्टिबोध गर्दै सामाजिक जीवनको यथार्थताका विभिन्न पाटाहरूको अध्ययन गर्ने कथाकार हुन् । नेपाली कथामा अति मानवीय, अविश्वसनीय र अलौकिक घटना भनेर लेख्ने परम्पराप्रति विद्रोहको स्वर प्रदान गरेर आधुनिक नेपाली कथाको जग बसाल्नु उनको उद्देश्य हो । नेपाली कथा साहित्यको इतिहासमा देखा परेका विभिन्न कालखण्डमा माध्यमिक युगले केही मात्रामा आधुनिक कथाका साङ्केतिक झलकहरू प्रस्तुत गरेको पाइन्छ । कृष्णचन्द्रसिंह प्रधानले साझा समालोचनामा ‘समाजका मानक र स्थापित मूल्यको झलक दिएर रुग्ण र जीर्ण सामाजिक संरचनाको उत्थान हुनुपर्ने आदर्शवादी भावनामा मैनालीको यथार्थवाद आधारित छ । यिनको शिल्पक्षेत्र गद्यात्मक हुनाका साथै अनेक कोणबाट हेर्दा त्यस क्षेत्रले नेपाली कथाको इतिहास निर्माणलाई मह□वपूर्ण दिशा प्रदान गरेको छ’ (प्रधान, २०४४ : ३७७) भनी गुरुप्रसाद मैनालीलाई प्रसिद्ध आदर्शोन्मुख यथार्थवादी कथाकार तथा माध्यमिककालीन प्रवृत्तिको अन्त्य गरी आधुनिक नेपाली कथाको इतिहास निर्माण गर्ने नवप्रवर्तकका रूपमा चिनाएका छन् । “*परालको आगो*मा दुई कथा प्रसङ्ग छन्– एउटा चामे र गौँथलीको तथा अर्को जुठे दमै र उसकी जहानको । दुवैको तुलनात्मक चित्र प्रस्तुत गरेर एकातिर कथालाई गतिशील र सजीव बनाएको छ भने अर्कोतिर कथा प्रस्तुति रोचक, आकर्षक र प्रभावोत्पादक भएको छ (थापा, २०४७ : १७६) ।” भनी गुरुप्रसाद मैनालीलाई सफल कथाकारका रूपमा स्थापित गराएका छन् । यसैक्रममा ईश्वर बराल व्यक्त गर्दछन्, ‘यी कथाकार मैनालीले १९८६ देखि कथा लेख्न थाले तापनि **शारदा**का प्रकाशनका प्राथमिककालमा मात्र तिनका प्रकाशित भए । यसप्रकार आधुनिक नेपाली कथा साहित्यको जग बसाउनेमध्ये ती प्रमुख भई स्थापित भए’ (बराल, २०५३ : ११४) । ‘अपेक्षित

तत्त्वको सङ्घटन गरी कथा लेख्ने अगुवाहरूमध्ये मैनालीको नाउँ दिक्पालका झैँ उच्चारित हुन्छ। तिनको *नासो, शारदा*को चौथो अङ्क (जेठ १९९२) मा प्रकाशित भयो। यो तिनको सर्वप्रथम प्रकाशित कथा हो र सके लेखिएका कथामध्ये पहिलो।' भनी ईश्वर बरालले मैनालीलाई प्रसिद्ध कथाकारका रूपमा चिनाएका छन् (बराल, २०५३ : ११५)। महादेव अवस्थीले नेपाली कथा भाग दुईमा 'यस युगका नेपाली कथामा सामाजिकता, मौलिकता, लघुआयामको कथा ढाँचा, आदर्शवादी, स्वच्छन्दवादी धाराको प्रयोगजस्ता आधुनिक कथाका पूर्व लक्षणहरू देखापरे भने अतिमानवीय रोमाञ्चकारी धारा र नीति उपदेशमूलक धाराको प्रयोगजस्ता परम्परागत कथाका लक्षणहरू पनि प्रचुर मात्रामा कायमै रहे (अवस्थी, २०५५ : १४) भनी १९५८ देखि १९९१ सालसम्मका माध्यमिककालीन कथाका विशेषता बारेमा स्पष्ट गरेका छन्। यिनका उपयुक्त कथाहरूले माध्यमिककालीन नेपाली कथाका अतिरञ्जनापूर्ण भावुकताको प्रयोग, अति मानवीय र मानवेतर पात्रको प्रयोग, नैतिक उपदेशको प्रचुरता र समाजका आदर्शवादी चित्रणजस्ता प्रवृत्तिबाट नेपाली कथालाई समाजको आदर्शोन्मुख यथार्थवादी चित्रण गर्ने आधुनिक कथा कलातर्फ मोडेका हुन्' (अवस्थी, २०५५ : पृ. १४)।" भन्दै गुरुप्रसाद मैनालीलाई माध्यमिककालीन प्रवृत्तिको अन्त्य गरेर आधुनिक नेपाली कथाको प्रवर्तन गर्ने मूल व्यक्तित्वका रूपमा चिनाएका छन्। यस्ता विशेषता बोकेको माध्यमिककालीन कथाका प्रवृत्तिलाई धक्का दिँदै १९९२ सालमा गुरुप्रसाद मैनालीको *नासो* कथा देखा पर्दछ। यही कथाको उदयसँगै नेपाली कथामा हावी हुँदै गरेको माध्यमिककालीन प्रवृत्तिको अन्त्य हुन पुगेको छ। यसरी १९९२ सालमा प्रकाशित गुरुप्रसाद मैनालीको *नासो* कथा माध्यमिककालीन कथा प्रवृत्तिको अन्त्य र आधुनिक नेपाली कथाको पहिलो मोडमा आउन सफल भएको छ। मैनाली आदर्शतिर उन्मुख भएर पनि यथार्थवादकै परिधिभित्र रहने कथाकार हुन्। मैनालीका कथाले यथार्थबाट आदर्शतर्फ र आदर्शबाट यथार्थतर्फ फैलिएर कथामा मानव जीवनका शाश्वत-सत्यको विशिष्ट पक्षको उद्घाटन गरेका छन्। यसरी गुरुप्रसाद मैनाली आफू आदर्शवादी भएकाले साहित्यको मुख्य उद्देश्य सुधार हो भन्ने पक्षमा रहेका छन्। आदर्शोन्मुख यथार्थवादी कथाको क्षेत्रमा मैनालीको योगदान सबैभन्दा उच्च रहेको छ। माध्यमिक कालका उडुवा, डुलुवा, कपोलकल्पित तथा केही सामाजिक झैँ लागे पनि विषयवस्तु खज्मजिएको, कथानक सङ्गठनको अत्तोपत्तो नभएको, भावुक आदर्शले रङ्ग्याइएको, भाषिक परिष्कार नभएको र आधुनिकताको श्रेय लिन नसकेका कथाका अगाडि नेपाली ग्रामीण समाजका निम्न र उच्च मध्यमवर्गीय जीवनका कथाव्यथालाई मूर्तरूप दिने

आदर्शोन्मुख यथार्थवादी कथा *नासो*सँगै कथा साहित्यमा आधुनिककालको सुरुवात गरे । यसरी नेपाली कथा साहित्यको क्षेत्रमा उच्च योगदान दिने गुरुप्रसाद मैनालीले साहित्यलेखनको जीवनकालमा कथा मात्रै नभए विभिन्न लेख, प्रहसन, कविताहरू पनि रचना गरेका छन् । यसरी नेपाली साहित्यका विभिन्न विधामा देखापरेका मैनालीलाई साहित्यिक योगदानका आधारमा निम्नानुसार चिन्न सकिन्छ ।

### २.२.१ **कथाकारका रूपमा गुरुप्रसाद मैनाली**

नेपाली साहित्यमा गुरुप्रसाद मैनाली सुप्रसिद्ध आदर्शोन्मुख यथार्थवादी कथाकारका रूपमा चिनिन्छन् । 'वि.सं. १९८४ देखि लेख्न थालेका मैनालीले १९९० पूर्व नै आधुनिक भन्न सकिने कथालेखन सुरु गरेका थिए' (घिमिरे, अप्रकाशित शोधपत्र, २०३७) भनी लेखिएको छ । वि.सं. १९९२ सालमा *नासो* कथा प्रकाशित भएपछि मैनालीले माध्यमिककालमा नेपाली कथामा रहेका अतिमानवीय, अविश्वासनीय र अलौकिक घटना भरेर लेख्ने प्रवृत्तिको अन्त्य गराई सामाजिक, यथार्थवादी आधुनिक कथालेखनको जग बसालेका हुन् भनी महादेव अवस्थीले नेपाली कथा भाग-२ मा व्यक्त गरेका छन् । कथाकार गुरुप्रसाद मैनालीद्वारा रचित एघारओटा कथा बाहेक अर्को एक हिन्दीमा लेखिएको *प्रेम कथा* पनि थियो र त्यो कथा नेपालगञ्जमा मङ्गल हाइस्कुलको वार्षिकोत्सवको उपलक्ष्यमा लेखिएको थियो भनी वासुदेव घिमिरेको (अप्रकाशित शोधपत्र, २०३७ : १५) शोधपत्रमा स्पष्ट गरेको पाइन्छ । गुरुप्रसाद मैनाली प्रसिद्ध कथाकार हुन् भन्ने कुरा "नेपालीहरूका सामाजिक पारिवारिक जीवनको कलात्मक ढङ्गले यथार्थ चित्र उतार्नमा मैनालीलाई उछिन्ने अर्को कथाकार अहिलेसम्म देखिएको छैन । यिनको कथाकारिता हिन्दी कथाकार मुन्सी प्रेमचन्द्रका कथाहरूको छहारीमा टुसाएको हो । प्रभाव ग्रहण गरे तापनि मैनालीमा चोखो मौलिकता मौलाएको छ । नेपाली कथाको सन्दर्भमा मैनालीलाई 'नेपाली प्रेमचन्द्र' भन्नु उपयुक्त देखिन्छ (पोखरेल, २०४० : २३८)।" भनी भानुभक्त पोखरेलले सिद्धान्त र साहित्य भन्ने पुस्तकमा स्पष्ट गरेका छन् । मैनालीमा हास्यरसको सिर्जना गर्ने सीप पनि छ भन्ने कुरो तिनका *सबभन्दा बलियो* (२००९) र *खाद्याखाद्यभ्रमनिवारिणी सभा* (२०११) बाट बुझिन्छ । यी रचनामा स्वाभाविक हास्य छैन तापनि अतिरञ्जनाले हास्यरसको सृष्टि गर्ने प्रणालीलाई तिनले भरिसके राम्रो बनाउने देखाए । भनी ईश्वर बरालले *झ्यालबाटमा* मैनालीलाई हास्यव्यङ्ग्य प्रहसनकर्ताको रूपमा चिनाएका छन् । (बराल, २०५३ : ११७) । मैनालीले आफ्नो जीवनकालमा रचना गरेका एघारओटा कथा

तारानाथ शर्माद्वारा सम्पादित **नासो** कथासङ्ग्रह २०२६ मा सङ्कलित छन् । यसरी ताना शर्माद्वारा सम्पादित **नासो** कथासङ्ग्रहको भूमिकामा उनले 'उहाँको आफ्नै विशेषताचाहिँ हामी पाउँछौँ, हाम्रा ग्रांमीण जीवनका वेदनात्मक पक्षका चित्रणमा उहाँका सबैजसो कथाहरू विरह, शोक र पीडाका प्रतीकको रूपमा उभिएका छन् । यस सङ्ग्रहमा कुनै पनि कथा छैन जसले हाम्रा आँखामा आँसु नल्याओस् । यसरी नेपाली जीवनका साँचो पक्ष मैनालीका कथाहरूमा साकार भएर उठेको पाइन्छ (शर्मा, २०६६ : **नासो**, *भूमिका)* भन्दै गुरुप्रसाद मैनाली यथार्थवादी सामाजिक कथाकार हुन् भन्ने प्रमाणित गरेको छ । कथाकार गुरुप्रसाद मैनालीका आदर्शोन्मुख यथार्थतामा आधारित एघार कथाहरू निम्न रहेका छन् : *नासो* (१९९२), *छिमेकी* (१९९३), *प्रायश्चित* (१९९३), *बिदा* (१९९५), *परालको आगो* (१९९५), *सहिद* (२००८), *प्रत्यागमन* (२०१०), *पापको परिणाम* (२०२०), *कर्तव्य* (२०२०), *अभागी* (२०२०), *चिताको ज्वाला* (२०२०) । माथि उल्लेखित कथामा *नासो, छिमेकी, पापको परिणाम, प्रत्यागमन, सहिद* र *कर्तव्य* कथाहरू आदर्शोन्मुखी कथा हुन् भने *प्रायश्चित, बिदा, चिताको ज्वाला* पूर्णतः युवायुवतीबीचको प्रेम समस्यालाई लिएर लेखिएका आदर्शोन्मुखी प्रवृत्तिमा परिलक्षित कथा हुन् । मैनालीका *परालको आगो* र *अभागी* कथाहरू सामाजिक यथार्थवादमा आधारित छन् । यस्ता विभिन्न कारणहरूले गुरुप्रसाद मैनाली सुप्रसिद्ध कथाकारका रूपमा स्थापित भएका छन् ।

### २.२.२ **प्रहसनकार गुरुप्रसाद मैनाली**

गुरुप्रसाद मैनाली नेपाली साहित्यको कथा विधामा चर्चित हुनुका साथै प्रहसनको क्षेत्रमा पनि देखा परेका छन् । उनको हास्यरसको सृष्टि गर्ने सीप पनि थियो भन्ने कुराको पुष्टि *साँढे समस्या*ले गर्दछ । प्रहसन पनि धेरै नहुनाले सङ्ग्रहित रूपमा नभएर विभिन्न पत्रपत्रिकामा छरिएका छन् । प्रकाशित प्रहसनबाहेक *कुकुर* भन्ने प्रहसन पनि लेखिएको थियो तर स्वयम् लेखकले विविध कारणवश च्यातिदिएको भन्ने भनाइ छ भनी वासुदेव घिमिरेले आफ्नो शोधपत्रमा स्पष्ट गरेका छन् (घिमिरे, २०३७ : १६) । त्यसैले प्राप्त उनका प्रकाशित प्रहसनहरूको परिचय निम्नानुसार छ :

### २.२.२.१ **सबभन्दा बलियो** (२००९)

"प्रस्तुत प्रहसन गौरबाट फर्केर काठमाडौँ आउँदा कुलेखानीमा बास बस्दाको घटनालाई लिएर लेखिएको हो। यस प्रहसनको अभिधार्थमा उपियाँको प्रसङ्ग छ। उपियाँ रक्तपिपासु सामन्त संस्कारको प्रतीकको रूपमा छन्। प्रहसनको बीचबीचमा अनेकौँ व्यङ्ग्यहरू पनि पाइन्छन्। उपियाँ मार्ने प्रसङ्गमा मैनालीले 'निर्धो भएपछि बलवान्ले अवश्य मार्छ, यो त अनादिकालदेखि भई आएको कुरा हो। बलियाले निर्धालाई नमारे नीति विरुद्ध हुन्छ' (घिमिरे, २०३७ : १६) भनी लेखेका छन् भन्दै वासुदेव घिमिरेले आफ्नो शोधकार्यमा स्पष्ट गरेका छन्। मैनालीले समाजमा या देशमा चलिरहेको बलवान्को साम्राज्य र आधिपत्यप्रति प्रस्तुत प्रहसनमा काङ्ग्रेसको चरित्रको पनि उद्घाटन गरिएको छ। मूलतः यस प्रहसनमा उपियाँलाई नै सबभन्दा बलियोको उपाधि दिन खोजिएको छ तापनि मानिसको रगत र पसिनामा खेलबाड गर्ने तात्कालीन समाज र शासनको चरित्राङ्कन पनि उत्तिकै रूपमा उतारिएको छ। मानिसको रगत चुस्ने उडुस, जुम्रा, जुका पनि छन्। तर रगत चुसेर उपियाँ जत्तिको फूर्ति कसैले पनि प्राप्त गर्न सकेका छैनन् भन्दै मानिसलाई नै सङ्केत गर्दै मैनालीले मानिसहरूमा पनि निर्धाको रगत चुसेर धेरै भए पनि तिनमा त्यति फूर्ति र बल देख्न पाइँदैन भनेका छन्। मानिसका रगत चुस्नेहरू त झन् अटेसमटेस भएर भुँडी फल्टाएर लडिरहन्छन् भन्दै यस प्रहसनको माध्यमबाट राजनीतिक पार्टी, सामन्ती संस्कार शोषण दमनका साथै तात्कालीन शासन व्यवस्थाप्रति नै व्यङ्ग्य प्रहार गरेका छन्। प्रस्तुत प्रहसनको भाषा-शैली परिमार्जित सरल र काव्यात्मक देखिन्छ। साथै गुरुप्रसाद मैनालीको बौद्धिक व्यक्तित्त्वको चिनारी पनि यस प्रहसनले दिएको छ।

### २.२.२.२ **खाद्याखाद्य भ्रम निवारिणी सभा** (२०११)

"प्रस्तुत प्रहसन *सिनेमा* पत्रिकामा प्रकाशित छ। मैनालीले सामाजिक यथार्थतालाई नै प्रस्तुत गर्ने क्रममा उक्त प्रहसन लेखिएको पाइन्छ (घिमिरे, २०३७ : १७)। मैनालीले प्रहसनलेखनमा रुचि राखे पनि स्वभाविक हास्य भने उब्जिन सकेको छैन। *खाद्यखाद्य भ्रम निवारिणी सभा* एउटा व्यङ्ग्यात्मक लेख हो। यसमा हास्य तत्त्वभन्दा व्यङ्ग्यको भूमिका प्रचुर छ। मैनालीले प्रस्तुत लेखमा प्राचीन रुढि र नवीन पुस्ताका बीचको समस्या देखाएका छन्।

समाजमा आधुनिक शिक्षा र तद्नुकूल सभ्यताले प्रवेश गर्ने मौकाको खोजी र परम्परानिष्ट अन्धविश्वासी प्रवृत्तिका बीचको सङ्घर्ष यसमा प्रस्तुत भएको पाइन्छ। विशेषतः निहित परम्परागत धारणाको निवारणलाई नै लिएर उक्त लेख लेखिएको हो। समाजमा बाहुन जातीले लसुन, प्याज खान हुँदैन भन्ने जुन धारणा छ त्यस धारणाको निवारणमा बसेको सभाको चित्रण उक्त लेखले गरेको छ। सभामा अधिकांशले गोलभैँडा, लसुन, प्याजको जयगान गर्दछन् र पम्पप्लेटहरू पनि छरिन्छन् तर पनि नयाँ पुस्ता र पुराना पुस्ताका बीच सम्झौता हुन सक्तैन। त्यसको सट्टा रुढिबूढी र युवा पुस्ताका बीच एउटा भयावह सङ्घर्ष उत्पन्न हुन्छ। यसरी प्रस्तुत प्रहसनमा मैनालीले विशेषतः परम्परानिष्ठ बाहुन जातिको अन्धविश्वासी धारणाप्रति धज्जी उडाएका छन्। मूलतः यस प्रहसनमा निम्नलिखित दुई पक्ष देखिन्छन्।

१. *अन्धपरम्पराप्रतिको व्यङ्ग्य*

२. *रुढीबूढी नवीन शिक्षा र सभ्यताको बीचको द्वन्द्व*

प्रहसन वर्णनात्मक शैलीमा लेखिएको छ। भाषा प्रभावोत्पादक छ। मैनालीको कथाको शैली र प्रहसनको शैली मिल्दोजुल्दो रहेको छ। 'चउरमा ठूलो समेना टाँगियो, समेनाका चारैतिर ध्वजापताकाले सिँगारे, गेटमा ठूला-ठूला अक्षरले *खाद्याखाद्य भ्रम निवारिणी सभाको विशेष महाधिवेशन* भन्ने बोर्ड टाँगिएको थियो। समेनाको पल्लो छेउमा घाटमाथिबाट राखी अग्लो मञ्च बनाइएको थियो'। यस लेखको आधारमा हेर्दा मैनालीमा निहित बौद्धिकपक्ष पनि उत्तिकै प्रबल देखापर्दछ। उनले दिएका विविध उदाहरणको दृष्टिले मैनाली अध्ययनशील व्यक्ति थिए भन्न सकिन्छ। खाद्याखाद्यको विषय मनुको भीषण भूल, महर्षिहरूको मिथ्यप्रलाप, मुनि यज्ञवल्क्यको अदूरदर्शीता, वैदिक युगमा प्याजको प्रतिष्ठा, मौर्यकालमा प्याजको प्रयोग रोम सभ्यतामा प्याजको स्थान, ब्याजका बारेमा प्रोफेसर टोटको मत इत्यादि। प्रस्तुत लेखमा हास्यको परिपाक नदेखिएर पनि मैनालीमा व्यङ्ग्य तत्त्व, भाषिक शुद्धता, शैलीगत परिस्कृतिता र अध्ययनशीलताजस्ता विशेषताहरू निहित देखिन्छन्।

### २.२.२.३ **साँढे समस्या** (२०२५)

"यस प्रहसनको अभिधार्थमा बढ्दो साँढे समस्यालाई प्रहसनात्मक रूपमा प्रस्तुत गरिएको छ। यसमा हास्य र व्यङ्ग्य उत्तिकै प्रबल छ। काठमाडौँमा देखिने साँढेले ज्यापूको गहुँबारी ध्वस्त बनाएको हँसिला घटनाहरू यसमा पाइन्छन्। राणाशासनलाई नङ्ग्याउनु

यसको उद्देश्य रहेको छ। राणाहरू साँढे हुन् र उनीहरूले जनतालाई अनेक तरहले दु:ख दिइरहन्छन्। निरङ्कुश राणाहरूको उद्दण्डतामा जनताले भोग्नु परेको अड्चनहरूको झलक र उनीहरूको प्रभुत्ववादप्रतिको व्यङ्ग्य प्रस्तुत प्रहसनमा पाइन्छ" (घिमिरे, २०३७ : १८)। राष्ट्रिय र अन्तर्राष्ट्रिय घटनाहरूको उल्लेख गर्न सक्ने मैनालीको अध्ययनशीलता र बौद्धिकताको चिनारी यसले दिएको छ। यसमा भाषिक शुद्धता र शैलीमा मिठास पाइन्छ।

यसरी प्रहसनका आधारमा मैनालीलाई हास्यव्यङ्ग्यकारका रूपमा लिन सकिन्छ। प्रहसनमा स्वाभाविक हास्य नभई अतिरञ्जनात्मक तरिकाले हास्यरसको प्रयोग गरेका छन्। यसैले नेपाली साहित्यमा हास्यव्यङ्ग्य लेखका रूपमा उनलाई बिर्सन सकिँदैन।

### २.२.३ लेखक/निबन्धकारका रूपमा गुरुप्रसाद मैनाली

गुरुप्रसाद मैनालीले कविता र प्रहसनका साथै लेखहरू पनि लेखेका छन्। लेखको आधारमा मैनाली साहित्यका विविध परीक्षामा परिचित हास्यरसको प्रयोग गरेका छन्। यसैले नेपाली साहित्यमा हास्यव्यङ्ग्य लेखकका रूपमा उनलाई बिर्सन सकिँदैन।

#### २.२.३.१ आधुनिक कथा-साहित्य (१९९७)

प्रस्तुत लेखबाट गुरुप्रसाद मैनालीमा समालोचकीय व्यक्तित्त्वको चिनारी पनि पाइन्छ। समालोचनाको निश्चित खाका तयार नभइसकेको अवस्थामा मैनालीले लेखेको प्रस्तुत लेख परिपक्वताको उपल्लो रूप ठहर्दछ। यस लेखमा मैनालीले विश्व-साहित्यमै कथामा देखिएका प्रयोगहरूको उल्लेख गरेका छन्। कथाका आवश्यक तत्त्वका बारेमा मैनाली पूर्णतः परिचित देखिन्छन्। जयदेव भट्टराईले **साहित्यकार परिचय र अभिव्यक्ति**मा 'कथाको भाषा सरल र मार्मिक हुनुपर्दछ, किन्तु सुबोध तुल्याउनुलाई व्याख्या गर्नपट्टि लाग्नुहुँदैन' (भट्टराई : २०५४)। गुरुप्रसाद मैनालीको कथनलाई उतारेर मैनाली सशक्त कथाका हुन् भन्ने स्पष्ट गरेका छन्।

यस लेखका आधारमा गुरुप्रसाद मैनालीको उत्कट अध्ययनशीलताको रुचि थाहा पाइन्छ। मैनाली अध्ययनशीलताका साथै बौद्धिक चेतनायुक्त लेखक थिए। विशेषतः मैनाली साहित्यको सन्दर्भमा आएका परिवर्तनप्रति पूर्णतः सजग र सचेत व्यक्ति थिए। प्रस्तुत लेखको शैलीमा भावात्मकताको गन्ध पाइए पनि विश्लेषणात्मकताको निर्वाह प्रशस्त मात्रामा भएको

छ । यसैले उक्त लेखको आधारमा भन्नुपर्दा मैनालीमा समालोचकीय क्षमता पनि रहेको देखिन्छ ।

### २.२.३.२ श्रद्धाञ्जलि

प्रस्तुत लेख सूर्यविक्रम ज्ञवालीद्वारा सम्पादित, नेपाली साहित्य सम्मेलन, दार्जीलिङबाट प्रकाशित **भानु स्मारक ग्रन्थ**को पृ. २० मा सङ्कलित छ भनी वासुदेव घिमिरेको अप्रकाशित शोधपत्र २०३७ मा उल्लेख गरिएको छ । यो लेख भानुभक्तसँग सम्बन्धित छ र पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म तथा झुप्रादेखि महलसम्म मानिसले गाउने भानुभक्तीय रामायणको प्रस्तुत लेखमा प्रशंसा गरिएको कुरा समेत उल्लेख गरिएको छ । यो लेखले पनि गुरुप्रसाद मैनालीलाई लेखकको रूपमा चिनाएको छ ।

### २.२.४ कविका रूपमा गुरुप्रसाद मैनाली

वासुदेव घिमिरेका अनुसार गुरुप्रसाद मैनाली कवि होइनन् तर पनि उनले *नेपाल गौरव* भन्ने कविता लेखेका छन् । उक्त कविता गौरमा बस्दा लेखिएको हो (घिमिरे, २०३७ : २१) भन्ने स्पष्ट गरिएको पाइन्छ । प्रस्तुत कविताका आधारमा मैनालीको कवित्व शक्ति ज्यादी क्षीण देखापर्छ । कविता प्राकृतिक सौन्दर्यको वर्णन गर्दै लेखिएको भए तापनि कवित्व शक्ति परिपूर्ण नहुनाले त्यति महत्त्वपूर्ण हुन सकेको छैन ।

## २.३. गुरुप्रसाद मैनालीका कथाको विश्लेषण

गुरुप्रसाद मैनाली साहित्यमा आदर्शोन्मुख यथार्थवादी कथाकार रूपमा चिनिन्छन् भन्ने कुरा सम्पादक जयदेव भट्टराई रहेको **साहित्यकार परिचय र अभिव्यक्ति** भन्ने पुस्तकमा मैनालीले कथा लेख्नुभन्दा पहिले कथानक घटनाको कल्पना गर्नुपर्दछ तर त्यो कथानक घटना सोच्दा आदर्शवादलाई नाश हुन दिनुहुन्न, किनकि साहित्यको मुख्य उद्देश्य सुधार हो । त्यसो हुनाले यो उन्नतिशील युगमा यदि कथामा आदर्शवादको लोप हुन गयो भने त्यसलाई निरर्थक सम्झनुपर्छ । आदर्शका साथसाथै रोचक पनि हुनुपर्छ किनभने रोचकहीन कोरा आदर्शलाई

मानिसहरू उति रुचाउँदैनन् (भट्टराई, २०५४ : ११५) भनेर कथाप्रतिको आफ्नो धारणा स्पष्ट पारेका छन् । मैनालीका कथाहरू ग्रामीण परिवेशमा देखा पर्ने गाउँले जनजीवनको चित्रण, त्यहाँका पीडा, अन्याय र शोषणका भेदभावपूर्ण व्यवहारलाई यथार्थ रूपले बाहिर ल्याउने खालका छन् । गुरुप्रसाद मैनालीले 'कुनै एउटा पात्रको जीवनको सङ्कटमय घटनालाई कलापूर्ण रीतीले लेख्नु नै कथा रचना हो' (भट्टराई, २०५४ : ११८) भनी कथाको तार्किक अध्ययनलाई खुलस्त पारेका छन् । मैनालीका कथाहरूमा समकालीन समाजमा भएका सामाजिक र आर्थिक द्वन्द्वको सूक्ष्मनिरीक्षण गर्नु नै जीवनलाई आध्यात्मिक वा नैतिक उच्चतामा निरीक्षण गर्नु, सामाजिक प्रतिमानप्रतिको कट्टरताद्वारा उत्पन्न हुने समस्याको यथार्थ रूप प्रदर्शन गर्नु, जीवन निराशावादी भए पनि त्यस निराशावादको समस्या पत्ता लगाउनुजस्ता गुणहरू आदर्शोन्मुख सामाजिक यथार्थवादी कथाकार गुरुप्रसाद मैनालीका कथामा पाइन्छन् । यस्ता विभिन्न विशेषताहरूले निर्मित आफ्ना एघारओटै कथालाई गुरुप्रसाद मैनालीले कथागत विश्लेषणका विधागत आधारहरू निम्नानुसार वर्गीकृत गरेका छन् ।

### २.३.१ कथावस्तु/विषयवस्तु

मैनालीका कथाहरू सामाजिक विषयवस्तुमै लेखिएका छन् प्रेमलाई विषयवस्तु बनाइएको 'बिदा'मा समेत सामाजिक यथार्थलाई प्रस्तुत गर्न खोजिएको छ । कथाकारले चित्रण गरेको समाज देवलोक नभए मानवलोकको भएकोले मानव समाजका यथार्थहरू नै कथामा देखाएका छन् । समाज समस्यामा जेलिएको छ र मानिसहरू सङ्घर्ष तथा कष्टको मारमा परेका छन् । 'मैनालीले सामाजिक सत्यलाई अन्ध, रुढि, आर्थिकशोषण, अन्याय, अत्याचार र घोर दुःखको पुञ्जको रूपमा मानेका छन्' (प्रधान, २०४४ : ७३) । प्रधानले डा. दयाराम श्रेष्ठको विचार समावेश गरी **साझा समालोचना**मा स्पष्ट पार्दै 'मैनालीका कथामा प्राप्त सामाजिक संस्कारले वैयक्तिक मूल्यलाई समेत विघटन गरी मानिसलाई मानसिक पीडा र दुःखको चरममा पुऱ्याएको छ (प्रधान, २०४४ : ७४) । भन्ने विचार स्पष्ट पार्दै मैनालीका कथाहरू सामाजिक विषयवस्तुमै आधारित रहेको प्रमाण पेश गरेका छन् । गुरुप्रसाद मैनालीले समाजको यथार्थ चित्रलाई वस्तुपरक ढङ्गमा उतारेर मृत्यु, झगडा, मनोमालिन्य, आत्महत्या, अव्यवस्था, ईर्ष्या, भोक, रोग, अशिक्षा, गरिबी, विवशता, कुण्ठा, नैराश्य, चोरी, चिन्ता, पश्चात्ताप, वैरभाव, घृणा आदि सामाजिक जीवनका अङ्ग-प्रत्याङ्गमा व्याप्त देखाएका छन् ।

मैनालीले आफ्ना कथामा आदर्शको प्रतिस्थापन गरी निराशावादलाई समाधान गर्नपट्टि लागेका छन् (मैनाली, २०२६ : **नासो**) । उनका कथामा जीवनको नैतिक पक्ष बलियो छ । मैनालीले जीवनलाई धार्मिक/नैतिक गुण सम्पन्न व्यक्तिका रूपमा मैनालीले उभ्याएका छन् । उनका कथाहरूको कथावस्तु, प्रारम्भ, विकास र चरमोत्कर्षका कौशलहरूले रोचक बनेका छन् । मैनालीका कथावस्तुहरू नेपाली जनजीवनका मुटुबाट लिइएका हुन्छन् । मूलतः मैनालीले नेपाली समाजको मार्मिक वा करुण पक्षलाई कथाको मुख्य विषय बनाएका छन् । छिमेकमा देखिएको शोषक र शोसित समस्यासँग सम्बन्धित भएर *छिमेकी, पापको परिणाम* आएका छन् । त्यस्तै गरी जनक्रान्तिको विषयवस्तुमा *सहिद*ले भूमिका निर्वाह गरेको छ । नेपालीहरूका सामाजिक, पारिवारिक जीवनको कलात्मक ढङ्गले यथार्थ चित्र उतार्नमा मैनाली सफल र अद्वितीय छन् । नेपाली रीतिरिवाज, गाउँले तथा सहरियाहरूको सामाजिक अवस्था, नेपाली समाजको सामाजिक, आर्थिक र सांस्कृतिक अवस्था तिनबाट नेपाली समाजमा परेका प्रभावहरू, नेपालीहरूका अवस्थागत सोचाइका साथै सामाजिक र सांस्कृतिक पक्ष देखाउन र गाउँदेखि सहरसम्मका निम्न र मध्यमवर्गीय पारिवारिक समस्यालाई कथाको मूल विषय बनाउन मैनाली सफल छन् । *प्रत्यागमन* कथामा (मैनाली, २०२६) दातारामको चश्माबारे कथाकारले दिएको विवरण, घरअगाडिको घमाइलो आँगनमा सुभद्राले सुशीललाई भात खुवाइरहेकी र सुशील परेवाको पछिपछि दगुरिरहेको दृश्य (मैनाली, २०२६ : १) यथार्थ कथावस्तुका प्रमाण हुन् । 'कथाकार मैनालीले चाहे पात्रको बोली वा संवादमा होस्, चाहे व्यक्ति वा स्थान विशेषको चित्रणमा होस्, यथार्थवादी पद्धति अँगालेर त्यसबाट कथाको भाव परिमण्डलको निर्माणमा समेत उचित पृष्ठभूमि तयार पारेका छन् (प्रधान, २०४४ : ३७५) भन्दै प्रधान सम्पादक रहेको साझा समालोचनामा दयाराम श्रेष्ठ व्यक्त गर्दछन् । यसरी गुरुप्रंसाद मैनालीका कथाहरू विषयवस्तुका दृष्टिले सम्पन्न छन् । सम्पूर्ण कथाको विषयवस्तुको मूल आधार सामाजिक विसङ्गति, बालविवाह, विधवा विवाह, खानदान, दाइजो र विवाहमा युवायुवतीको परतन्त्रता बनेका छन् ।

### २.३.२ पात्र प्रयोग

कथालाई स्तरीय एवम् उत्तमोत्तम बनाउने मूल तत्त्व नै चरित्र हो । चरित्रको क्रियाकलापले नै कथाको मूल भाव प्रभावित हुने गर्दछ । जयदेव भट्टराईका अनुसार 'कुनै एक पात्रको जीवनको सङ्कमय घटनालाई कलापूर्ण रीतीले लेख्नु नै कथा रचना हो (भट्टराई,

२०५४ : ११८) भनी **साहित्यकार परिचय र अभिव्यक्ति**मा गुरुप्रसाद मैनालीले स्पष्ट गरेका छन्। गुरुप्रसाद मैनालीका कथामा प्रयुक्त पात्रहरू आदर्शोन्मुख यथार्थवादलाई परिपुष्टि पार्नेतर्फ अग्रसर रहेका छन्। मानिस अन्ततः मानिसै भएर अनेक कमजोरी, कमी र तमोगुणका बसमा परे पनि मानिसभित्र मानवता पनि हुन्छ। सुभद्रा, गुमाने, वीरबहादुर, मुरलीधर आदि पात्रमा यही मानवताका मूर्त र उच्च रूप पाइन्छ (प्रधान, २०४४ : ३७२) भन्ने कृष्णचन्द्रसिंह प्रधानको **साझा समालोचना**मा स्पष्ट गरिएको छ। यस कथनबाट पनि मैनालीले आफ्ना कथाका पात्रहरू मानवीय गुणले सम्पन्न छन् र उनीहरूका कमी-कमजोरीहरू यही मानवीय गुणका कारणले छायामा परेका छन् भन्ने प्रष्ट छ। *कर्तव्य* कथामा मानवीय नैतिक बलका कारणले नै मुरलीधरको विजय स्पष्ट भएको छ। *छिमेकी* कथाको गुमानेमा देखापरेको बन्धुत्व, समताभाव र प्रेमभावपूर्ण मानवीय विचारले 'व्यक्तिको सच्चाइ र सत्यता नै सर्वमूल्यवान् हुन्छ' भन्ने भनाइलाई स्पष्ट गर्दछ। गुरुप्रसाद मैनालीले *नासो* कथाका देवीरमण, सुभद्रालाई धार्मिक भावनाले ओतप्रोत भएको देखाउँछन्। मैनालीले नेपाली ग्रामीण समाजमा हुर्केका नारी, पुरुष, बालक, वृद्धहरूलाई नै पात्रको रूपमा अत्यधिक प्रयोग गरेका छन् भने कतै सहरी वातावरणमा हुर्केका *प्रायश्चित*का गोविन्द र गौरीजस्ता पात्रको प्रयोग समेत गरेका छन् । उनका कथामा गाउँले परिवेशमा जीवन गुजारेका निम्न-मध्यमवर्गीय बाहुन, क्षेत्री, दमाईं, कामी, राई, लिम्बू, मगर, भोटे, घर्ती जातजातिका पात्र-पात्रहरू प्रयोग भएका छन् (मैनाली, नासो)। मैनालीको *नासो* कथाका सुभद्रा, नौली; *छिमेकी* कथाका धर्मानन्द पाध्ये, *प्रायश्चित*का दुईजना ढाक्रे; *बिदा*को जुजुरत्न, *अभागी*की खत्रिनी बूढीजस्ता पात्रहरू गौण पात्रको रूपमा रहेका छन् भने *ब्दिा*को नरेन्द्र *प्रायश्चित*को गोविन्द; *सहिद* वीरबहादुरजस्ता पात्र सङ्घर्षशील पात्रका रूपमा उभिएका छन्। महादेव अवस्थीका अनुसार 'कथाका निकै पात्रहरू सरल, सुलभ, सम्भव र बहिर्मुखी खालका छन् भने केही पात्रहरू दुर्लभ र अन्तर्मुखी स्वभावका छन् (अवस्थी, २०५५ : २६) भनी **नेपाली कथा भाग-२**मा स्पष्ट गरिएको छ। यसरी मैनालीका कथागत पात्रहरूलाई अर्न्तमुखी र बर्हिमुखी स्वभावका देखाएका छन्। कृष्णचन्द्रसिंह प्रधानसम्पादक रहेको **साझा समालोचना**मा डा. दयाराम श्रेष्ठले 'आदर्शवादी कलाको यस सफल निर्देशनबाट यिनको अभिप्राय बुझ्ने हो भने के स्पष्ट हुन्छ भने प्रथमतः पात्रको भावनात्मकता लौकिक र नेपाली समाजको आध्यात्मिक संस्कारमा आधारनिष्ट छ। द्वितीयतः त्यस भावनात्मकतामा तार्किकता छ।' पात्रहरू सामान्य

आर्थिकस्तरका भएर पनि तिनीहरूमा आत्मागत सचेतता छ (प्रधान, २०४४ : ३७६) भन्दै गुरुप्रसाद मैनालीका कथामा पात्रहरूको अवस्थाबारे स्पष्ट गरेका छन् ।

### २.३.३ द्वन्द्वको प्रयोग

नेपाली साहित्यको इतिहासमा गुरुप्रसाद मैनाली संक्रमणकालका सशक्त कथाकार भएको कारणले उनका कथामा प्राचीन रुढि र नवीन संस्कारका बीचको अन्तर्द्वन्द्व प्रर्याप्त मात्रामा भेटिन्छ । मैनालीका धेरैजसो कथाहरूले सामन्ती संस्कार र दलितवर्गको माझमा अथवा पुराना रुढीबूढी र युवा चेतनाका बीचमा सङ्घर्षको थालनी गरेको देखाएका छन् । *नासो* कथामा सामाजिक मूल्य द्वन्द्व प्रस्तुत भएको छ । 'भोगको लालसाले होइन धर्मका आज्ञाले विवाह गरेको हुँ' (मैनाली, नासो) भन्ने *नासो* कथाका पात्र देवीरमणमा पहिले जुन अन्तर्द्वन्द्व खडा भएको थियो त्यो नै सामाजिक मूल्यद्वन्द्व हो । सन्तानका लागि दोस्रो विवाह गर्ने-नगर्ने भन्ने सामाजिक मूल्यद्वन्द्व *नासो* कथामा पाउन सकिन्छ । यस्तै *परालको आगो*मा गौँथली माइत हिँडेछिको चामेमा र *कर्तव्य* कथामा भाइका छोराको विवाहमा ननिम्त्याइकनै जन्त जाने कि नजाने भनेर अन्योलमा पर्ने मुरलीधरमा पनि सामाजिक मूल्यद्वन्द्व देख्न सकिन्छ । सङ्घर्षको रूप मैनालीका सबैजसो कथामा देखिन्छ । तर पनि *प्रायश्चित*मा भने गौरीको सङ्घर्ष सफल देखिँदैन । यसका कथामा विधवा गौरी र गोविन्दका बीचको प्रणय सम्बँन्धमा देखाउन खोजिएको छ । समस्या गौरी द्विजीया भएपछि खडा भएको छ । सामाजिक संस्कारभन्दा बाहिर रहेर गोविन्दाले गौरीलाई स्वीकार गर्ने या स्वीकार नगर्ने अन्योलमा पर्न थाल्छ । 'संसार बहुमतको आडमा छ म एक्लो मानिसले गरेको प्रलाप कसले सुन्दछ र ?' (मैनाली, २०२६) भनी आफ्नो दोधारे मनस्थिति स्पष्ट गरेको छ । बी.ए.सम्म शिक्षा आर्जन गरेको सहरी वातावरणमा हुर्केको गोविन्दामा आधुनिक सभ्यताले प्रभाव जमाइसकेको छ तैपनि ऊ परम्परागत रुढी, अन्धविश्वासबाट फुत्किन सकेको छैन । गोविन्दालाई आफू समाजको माझमा एक्लो पर्छ भन्ने ठूलो डर छ । त्यसैले ऊ गौरीलाई स्वीकार्न पनि सक्दैन र पूर्ण रूपले त्याग्न पनि सक्दैन । यत्तिकैमा गौरीले आफ्नो प्राण रानीपोखरीमा बिसाएपछि गोविन्दाको मनभित्र पश्चात्तापको आँधी-हुरी चल्न थाल्दछ । यसरी मैनालीले *प्रायश्चित* कथामा परम्परा र आधुनिकताका बीचमा हुनसक्ने सांस्कृतिक विलम्बना सफल रूपमा व्यक्त गरेका छन् । मैनालीले *कर्तव्य* र *पापको परिणाम* कथामा सत् पक्ष र असत् पक्षबीचको द्वन्द्व देखाएका छन् (मैनाली, २०२६) । यसरी मैनालीका कथामा विभिन्न किसिमका द्वन्द्वहरू

पाइन्छन् । यसैक्रममा कृष्णचन्द्रसिंह प्रधानको **साझा समालोचना**मा दयाराम श्रेष्ठले स्पष्ट गर्दै 'समकालीन समाजमा भएका सामाजिक र आर्थिक द्वन्द्वको सूक्ष्म-निरीक्षण कथाकार मैनालीले गरेका छन् । *कर्तव्य, छिमेकी, पापको परिणाम*जस्ता कथामा पाइने द्वन्द्वत्वको पछाडि मानवीय प्रश्न निहित रहेको पाइन्छ । स्पष्ट रूपमा आर्थिक द्वन्द्वको जटिलतम अवस्थाप्रति कथाकारको ध्यान केन्द्रित भएको छ । *सहिद*को वीरबहादुर गाउँको साहूले पाँच सयको बन्धकमा खाइरहेको आफ्नो खेत निखन्न अर्काको देशमा पसेको छ । आर्थिक शोषणको भरमा पर्नु परेर नै विदेशमा उसले सङ्कटमय र सङ्घर्षमा जीवनयापन गर्नुपरेको छ । *पापको परिणाम*मा पनि गरिबीका बाध्यता र शोषणवृत्तिको नग्न रूपलाई प्रस्तुत गरिएको छ । न्याय धनकै पक्षमा मात्रै हुने सामाजिक सत्यलाई यस कथाले अभिव्यञ्जित गरेको छ' (प्रधान, २०४४ : ३७२) । मैनालीका कथामा पाइने सामाजिक तथा आर्थिक द्वन्द्वका बारेमा स्पष्ट गरेका छन् । त्यस्तै किसिमले 'जीवन निराशावादी छ तर त्यस निराशावादको समाधान पनि छ । *नासो, छिमेकी, सहिद, कर्तव्य*जस्ता कथाहरू निराशावादको समाधानका लागि आदर्शको प्रतिस्थापनका निम्ति छन्' (प्रधान, २०४४) । निराशावाद र आदर्शवादबीचको द्वन्द्व देखाएका छन् । *कर्तव्य* कथामा आध्यात्मिक र भौतिक सत्यबीचको द्वन्द्व देखिए पनि अन्त्यमा आध्यात्मिक तथा नैतिक पक्षको जित भएको छ । कथाकार मैनालीका विचारमा जीवन सङ्घर्षपूर्ण छ । तर पनि यसलाई पूर्ण रूपले अगाडि बढाउन नैतिक सचेतताका साथै धार्मिक तथा आध्यात्मिक चेतनाले प्रमुख भूमिका खेलेको भन्ने नै पाइन्छ । (**नासो** : २०२६) । यसरी कथाकार मैनालीका कथामा सामाजिक चेतना भए पनि आदर्शसँग जोडिएकाले स्वस्थ सामाजिक जीवन-दर्शनको सन्धानमा ज्यादा संलग्न भएको छ । यसरी कथाकार गुरुप्रसाद मैनालीका कथामा विभिन्न द्वन्द्वात्मक भाव स्पष्ट रूपले पाइन्छन् ।

### २.३.४ परिवेश

गुरुप्रसाद मैनालीका कथाहरू विकृति, विसङ्गति, मृत्यु, झगडा, मनोमालिन्य, आत्महत्या, अव्यवस्था, ईर्ष्या, रोग, भोक, अशिक्षा, गरिबी, विवशता, कुण्ठा, नैराश्य, चोरी, चिन्ता, पश्चात्ताप, वैरभाव, घृणा आदि सामाजिक जीवनका ग्रामीण परिवेशसँग चिर-परिचित समस्याहरू यथार्थ रूपले छर्लङ्ग्याउँदै उपस्थित छन् । आर्थिक विपन्नताको कष्टपूर्ण ग्रामीण परिवेशमा निर्मित मैनालीका कथाहरूले गाउँलाई कार्यपीठिका बनाएर त्यसैअनुरूपको यथार्थ

ग्रामीण भावना कथामा उतारेका छन् । *छिमेकी*मा गुमाने र धनजितेका बीच भएको झगडा र भनाभनबाट तिनीहरूको ग्रामीण संस्कार प्रतिबिम्बित भएको छ । मैनालीको *छिमेकी* कथामा 'तेरा डाम्ना छाडा गरेर असारको बीउ चराउँछस् अझ अर्मलको धाक लगाउँछस्, गुमाने चोर । ... किन मुख छाड्छस् ए धनजिते डाँकु !' (मैनाली, २०२६ : १०) भनी ग्रामीण झगडा देखाइएको छ । *परालको आगो* आगो कथामा गाउँको सामान्य जनजीवनको पूर्ण आकृति तथा जीवनशैली प्रतिबिम्बित गरिएको छ । पानी लिन पँधेरामा जानु, पिँढीमा बसेर सोतेमा तमाखु खानु, वनको छेउमा घाँसको भारी बिसाएर गीत गाउनुजस्ता दृश्यहरूले गाउँको प्रतिबिम्ब उतारेको पान्छ । अन्धविश्वासले जकडिएको नेपाली समाजको संस्कारको यथार्थ उदाहरण *छिमेकी* कथा बनेको छ । यस कथामा रहेका पात्रहरू आफ्नो गाउँभरि रोग फैलिनुको कारण सिमे, भूमे र देवीदेवतालाई मान्दछन् र तिनको पूजाआजा गर्न सकियो भने रोग निको हुने विश्वास गर्दछन् । *कर्तव्य* कथाका गङ्गाधर गाउँभरिकै मुखिया बन्नु, पिपले खेत आफ्नो बनाउन श्रीधर र मुरलीधरले गाउँले बोलाउनुजस्ता दृश्यहरूले नेपाली ग्रामीण समाजका यथार्थ परिवेश उतारेका छन् । ग्रामीण समाजमा हुने गरेका कार्य तथा संस्कारलाई स्पष्ट उतारेर त्यसै ठाउँका परिवेशमा आधारित रहेर गुरुप्रसाद मैनालीले कथा रचना गरेका छन् । उनका ग्रामीण परिवेशमा आधारित कथाहरू *नासो, छिमेकी, पापको परिणाम, परालको आगो, कर्तव्य* पूर्णरूपले ग्रामीण परिवेशमा आधारित कथा हुन् । *सहिद* कथा ग्रामीण परिवेशसित सम्बन्धित रहेको पाइन्छ । कथाको घटनावस्तु ग्रामीण परिवेशबाट सुरु भएको छ । ग्रामीण परिवेशको शोषकपनाले वीरबहादुरजस्ता व्यक्ति पीडित बनेका छन् । कथाको पछिल्लो भाग सहरी परिवेशमा आधारित छ । त्यस्तै किसिमले *प्रायश्चित*मा पनि ग्रामीण परिवेशका चित्रहरू देख्न सकिन्छ, यसरी गुरुप्रसाद मैनालीले *प्रायश्चित, बिदा, अभागी, प्रत्यागमन र चिताको ज्वाला* सहरी परिवेशमा निर्माण गरिएका कथा हुन् । यसप्रकार मैनालीले उनका कथामा सहरी र ग्रामीण परिवेशअन्तर्गत उनकै जमानाको नेपाली समाजमा सामाजिक, सांस्कृतिक, धार्मिक, आर्थिक, राजनीतिक, शैक्षिक, न्यायिक आदि क्षेत्रसँग सम्बन्धित बृहत परिवेशको चित्र उतारेका छन् ।

### २.३.५ भाषिक प्रयोग

गुरुप्रसाद मैनालीका कथामा सरलता, सरसता, स्वभाविकता पाइन्छ । मैनालीले कथामा उखान र टुक्काको व्यापक प्रयोगले गर्दा भाषा सजीव भएको छ । उनका कथाहरू

प्रायः करुणारसले अभिषिक्त छन् र तिनले पाठकको हृदयलाई करुणाले द्रवीभूत पार्न सक्ने सामर्थ्य राख्दछन् । उनका कथामा स्तरीय साहित्यिक भाषा-शैली तथा नेपाली तद्भव झर्रा शब्दहरू, प्रचलित खालकै तत्सम र आगन्तुक शब्दहरू, उखान र टुक्काहरू र कथ्यनिकट नेपाली शब्द-वाक्यहरूको मिठासयुक्त प्रयोगले गर्दा मैनालीको भाषाशैली निकै प्रभावकारी बनेको छ । "नौलीले पात गास्तै भनी– 'आज त साह्रै नरमाइलो लाग्यो होला ?'" "तैपनि सौता भनेको मुटुको बह हो, आज ओछ्यान छोड्नु पऱ्यो । भोली घरै छाड्नुपर्छ कि के जानी सक्नु छ र !" (नासो : २०२६) । पठनकाल र पृष्ठगत आयामका दृष्टिले मैनालीका कथाहरू निकै छोटा वा लामा नदेखिई मध्यम आयामका देखिन्छन् भने कथाकलाको गुणस्तरका दृष्टिले उनका कथाहरू कुतूहलपूर्ण कथारसले ओतप्रोत भई उत्कृष्ट बनेका देखिन्छन् । मैनालीका कथामा उखान, टुक्का र युक्तिहरूको प्रयोग हुनुले सरल र मीठो भाषाशैली छ । ईश्वर बरालका अनुसार "मैनालीले पाखा-पहाडका नेपाली समाजमा बोलिने शब्द औ आहानको सर्वप्रथम सार्थकता देखाइदिए तापनि भाषाका अनेक विजातीय प्रभावदेखि उनी उम्कन सकेनन् । एकातिर... झर्रा औ आञ्चलिक प्रयोगले मैनालीले नेपाली भाषाको अर्थमत्त देखाए भने अर्कातिर .... चिन्त्य बिजातीय प्रयोगसम्म पनि गरे । .... यस्ता विजातीय प्रयोग स्वादिला गाँसमा ढुङ्गा लाग्ने खालका भएका छन् पनि' (बराल, २०५३ : ११८)।" भनी भाषाको बिजातीय प्रयोगबारे स्पष्ट पारेका छन् । मैनालीका कथाहरूमा प्राकृतिक, सामाजिक, सांस्कृतिक आदि क्षेत्रका विविध बिम्बको सौन्दर्यपूर्ण प्रयोग पनि फेला पर्छ । महादेव अवस्थीका अनुसार 'उनका कथाको कथन प्रायः तृतीय पुरुषका कोणबाट र केही मात्रामा प्रथम पुरुषका कोणबाट पनि गरिएको देखिन्छ भने ती कथनअन्तर्गत प्रायः वर्णनात्मक शैलीका साथै अशतः संवाद एवं मनोवादमा आधारित नाट्यशैलीको समेत उपयुक्त एवं रोचक प्रयोग भेटिन्छ' (अवस्थी, २०५५ : २५) मैनालीका कथामा संवाद एवं नाट्यशैलीको प्रयोग समेत पाइने स्पष्ट गरेका छन् । वास्तवमा उनका कथाहरूमध्ये गाउँतिरका कथामा विशुद्ध नेपाली भाषाको प्रयोग र सहरी जीवनलाई लिएर लेखिएका कथाहरूमा विदेशी प्रभाव खासगरी हिन्दीको प्रभाव पाइन्छ । यसमा पनि के भन्न सकिन्छ भने उनले सहरीया शिक्षितवर्गमा देखा परेको प्रचुर विदेशी प्रभावमाथि व्यङ्ग्य गर्नका लागि आफ्नो कथामा यस्ता भाषा प्रयोग गरिएको छ । तापनि हिन्दी पत्रपत्रिका पढ्न रुचाउने भएकाले नेपाली भाषा प्रयोगमा उनमा नजानिँदो रूपले हिन्दी भाषाको प्रभाव परेको हुन सक्छ । मैनालीले आफ्ना कथामा *टि पार्टी, चन्दाबुक, कलेज, स्कुल, बी.ए., कप प्लेट, ड्रेस, पुलिस, इनिस्पेक्टर,*

*पोस्टमार्टम, पास गर्नु, लेफ्टेन, आइ.एस्सी, क्रिस्तान (क्रिश्चियन), मेजर, टाइम, रपट ( रिपोर्ट), विल्डिङ्, इन्जिन, प्लाटुन कमाण्डर, इन्क्लाव*जस्ता अङ्ग्रेजी भाषाबाट आएका शब्दहरू पाइन्छन् । त्यस्तै किसिमले *उपर, मतलवी, लिफाफा, साफ, दरबान, कमरा, कफन, लड्का*जस्ता हिन्दी भाषाका शब्दहरू पाइन्छन् भने हिन्दी भाषामा संवादात्मक वाक्यहरू समेत कथामा प्राप्त छन् : जस्तै :

*बाबु । देखिए तो यह आप का पत्र*

*हाँ भाइ, मेरा ही है, किस ने दिया था ?*

*कल शाम एक नेपाली औरत दे गई थी ।*

*बह नेपाल से आई थी या यहीँ बनारस की रहनेवाला थी ?*

*नेपाल से तीर्थयात्रा के लिए आइ थी ।*

*कैसी थी ?*

*अधेड उम्रकी विधवा औरत थी ।*

यसरी *चिताको ज्वाला* पाठमा हिन्दीमा संवाद पाइन्छ । त्यस्तै किसिमले *प्रायश्चित* कथामा *पेट ठो भारी मालुम होता ह्रास, पोष्टमार्टम कोर्ने होला* (मैनाली, २०२६ : १९) भनी हिन्दीमै वाक्यांश नै पाइन्छ । यसरी नै मैनालीले अभागी कथामा *यहाँ एक ठो पञ्जाबी कनफट्टा साधु बैठेको थियो । कल तो एक दफे उसके पासमे आएको थियो, फिर उसको वाद क्या भयो, मैले याद करेन* (मैनाली, २०२६ : ५५) । हिन्दी र नेपाली मिश्रित वाक्यहरू देखाएका छन् । यसैगरी कथामा मैनालीले केही अप्रचलित संस्कृत शब्दहरू पनि प्रयोग गरेका छन्, *नित्य, दरिद्र, हर्षाश्रु, पुरोहित, लिखितम्, वकितम्, ग्रामपञ्चायत, अग्रभाग, ग्रामसभा, पाठशाला, पतिपरायण, नेत्र, कान्ति, जननी, स्मशान, पाणिग्रह, ग्रह-कृत्य, गृहकलह, मनुष्य, थाइसी, ललाट, रक्त, स्वर्ण* र *ग्रामपिता*जस्ता अप्रचलित संस्कृत शब्द पनि कथामा पाइन्छन् । यसरी भाषिक प्रयोगमा समेत मैनालीले कथालाई सम्पन्न पारेका छन् ।

### २.३.६ उद्देश्य

जुनसुकै कथामा पनि आ-आफ्नो उद्देश्य वा प्रयोजन हुन्छ । साहित्यको प्रयोजनबारे संस्कृति, हिन्दी, पाश्चात्यलगायत नेपालीका विद्वान्हरूले पनि विभिन्न परिभाषा गरेको पाइन्छ । मूल रूपमा हेर्दा मैनालीका तत्कालीन समाजको त्रुटी वा मानिसको कमजोरीलाई

देखाई त्यसको समाधान वा सुधारतिर औँल्याएर समाज वा मानिस यस्तो हुनुपर्छ भन्ने उपदेश दिन खोजेको पाइन्छ । *नासो* कथामा सन्तान नभए स्वर्गको ढोका खुल्दैन भन्नेजस्तो रुढिवादी विचारको पछि लाग्नुहुँदैन भन्ने र सौता-सौता पनि मिलेर बस्नुपर्छ भन्ने अप्रत्यक्ष उपदेश दिनु यसको प्रमुख उद्देश्य मानिएको छ । *छिमेकी*मा झगडा परे तापनि छिमेकीहरू मिलेर बस्नुपर्छ भन्ने र *पापको परिणाम*मा अन्याय वा अधर्म गर्नेको परिणाम नराम्रो हुन्छ भन्ने कुरातिर इङ्गित गरेर मानिसलाई अन्याय नगर्नका लागि सल्लाह दिनु प्रमुख उद्देश्य मानिन्छ । त्यस्तै *परालको आगो*मा आदर्श दाम्पत्य जीवनको उदाहरणीय चित्र र *अभागी* कथामा छोराछोरीलाई, खासगरी आमा नभएका टुहुरालाई उचित मार्गदर्शन दिन नसकेमा उनीहरू कुबाटोमा लाग्छन् भन्ने कुरा देखाउनु यसको प्रमुख उद्देश्य रहेको छ । यसरी नै *सहिद* कथामा देशप्रेम र जातीय प्रेमको महत्त्व हुन्छ भन्ने र *कर्तव्य* र *प्रत्यागमन* कथामा झगडा परे पनि आफ्नो कर्तव्य बिर्सनुहुँदैन भन्ने कुरा प्रमुख उद्देश्यको रूपमा पाइन्छ । *प्रायश्चित, बिदा* तथा *चिताको ज्वाला* कथामा विवाहमा युवायुवतीलाई स्वतन्त्रता दिनुपर्छ भन्ने उपदेश दिनु प्रमुख उद्देश्य मानिन्छ ( मैनाली : २०२६) । डा. दयाराम श्रेष्ठका अनुसार जीवनप्रति मैनालीको दृष्टिकोण निराशावादी छ । यथार्थवादी हुनाको नाताले सामाजिक अन्याय र शोषणप्रति यिनी चेतनशील छन् तर समाजको घोर विरोध गर्ने वा दीर्घकालदेखि स्थापित हुँदैआएको सामाजिक अवस्थामा उथलपुथल ल्याई विद्रोह गर्ने स्वर भने यिनको ज्यादा मन्द छ ( प्रधान, २०४४ : ३७२) भनी प्रधानले **साझा समालोचना**मा दयाराम श्रेष्ठको विचारलाई स्पष्ट पारेका छन् । यसरी मैनालीका कथाको उद्देश्य समाजको क्रान्तिकारी आमूल परिवर्तन गर्ने नभई यथार्थवादी भएर समाजका अन्याय र शोषणप्रति चेतनशील बन्नु यिनको प्रमुख उद्देश्य मानिन्छ । त्यसैले उनी कथामा सामाजिक वा पारिवारिक विसङ्गति, व्यवहारगत त्रुटि आदि देखाउँछन् तर त्यसको समाधानको बाटो खोज्दा अधिकांश कथाहरूको अन्त्यमा सुधार वा संयोग हुनपुग्छ । उनका अरू केही कथाहरू (खासगरी प्रेम कथाहरू) भने वियोगान्त हुन पुगेका छन् । त्यस्ता कथाहरूमा पनि मैनालीले आफ्नो आदर्श विचार दर्साएर हुनुपर्ने स्पष्ट बाटोको सङ्केत गरेको पाइन्छ । त्यसैले उनका कथाहरूमा पाठकसमक्ष आदर्श देखाउने उद्देश्य निहित भएको छ । नैतिक आदर्श र नारी-पुरुषबीचको समानताको आदर्श देखाउनु, उपदेशमुलक कथाहरू रचना गर्नु, समाजलाई हेर्ने सचेत दृष्टिअनुरूप अरू भाषाशैली, चरित्रचित्रण, वातावरण चित्रणको कुशल प्रयोग गरी कथाहरू मीठा र आकर्षक बनाउनु मैनालीका कथाकारिताको प्रमुख उद्देश्य हो ।

२.३.७ निष्कर्ष

वि.स. १९९२ मा नासो कथा प्रकाशित गरी साहित्य क्षेत्रमा प्रवेश गरेका कथाकार गुरुप्रसाद मैनाली मूलतः आदर्शोन्मुख सामाजिक यथार्थवादी कथाकार हुन् । नेपाली ग्रामीण समाजमा विद्यमान सामाजिक कुसंस्कार, अन्याय, अत्याचार, शोषण र दमनलाई मूल विषय वस्तु बनाई कथाको रचना गरेका मैनाली नेपाली साहित्यका प्रथम आधुनिक कथाकार हुन् । नेपाली साहित्यका  अन्य विधामा पनि फाट्टफुट्ट रुपमा कलम चलाएका गुरुप्रसाद मैनालीको मुख्य योगदान कथा विधामा रहेको छ । उनले आफ्ना कथामा  नेपाली ग्रामीण तथा सहरी परिवेशमा निम्नमध्यम वर्गीय पात्र-पात्राहरूको प्रयोग गरेका छन् । यसरी विभिन्न नेपाली समाजका पात्र-पात्राहरूको प्रयोग गर्दा कथाकार मैनालीले सत् र असत् अर्थात् धनी र गरिब पात्रहरूको प्रयोग गरी तिनीहरूको बीचको द्वन्द्वलाई अत्यन्तै स्वभाविक ढङ्गमा प्रस्तुत गरेका छन् । नेपाली जनजीवनमा  प्रचलित परिवेश सुहाउँदो र पात्रको स्तर अनुसारको भाषाशैलीको प्रयोग गर्नु कथाकार मैनालीको मूलभूत साहित्यिक विशेषता हो । पात्रको जीवनस्तर अनुसारको संवाद र कुराकानीमा कथाकार मैनालीले नेपाली ग्रामीण समाजमा प्रचलित रहेका विभिन्न प्रकारका उखान टुक्काहरूको  अत्यधिक प्रयोग गरेका छन् । सामान्य विषयवस्तुको उठान गरी नेपाली सामाजिक परम्परा, संस्कृति तथा जीवनशैलीको यथार्थ चित्रण गर्नु र नैतिक आदर्शको सन्देश दिनु नै उनको कथाकारिताको मुख्य उद्देश्य रहेको छ ।

परिच्छेद– ३

# उखान र टुक्काको सैद्धान्तिक परिचय

नेपाली लोकसाहित्यमा लोकगीत, लोककथा, लोकगाथा, लोकनाटक, गाउँखाने कथा र लोकोक्तिजस्ता विधाहरू पर्दछन् । लोकोक्ति विधाअन्तर्गत उखान र टुक्काजस्ता उपविधाहरू पर्न आउँछन् । नेपालका प्रत्येक कुना-कन्दरामा आ-आफ्नै मौलिकता झल्कने लोकसाहित्य परम्परादेखि चल्दैआएको पाइन्छ । लोक व्यवहारमा अनुभवका चुट्किला र गहकिला उक्ति सामाजिक नीति-निर्देश शिक्षा दृष्टान्त उपमा आदिका रूपमा सूत्रबद्ध भएका हुन्छन् । लोकजीवनका खारिएका अनुभवहरू, नीति उपदेश, ज्ञान र अनुभवका कुराहरू उखान र टुक्कामा समेटिएका हुन्छन् । उखान र टुक्का लोकले युगौँदेखि सँगालेका ज्ञानका भण्डार हुन् । मौखिक परम्परामा प्रचलित स्वतः र अनुभवले खारिएका त्यस्ता लोकप्रचलित उखान र टुक्काले रहनसहनमा ठूलो प्रभाव पारेको पाइन्छ । यसरी लोकजीवनमा प्रचलित उखान र टुक्काको परिचय स्पष्ट पार्ने क्रममा दिएका विभिन्न विचारहरूलाई तल निम्नानुसार दिइएको छ ।

## ३.१ उखानको सैद्धान्तिक परिचय

नेपाली भाषामा ‘उखान’ शब्द संस्कृतको उपाख्यानबाट विकास भएर जन्मिएको पाइन्छ । उखान भाषालाई जीवन्त राख्ने भाषिक तत्त्व हो । भाषाको सशक्त अभिव्यक्तिका क्रममा उखानको प्रयोग भएको हुन्छ । जीवन अनुभवका विविध पक्षलाई गहकिलो रूपमा प्रस्तुत गर्ने, नीति निर्देश गर्ने, शिक्षा दिने आदि क्रममा दृष्टान्त र उपमाका रूपमा उखानहरू आएका हुन्छन् । उखानले लोकजीवनका मान्यता, विश्वास, आनीबानी चालचलन आदि बोकेका हुन्छन् । नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानबाट प्रकाशित र निर्देशक बालकृष्ण पोखरेल रहेको **नेपाल बृहत शब्दकोश**का अनुसार उखानको अर्थ ‘लोकजीवनमा प्रचलित अनुभव पूर्ण चुट्किला, लोकोक्ति, आहान, कहावत’ (**नेपाल बृहत शब्दकोश**, २०४० : १३३) भनी उखानबारे

स्पष्ट गरिएको छ। बालकृषण पोखरेलले राष्ट्रभाषामा बताएअनुसार 'उखानहरूलाई लिएर नेपाली भाषा अत्यन्त धनी छ।' उखानहरू वास्तवमा हाम्रा पुर्खाहरूले घाम, पानी र हुरीसँग सङ्घर्ष गर्दै आर्जन गरेका निधि हुन्। यी पहाडका कन्दरा हुँदो विचरण गर्दै प्रकृतिसँग उठबस गरी बिदा भएर इतिहासकारका दृष्टिमा नपरीकन बिलाएर जाने हिमाली मानवहरूको बुद्धिमत्ताका परिचयाक हुन्। जब हामी उखान सुनिरहेका हुन्छौँ हामीलाई लाग्छ, मानौँ हाम्रा पुर्वजहरूले आफ्ना सन्तानहरूले बाटो बिराउलान् र कर्तव्यलाई नचिन्ला भनी दिव्य भाषामा आकाशवाणी सुनाइरहेका हुन् (पोखरेल, २०४३ : १२४) भनी उखानलाई साधारण व्यक्तिका मुखबाट सहज सारगर्भित, सूत्रबद्ध एवं खिरिलो रूपमा भई प्रयोगका क्रममा खारिँदै, माझिँदै एक समुदायबाट अर्को समुदाय, एक जातिबाट अर्को जाति एवं एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरित हुँदैआएको स्पष्ट गराउँछन्।

अनुभवको अभिव्यक्ति प्रक्रियाको सुरुवातसँगै भाषाको विकास हुन थालेपछि त्यसलाई अझ परिपक्व र सुकिलो, चम्किलो रूपमा प्रस्तुत गर्ने प्रयासस्वरूप उखानको प्रयोग भएको पाइन्छ। तसर्थ भाषिक प्रयोगसँग उखानको जन्म भएको मानिन्छ। त्यस्तै किसिमले **राम्रो रचना मीठो नेपाली**मा कृष्णप्रसाद पराजुलीका अनुसार "व्यवहारमा अनुभवका चुट्किला र गहकिला उदाहरणहरू उपदेश तथा शिक्षाका रूपमा सूत्रबद्ध भएर प्रचलित हुन्छन्। भाषामा तिनको असाध्यै चमत्कार हुन्छ। यसरी प्रचलित भएका उक्ति वा वाक्यलाई 'उखान' भनिन्छ" (पराजुली, २०४८ : १८१)।

त्यस्तै किसिमले उखानलाई स्पष्ट पार्नका लागि शम्भुप्रसाद कोइरालाले **लोकसाहित्य सिद्धान्त विश्लेषण**मा "उखानहरू पुस्तौनी ज्ञानका भण्डारहरू हुन्। जीवनका मह□वपूर्ण उपलब्धि-अनुपलब्धि त्यसबाट प्राप्त तथ्य अनुभवलाई सारगर्भित रूपमा उखानको माध्यमबाट अभिव्यक्त गरिएको पाइन्छ" (कोइराला, २०५६ : १४४) भनी उखानलाई समाजको आचार-विचार, रीतिरिवाज, संस्कृति, परम्परा एवं धार्मिक र नैतिक अवस्थाको पूर्ण विवरण प्राप्त गर्ने समाजका अमूल्य सम्पत्तिका रूपमा स्पष्ट गरेका छन्। यसरी नै **लोकसाहित्यको अवलोकन**मा जीवेन्द्रदेव गिरीले "उखानको आकार लोककथा, लोकगाथा, लोकनाट्य र धेरैजसो लोकगीतका भन्दा सानो हुन्छ। तर अर्थको गहनता, व्यापकता र चमत्कार भने ज्यादै सशक्त र प्रभावकारी हुन्छ" (गिरी, २०५७ : १२९) भनी उखानका बारेमा स्पष्ट पारेका छन्। **माध्यमिक नेपाली व्याकरण, अभिव्यक्ति र अभ्यास**मा कृष्णहरि बराल र नेत्र एटमले "भाषिक

अभिव्यक्तिलाई सटिक प्रभावपूर्ण तथा तीखो बनाउनका लागि मान्छेले भाषाका अनेकौँ सम्भावनाहरूलाई उपयोग गरेको हुन्छ। उखान यस्तै सारपूर्ण, सूत्रात्मक र अभिव्यन्जनात्मक रचना हो" (बराल+एटम, २०५७ : २२०) भनी उखानको परिचयबारे स्पष्ट गरेका छन्। **नेपाली उखान र गाउँखाने कथा**मा कृष्णप्रसाद पराजुलीका अनुसार "उखान प्रत्येक जाति वा समाजका भाषिक समुदायमा मार्मिक तथा परिपुष्ट साझा अनुभवद्वारा विसित हुन्छन् र तिनमा दृष्टान्तमूलक एवं सूत्रात्मक अभिव्यक्ति पाइन्छन्" (पराजुली, २०६१ : २१) भन्ने स्पष्ट पारेका छन्। यसैक्रममा मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइँटेलले "लोकसाहित्यको लोकोक्तिअन्तर्गत पर्ने उखानको अस्तित्व संसारका सबै जाति र भाषामा पाइन्छ। समाजमा उखानको प्रचलन अत्यन्त प्राचीनकालदेखि हुँदैआएको मानिन्छ, यसको प्रयोग कथ्यभाषामा मात्र नभएर लिखित साहित्यमा पनि हुन्छ" (शर्मा+लुइँटेल, २०६३ : ५१८) भन्दै उखानको परिचयलाई व्यापक बनाउने काम गरेका छन्। 'उखानहरू सङ्क्षिप्त हुन्छन् र तिनीहरूले अनेकौँ सङ्कट र विनाशका समयमा पनि आफूलाई सुरक्षित राखिराखेका हुन्छन्' भन्ने अरिस्टोटलको भनाइलाई स्पष्ट पार्दै "सङ्क्षिप्तता र उपयोगिताका कारण अनेकौँ विनाशका माझमा पनि रहन सकेका उखानहरू दर्शनका अवशेष हुन्' (शर्मा+लुइँटेल, २०६३ : ५१९)। यसरी भाषाको सुरुवातसँगै प्रयोग भएको उखान, लोकमानसको विचार, दृष्टिकोण, आस्था, विश्वास एवं तिनका सामाजिक सांस्कृतिक पक्षलाई बोक्दै र भाषालाई प्रभावकारी बनाउँदै अगाडि बढेको छ। **नेपाली साहित्यको ऐतिहासिक रूपरेखा**मा घटराज भट्टराईले "व्यवहार बुझेका व्यवहारमा भिजेका व्यक्तिहरूका सारपूर्ण उक्ति नै उखान र टुक्का हुन्, उखानका सम्बन्धमा स्पष्ट गरेका छन्। लोकको उक्ति, लोकोक्ति भएकोले लोकको अर्थ जनसाधारण र उक्तिको अर्थ भनाइ हो। यसकारण लोकोक्ति भन्नाले साधारण जनसमुदायका अनुभव र विश्वासहरूको अभिव्यक्ति भन्ने बुझिन्छ। उखानमा भावको मार्मिकता घनीभूत रहन्छ र लघु प्रयत्नबाट विस्तृत अर्थव्यक्त गर्ने प्रवृत्ति रहन्छ। लोकअभिव्यक्तिका फाँटमा हरेक उखानले लघुकथा वा सङ्क्षिप्त उक्तिको रूप लिएको हुन्छ। उखानको सिङ्गो ढुकुटीचाहिँ लोकसाहित्यको एक विधाका रूपमा स्वीकृत छ। लोकसाहित्यका निर्माता अज्ञात हुँदाहुँदै पनि धर्तीका अनेकौँ व्यक्तिहरूको लगानी यसमा सञ्चित भएको पाइन्छ। सामूहिक भावना र सरल अभिव्यक्तिले गर्दा व्यापक जनतालाई आफूतिर खिच्ने लोकसाहित्यको यो अङ्ग सक्षम मानिन्छ। उखानको प्रभाव संसारभरीका विभिन्न भाषाहरूमा रहेको हुन्छ। लोकवार्ता विज्ञानमा उखानलाई अझै व्यापक रूपले परिभाषित गर्न खोजिएको छ। लोकअनुभवबाट

निस्किएका सहज, सरल उद्गारहरू सूत्रबद्ध भएर खारिँदै जनमानसमा भिज्न सफल बहुप्रचलित विभिन्न समुदायका व्यक्तिका अनुभवबाट निस्किएका सहज, सरल उद्गारहरू सूत्रबद्ध भएर खारिँदै जनमानसमा भिज्न सफल बहुप्रचलित विभिन्न समुदायका व्यक्तिका अनुभव, आख्यान तथा अभिव्यक्तिका सामान्यीकरण नै उखानको रूपमा प्रचलित छन् । यसरी लोकसाहित्यमा उखानको उच्च स्थान रहेको देखाउँदै उखानले कथनलाई तीव्रतर र प्रभावोत्पादक बनाउन प्रमुख भूमिका खेलेको हुन्छ भन्ने स्पष्ट हुन्छ ।

यसरी उखानहरू छोटो कथनमा आशय दिने दृष्टान्तमूलक र सूत्रात्मक अभिव्यक्ति दिने खालका हुन्छन् । मूलतः कथ्य भाषाबाट लेख्य भाषामा आउनु, खिरिलो र छरिलो हुनु, अनुप्रासमूलक गद्य अभिव्यक्तिमा सफल हुनु र चजनीजस्तै च्वास्स लोक प्रचलित छन् । उखानहरू समाजका सत्य प्रमाण भएकाले समाजमा कथ्य रूपमा खेलेका भए पनि सत्यता बोकी चीरकालसम्म जीवित रहन्छन् ।

## ३.१ **टुक्काको सैद्धान्तिक अध्ययन**

नेपाली लोकसाहित्यमा लोकोक्तिअन्तर्गत उपविधाको रूपमा 'टुक्का' पर्दछ । टुक्का लघु आकारको हुन्छ । यो विशिष्टताबर्द्धक सौन्दर्यात्मक भाषिक उपकरण हो । सूत्रात्मक कथनका रूपमा देखिने र अनुभवले खारिएका परिपक्व व्यक्तिबाट प्रस्तुत टुक्काले भाषालाई रसिलो आलङ्कारिक र राम्रो बनाउँछन् भने अभिव्यक्तिलाई प्रभावोत्पादक र मीठो तुल्याउँछन् । टुक्काको प्रयोग लाक्षणिक हुन्छ र स्वतन्त्र नभई कुनै वाक्यभित्र आउने गर्दछ । टुक्काहरू गद्यात्मक र प्रायः क्रियामुखी हुने गर्दछन् । टुक्का झर्रो नेपाली शब्द हो । नेपाली जनजिब्रोमा 'टुक्का' शब्द बढी लोकप्रिय बन्दैआएको छ । टुक्काहरू लोकजीवनका अमूल्य गहनाका रूपमा स्थापित छन् । भाषालाई सिँगारेर सौन्दर्य प्रदान आभूषणको कार्य गर्नमा टुक्काको स्थान महत्त्वपूर्ण मानिन्छ । मूलतः कथ्य भाषामा प्रचलित लक्ष्यार्थ जाहेर गर्ने वाक्यांश वा पद समूहको नाम टुक्का हो । 'टुक्का' लाई स्पष्ट पार्ने क्रममा सूर्यविक्रम ज्ञवालीद्वारा तयार पारिएको **नेपाली सङ्क्षिप्त शब्दकोश**मा "वाक्य-वाक्यांशको अन्तिम दुई स्वरको समानता/शब्दका वाच्यको अर्थ लिँदा अर्थ नखुली त्यससँग सम्बन्ध भएको वा त्यसै जातको अर्को अर्थ लिइने वाक्य वा वाक्यांश, लाक्षणिक अर्थमा प्रयोग गरिएको वाक्य वा वाक्यांश" (ज्ञवाली, २०४० : ३१४) भनी टुक्काको पारिभाषिक अर्थ स्पष्ट गरिएको छ । यसरी टुक्कालाई स्पष्ट पार्ने क्रममा बालकृष्ण पोखरेलले **राष्ट्रभाषा**मा "यदि कुनै वाक्यांश, पद

अथवा पद समूहले कुनै अर्ति-उपदेश सूक्ति अथवा परम्परागत उद्गार प्रकट नगरीकनै वाच्यार्थमा बाधा तेर्सायो र लक्ष्यार्थ जाहेर गऱ्यो भने त्यो टुक्का अथवा टुक्का कहलाउँछ" ( पोखरेल, २०४३ : १२८) भनी टुक्काको प्रयोगले भाषालाई गतिशील र मूल्यवान बनाउने कुरालाई स्पष्ट गरेका छन् । यसरी टुक्कालाई विभिन्न विद्वानहरूले परिभाषित गरेको पाइन्छ । साहित्यकार कृष्णप्रसाद पराजुलीले **राम्रो रचना मीठो नेपाली**मा टुक्कालाई भाषाको ओज र ज्यान माने हुन्छ । वाक्यमा हुने प्रयोग र अनुभवबाट आर्जित ज्ञान यिनको पृष्ठभूमिमा रहन्छ । यसकारण यिनको प्रयोगले भाषा मार्मिक, सरस र सजीव हुनुका साथै प्रवाहपूर्ण पनि हुन्छ । उखान र टुक्काले सम्पन्न नभएको भाषा कहिल्यै पनि फस्टाउन सक्दैन । यसकारण रचनामा यी दुवैको महत्त्वपूर्ण स्थान रहेको हुन्छ" (पराजुली, २०४८ : १८१) भन्दै टुक्कालाई भाषाको आत्मा मानेका छन् । यसरी नै **माध्यमिक नेपाली व्याकरण, अभिव्यक्ति र अभ्यास पुस्तक**मा कृष्णहरि बराल र नेत्र एटमले "एकभन्दा बढी निश्चित शब्दहरू सँगसँगै प्रयोग भई बनेको शब्दको समूहले आफ्नो शाब्दिक अर्थ गुमाएर विशिष्ट र रूढ अर्थ ग्रहण गऱ्यो भने त्यसलाई टुक्का भनिन्छ । टुक्कालाई वाक्यपद्धति, वाक्यांश, वाग्धारा, मुहवरा आदि पनि भनिन्छ" ( बराल+एटम, २०५७ : २०६) भनी टुक्कालाई भाषाको वाक्यखण्डमा आउने एउटा पदसमूह मानेका छन् । कृष्णप्रसाद पराजुलीले **नेपाली उखान र गाउँखाने कथा**मा "टुक्काले मूलतः लक्ष्याार्थ जाहेर गर्छ । यसमा उखानजस्तै दृष्टान्तधर्मिता आए पनि आख्यानात्मक तत्त्व नभई भाषालाई गतिशील र रोचक बनाउने विलक्षण अर्थ निहित रहन्छ । यसप्रकार जुन पदावली वा वाक्यांश एउटै श्रेणी बनी विशेष वा लाक्षणिक रूपमा प्रयुक्त भएर सारगर्भित अर्थ दिन्छन्, तिनलाई टुक्का भनिन्छ" (पराजुली, २०६१ : २४) भन्दै उखानलाई लाक्षणिक रूपमा प्रकट भएर सारगर्भित अर्थ प्रकट गर्ने शब्दको रूपमा देखाएका छन् । टुक्काको परिभाषा स्पष्ट पार्ने क्रममा मोहनराज शर्मा र खगेन्द्र लुइँटेलका अनुसार "टुक्कालाई अङ्ग्रेजीमा **'idom'** भनिन्छ । कथ्य र लेख्य रूपमा पाइने 'टुक्का' शब्दको सम्बन्ध 'टुक्रा' सँग रहेको देखिन्छ । टुक्का वाक्यमा प्रयुक्त खास भाषिक टुक्रा वा एकाइ भएकाले यी दुईका बीचमा अर्थगत निकटता रहेको पाइन्छ । संसारका अधिकांश भाषामा टुक्काको अस्तित्व रहेको छ । नेपाली भाषा र अभिव्यक्तिमा पनि टुक्काले विशेष स्थान लिएको छ । नेपाली टुक्कालाई वाक्यांश, वाक्पद्धति र वाक्धारा भनिन्छ । भाषिक अभिव्यक्तिलाई विशिष्ट र प्रभावकारी तुल्याउन यसको भूमिका महत्त्वपूर्ण रहँदैआएको छ" (शर्मा+लुइँटेल, २०६३ : ५३३) । नेपाली टुक्काको परिभाषालाई स्पष्ट पार्ने काम गरिएको छ । उनीहरूले टुक्काको परिभाषा दिने क्रममा "टुक्का

उखानझैँ लोकोक्ति होइन। टुक्का भाषाको प्रयोग विशेष हो र यो प्रयोग परम्पराबाटै रूढ भइसकेको हुन्छ। रूढ प्रयोग भएकाले टुक्काको अभिधार्य वा मुख्यार्थ बाधित हुन्छ र लक्ष्यार्थ प्रकट हुन्छ" (शर्मा+लुइँटेल, २०६३ : ५३३) भनी टुक्काको परिचयलाई स्पष्ट पार्ने काम गरेका छन्। टुक्काले सामाजिक, सांस्कृतिक, आर्थिक र मानसिक स्थितीलाई आत्मासात् गर्दछ। सारगर्भितता, भावतीक्ष्णता, सङ्क्षिप्तता, सरलता, सरसता टुक्काका विशेषता हुन्। कुनै पनि भाषामा टुक्काको प्रयोग रूढ अर्थमा हुन्छ। टुक्कामा आएका पदहरू अपरिवर्तनीय हुन्छन्। तिनमा नित्य सन्निधि **(Strict Collection)** हुन्छ। टुक्काको प्रयोग फुक्कमा हुन्न वाक्यमै हुन्छ। टुक्का उखानझैँ आफैँमा पूर्ण हुँदैन, सार्थक हुँदैन। वाक्यमा प्रयुक्त भएपछि बल्ल सार्थक हुन्छ (कपिलदेव लामिछाने : **नेपाली लोकगाथाको अध्ययन,** २०६४ : १५ सा.प्र.)। यसरी परम्परादेखि विकसित यस सृष्टिका हरेक तत्त्वसँग सम्बन्ध राख्ने टुक्काले नेपाली लोकसाहित्यमा विशेष महत्त्व राख्दछ। टुक्काले भाषालाई विलक्षण चमत्कारपूर्ण अर्थप्रदान गर्नुका साथै भाषालाई रोचक बनाउन महत्त्वपूर्ण भूमिका खेलेका हुन्छन्। यस्ता टुक्काको प्रयोग कथ्य लेख्य भाषामा हुँदैआएको छ। टुक्काको प्रयोग स्वतन्त्र वाक्यांश नभई वाक्यमा प्रयोग भएपछि भाषालाई गतिशील र ओजनदार बनाउनका निम्ति हुन्छ। लोकजीवनबाट वर्षौँदेखि खारिएर आएका हुनाले टुक्का समाजका सही कथा-व्यथासँग परिचित हुन्छन्। परम्परागत रूपमा लाक्षणिक रूढ अर्थ बहन गर्दै आएका प्रत्येक शब्द र क्रियाका स्वतन्त्र अर्थका आधारमा टुक्काको विशिष्ट अर्थ स्पष्ट हुन सक्तैन। टुक्काहरू पदगत र वाक्यांशगत भएर पनि वाक्यभन्दा साना हुन्छन्। यसरी टुक्काको प्रयोग उखानको जस्तो जति फुक्का रूपले गर्न सकिँदैन। टुक्काको सार्थकता त एकै वाक्यमा गाँसिएको प्रयोगमा हुन्छ र प्रयोगद्वारा नै यसको अर्थबोध पनि गर्न सकिन्छ। टुक्काले लाक्षणिक वा विशेष अर्थ दिन्छ र यसमा भावतीक्ष्णता र सङ्क्षिप्तता बेसी हुने गर्दछ। टुक्काले वाक्य संरचनालाई ओजपूर्ण र अर्थलाई गहन र गम्भीर बनाएको हुन्छ। टुक्काको प्रयोगविना वाक्य निरसिलो र निरर्थक बन्दछ। टुक्काको प्रयोग एक्लै रहन्छ र अपूर्ण नै रहन्छ। टुक्कालाई तुक्का पनि भनिन्छ। यसका पर्यायवाची शब्दका रूपमा वाक्पद्धति, वाग्धारा, वाग्रीति, वाक्यांश, पदावली, पदसमूह, मुहावराजस्ता शब्दहरू प्रचलित छन्।

यसप्रकार विभिन्न विद्वान् जनसमूहको विचारलाई आधार मानेर टुक्काको अध्ययन गर्दा टुक्काहरूको आविस्कार र निर्माण अशिक्षित निरक्षर तथा अनुभवी व्यक्तिहरूबाट भएको मान्न सकिन्छ। टुक्काहरू पुराना लोकसम्पत्ति हुन्। लोकप्रसिद्ध उक्ति लोकोक्ति उखान हो,

जो वाक्यमा प्रयोग नभए पनि स्पष्ट चिनिन्छन् र स्वतः पूर्ण छन् भन्ने टुक्का लोकप्रसिद्ध भए पनि, विशेष अर्थ लाग्ने भए पनि वाक्यमा प्रयोग गरिनुपर्छ अनि मात्र ती पूर्ण र स्पष्ट हुन्छन् । उखान आफैँमा पूर्ण पुरानो घटना वा कथाको सम्झाउनीका रूपमा रहेको एक महत्त्वपूर्ण शिक्षाप्रद उद्‌गार वा अंश हो । टुक्का कुनै पदसमूह, वाक्यांश हो, जो वाच्यार्थ प्रधान नभएर विशेष अर्थ लाक्षणिक अर्थमा रूढ भएको हुन्छ, जसलाई वाक्यमा प्रयोग गर्नु नितान्त आवश्यक छ। साधारण अर्थलाई वाक्यमा प्रयोग गर्नु नितान्त आवश्यक छ। साधारण अर्थलाई छोडेर नयाँ अर्थमा आई सारगर्भित वा विशेष अर्थमा प्रयोग हुने वाक्यांशलाई टुक्का भनिएको पाइन्छ। भाषागत अभिव्यक्तिलाई मीठो बनाउँदै कलात्मक प्रस्तुति भर्ने भाषिक सौन्दर्यलाई टुक्का भन्न सकिन्छ ।

परिच्छेद– ४

# कथाकार गुरुप्रसाद मैनालीको "नासो" कथासङ्ग्रहमा प्रयुक्त उखान र टुक्काको सङ्कलन

## ४.१ उखान र टुक्काको परिचय

लोक व्यवहारमा खारिएका अनुभवका सार बनेर उखान र टुक्का देखापरेका हुन्छन् । यस्ता अनुभवका सार जम्मा गरी सामाजिक यथार्थवादी कथाकार गुरुप्रसाद मैनाली वि.सं. १९९२ सालमा *नासो* कथा प्रकाशित गराएर औपचारिक कथायात्रा प्रारम्भ गरे । गुरुप्रसाद मैनाली कथासाहित्यमा सर्वप्रथम आधुनिकताको प्रवेश गराउने कथाकारमध्ये एक हुन् । उनको *नासो* कथा प्रकाशित भएपछि नै जासूसी, तीलस्मी तथा काल्पनिक परिवेशका कथा लेख्ने माध्यमिककालीन कथाप्रवृत्तिको अन्त्य भई यथार्थ धरातलमा बसी सामाजिक यथार्थवादी कथा लेख्ने आधुनिक प्रवृत्तिको थालनी भएको हो । एउटा पात्र कथासङ्ग्रह प्रकाशित गरेर पनि प्रसिद्धिको शिखरमा पुग्न सफल मैनालीका कथाहरूमा नेपाली ग्रामीण समाजको यथार्थ र सजीव चित्र प्राप्त गर्न सकिन्छ । जीवनको अधिकांश भाग न्यायिक सेवामा बिताउँदा नेपालका विभिन्न ग्रामीण समाजका रहनसहन रीतिरिवाजका साथै त्यहाँभित्र रहेका बहुविवाह, बालविवाह, अनमेल विवाहजस्ता वैवाहिक समस्या, अंशबण्डाको समस्या, आर्थिक समस्या, दाम्पत्य कलह, छरछिमेकमा हुने वैमनस्यता तथा रूढीवादी र अन्धविश्वासी प्रवृत्तिजस्ता प्रमुख समस्याको यथार्थ र हृदयस्पर्शी वर्णन उखान र टुक्का मिसिएको सरल र बोलचालको भाषामा रहेको पाइन्छ । यसरी बहुसङ्ख्यक जनताको बोलचाल र जीवनपद्धति नै उखान र टुक्काको मूल स्रोत हो । यसरी साहित्य सृजनाका विभिन्न विधामध्येको प्रमुख विधा 'लोकसाहित्य' अन्तर्गत पर्ने उखान र टुक्कालाई मैनालीले **नासो** कथासङ्ग्रहभित्रका एघारओटा कथामा प्रसङ्गानुसार प्रयोग गरी कथालाई यथार्थनिष्ट सामाजिक रङ्ग भरेका छन् । आदर्शोन्मुख सामाजिक यथार्थवादी कथाकार गुरुप्रसाद मैनालीले समाज सुहाउँदो जनजिब्रोको बोलीमा उखान र टुक्का समावेश गराई समाज आफैँ बोलिरहेको भान गराउन सफलता प्राप्त

गरेका छन् । गुरुप्रसाद मैनालीका कथाहरूमा प्रयोग गरिएका उखान र टुक्काहरू निम्नानुसार छन् :

## ४.२ गुरुप्रसाद मैनालीका कथामा प्रयुक्त उखानहरू निम्न छन् :

**नासो**

- सन्तान विना स्वर्गको बाटो छेकिन्छ ।
- सौता भनेको मुटुको बह हो ।
- सोझो बाङ्गिन केहीबेर लाग्दैन ।
- परमेश्वर हाँस्नेलाई रुवाउँछन्, रुनेलाई हँसाउँछन् ।
- मानिसको पाण्डित्य अरूलाई उपदेश दिन काम लाग्छ न कि आफूलाई परिआउँदा ।
- जसलाई परमेश्वरले ठगेको छ, उसलाई मानिस पनि हेँला गर्छन् ।
- रानुको पछाडि माहुरी ।
- टेक्ने समाउने केही नभएकी अनाथ ।
- सौताको रिसले पोइको नाक काट्नु ।
- आफैँले चिनेको चौतारो आफैँ भत्काउनु ।

**छिमेकी**

- निर्धाको हात छिटो चल्छ ।
- बैगुनीलाई गुनले मार्नु ।
- जिउँदाको जन्ती मर्दाको मलामी ।
- अमृत रोपेको ठाउँमा विष फल्दैन ।
- माटाको भर ढुङ्गो ढुङ्गोको भर माटो ।
- एउटै सिरान गरेर कहिलेकाहिं गोडा लाग्छ ।

**प्रायश्चित**

- अन्न नहुने दरिद्रलाई ज्यादा भोक लाग्छ ।

- स्त्री शिक्षित भए घर स्वर्ग हुन्छ ।
- आइमाईको रूपै शत्रु रूपै मित्रु
- दुई चारवर्षको सुखसयल बादलको छायाँ ।

**पापको परिणाम**

- मूर्खसँग जुक्तिले लड्नु ।
- नखाएको विष लाग्दैन ।
- अर्घेलो नगर्नेले अन्याय सहँदैन ।
- मानिस एकथोक चिताउँछ, भाग्यले अर्कै गर्छ ।
- दूधको दूध पानीको पानी हुनु ।
- निर्धो मर्दा बलवानको विजय हुन्छ ।
- राजा लागेको र खोला लागेको ठाउँमा बस्नु हुँदैन ।
- जता गए पनि अभागी पुर्पुरो सँगै ।
- दुःखीको जीवन जहाँ गए पनि दुःखमय नै हुन्छ ।

**बिदा**

- छोरीको कर्म हारेको कर्म ।
- गएको जोवन बहेको पानी फर्केर आउँदैन ।
- स्वर्गकी देवी बाटो बिराएर पृथ्वीमा आउँछन् ।
- बाजा बजाएर ल्याएकी स्वास्नी घरकी रानी ।

**परालको आगो**

- कङ्गाली मोराकी जोई हुनुभन्दा डुबेर मर्नु जाती ।
- कोदाली खन्नका गाराले जोगी हुनु ।
- अर्काले भनोस् नभनोस् आफैं नमोनारायण ।
- माल पाउनु तर चाल नपाउनु ।
- बाहुनले च्याउ खायो न स्वाद पायो ।
- लोग्ने-स्वास्नीको झगडा परालको आगो ।

**अभागी**

- सास छउन्जेल आस ।
- कर्मले नदिएपछि बल गरेर हुँदैन ।
- नदुःखेको कपाल डोरी लाएर दुःखाउनु ।
- हुने बिरुवाको चिल्लो पात नहुने बिरुवाको फुस्रोपात ।

**सहिद**

- ब्याजको स्याज स्याजको पनि प्याज ।
- जुन जाति मर्न जान्दछ बाँच्न पनि त्यसैले जानेको हुन्छ ।

**कर्तव्य**

- कुलको जेठो सन्तान पिण्ड पानीको दाता
- ओठ निचोर्दा दूध झर्ने अल्लारे ।
- नबोलाइकन त कुकुर पनि नजाओस् ।

**प्रत्यागमन**

- टुहुराको दिन फिरेर आउँछ ।
- गरिबका घरमा धनीकी छोरी बुहारी ।

## ४.३ निष्कर्ष

गुरुप्रसाद मैनालीले नेपाली समाजको मार्मिक वा करुणपक्षलाई आफ्ना कथाको मुख्य विषय बनाएका हुनाले तिनै पक्षलाई उजागर गर्ने गरी नेपाली उखानको प्रयोग गरेका छन् । उनका उखानले हाम्रो समाजमा देखापरेका अन्ध रूढीवादी चिन्तन, आर्थिक शोषण, गरिबीको मार आदिलाई स्पष्ट पार्ने काम गरेका छन् । *बैगुनीलाई गुनले मार्नु*जस्ता उपदेशात्मक उखान समेत मैनालीका कथामा प्राप्त छन् । उखानमार्फत् आर्थिक सम्पन्नता र विपन्नताकाबीच बढ्दो दुरीलाई स्पष्ट पार्न खोजिएको छ । सामाजिक कट्टरताको बन्धनमा बाँधिएको मानवले स्वतन्त्र जीवन जिउन खोज्दा भोग्नु पर्ने दुःख-कष्टलाई *जसलाई परमेश्वरले ठगेको छ उसलाई मानिस पनि हेलाँ गर्छन्* र *आइमाईको रूपै शत्रु रूपै मित्रु* भन्ने उखानले स्पष्ट गरेका छन् । नैतिक बलका कारण मानिसले समाजमा विजय हासिल गर्न सक्छ भन्दै *कुलको*

*जेठो सन्तान पिण्ड पानीको दाता* उखानमार्फत् कुलको जेठो सन्तानको कुल तार्ने नैतिक कर्तव्यलाई स्पष्ट पारेको छ । यसरी मैनालीका उखानले नेपाली समाजमा प्राप्त मृत्यु, झगडा, मनोमालिन्य, आत्महत्या, अव्यवस्था, ईर्ष्या, रोग, भोक, अशिक्षा, गरिबी, विवशता, कुण्ठा, नैराश्य, चोरी, चिन्ता, पश्चात्ताप, वैरभाव, घृणा आदि नेपाली समाजका अङ्गप्रत्याङ्गमा व्याप्त चित्रलाई स्पष्ट पार्ने काम गरेका छन् । गुरुप्रसाद मैनालीले हाम्रो समाजमा रहेका विभिन्न विषयवस्तुसँग सम्बन्धित उखानहरूलाई आफ्ना कथामा प्रयोग गरी कथालाई मिठासपूर्ण रसिलो बनाउन सफल भएका छन् । नेपाली जनजिब्रोबाट उच्चरित हुँदै आएका र नेपाली कथाव्यथाको मार्मिक भाव यथार्थ रूपले झल्काउँदै आएका उखानहरूलाई कथामा मैनालीले सान्दर्भिक रूपमा प्रयोग गरेका छन् । यसरी गुरुप्रसाद मैनाली आफ्ना कथामा उखानको प्रयोगमा सफल देखिएका छन् ।

### ४.४ गुरुप्रसाद मैनालीका कथामा प्रयुक्त टुक्काहरू निम्न छन् -

**नासो**

| | |
|---|---|
| चञ्चला श्री हुनु | चौतारो चिन्नु |
| कोख सफल हुनु | ठोका बाजी पर्नु |
| पानी हुनु | भाकल गर्नु |
| दैवले नसुन्नु | मनको कुरा जान्नु |
| मुटु छेड्नु | ढुङ्गो पन्छिनु |
| स्वर्गकी देवी हुनु | मधुरो बत्तीको धमिलो प्रकाश |
| मोल नलिनु | दुःख पोख्ने भाँडो हुनु |
| बुहार्तन सहनु | टुप्पी समाउनु |
| टेक्ने समाउने केही नहुनु | हात काखमा सास जानु |
| सन्तानका जरामा मल पर्नु | परत्र सप्रनु |
| बलेको आगो ताप्नु | मतलवी संसार हुनु |
| आँसु पुछिनु | छेड हान्नु |
| टर्रो हुनु | हृदय कुसुम ओइलाउनु |

| | |
|---|---|
| तारागण रुनु | आशामा झुण्ड्याउनु |
| विलीन हुनु | तील राख्ने ठाउँ नहुनु |
| गहभरि आँसु पार्नु | गुजारा गर्नु |
| ठम्याउनु | हण्डी बक्सनु |
| हृदय काटिनु | चित्त दुखाउनु |
| दौलत जोर्नु | चिचिलो |
| हृदय छियाछिया हुनु | जहाज डुब्नु |
| जीवनको शेष घडी गन्नु | विपत्तिको बादलले घेर्नु |
| एकमुठी सास राख्नु | हृदयको मैलो साफ हुनु |
| कर्तव्य बिर्सनु | निभ्ने बेलाको बत्ती हुनु |
| नासो सुम्पनु | संसार छोड्नु |
| टर्रो आनन्द | |

**छिमेकी**

| | |
|---|---|
| गफ चुट्नु | तमासा हेर्नु |
| आगो हुनु | रिसको सीमा नरहनु |
| अर्मल लिनु | पाखुरा सुर्कनु |
| धाक लगाउनु | कन्सिरी तात्नु |
| मुख छोड्नु | चढ्दो उमेरका हुनु |
| बलको तुजुक | आइलाग्नु |
| छिँडीमा जाक्नु | तर्केर हिँड्नु |
| गोर्खेलौरी कस्नु | आँठे पर्नु |
| भुङ्ग्रे जोरो आउनु | सोतर हुनु |
| हाँसोमा उडाउनु | जान्ने बसाउनु |
| इन्तु न चिन्तु हुनु | टट्टिएर मर्नु |
| दैव लाग्नु | मुढो लडेझैँ लड्नु |
| अन्न न पानी भएर लड्नु | टठ लाग्नु |

| | |
|---|---|
| धर्म छाड्नु | भताभुङ्ग हुनु |

**प्रायश्चित**

| | |
|---|---|
| ढुङ्गाको मन हुनु | सौभाग्य पन्छिनु |
| विरही तान अलाप्नु | माटाको पुतली हुनु |
| तृप्त हुनु | परमेश्वरका दिव्य चक्षुलाई ढाक्नु |
| आँखा तिरीमिरी हुनु | संसारदेखि बिदा हुनु |
| राँडो हुनु | खडा हुनु |
| प्रकाश हुनु | काम पुग्नु |
| पोइ टोक्नु | कपालमा टेकाउनु |
| नाकमा कालो लाउनु | घरमा बास नहुनु |
| पुर्पुरो डढ्नु | ताप हुनु |
| छाँगाबाट खसेजस्ती हुनु | फूलभ्कडी खेल्नु |
| पथभ्रष्ट हुनु | सर्वस्व डढ्नु |
| पतीत हुनु | सतीका कुलकमा कालो टिका लगाउनु |
| कालो मुख हुनु | बगरकमा फिँजाएका ढुङ्गाभ्कैँ देखिनु |
| लाजले पानी हुनु | हृदयमा ठेस लाग्नु |

ज्यापुका आलुबारीकमा उभ्याउने जस्ता हुनु

**पापको परिणाम**

| | |
|---|---|
| फुक्का हुनु | हात छोड्नु |
| बाँझो हुनु | कण्डापछाडिका स्याल हुनु |
| आँखा गाड्नु | देश काट्नु |
| आवाद गर्नु | ओत लाग्नु |
| दुर्वासा हुनु | मुट्ठीका माखा हुनु |
| सोतर पर्नु | छाँगाबाट खस्नु |
| अक्षर चल्नु | रगत उम्लनु |
| नाङ्गो हुनु | पेटमा धर्म नहुनु |

| | |
|---|---|
| निमुखो हुनु | चिहिलबिहिल हुनु |
| उर्दी लाउनु | राजा उदाउनु |
| मर्यादा छोड्नु | खोलुवा दिनु |
| पिँढी साँढे हुनु | चोर बिरालो बन्नु |
| जार रच्नु | धर्मको हत्या गर्नु |
| गाई मर्नु | दु:खका ज्वालाले जल्नु |
| वेदनाको नदी बग्नु | दयाको भिक्षा माग्नु |
| विलिन हुनु | आँसुले पोल्नु |
| भोग सिद्धिनु | गाँस न बास भएर मर्नु |
| झ्नेलखानामा पर्नु | सराप लाग्नु |
| तल्लीन हुनु | याचना गर्नु |
| पानीको गाग्रो घाप्टिनु | दैवले चुँडेर लानु |
| प्रलाप गर्नु | गोडा भुइँमा गाडिनु |
| आँखा तिरमिर हुनु | शरीर शून्य हुनु |
| ठाडै निल्नु | साह्रकाँचो बन्नु |
| पशुपतिको राज्य हुनु | चिचि-भुँडी पाल्नु |
| सुईंकुच्चा ठोक्नु | औँलाले खुइलिएको कपालझैँ बन्नु |
| गाई मर्नु | |

**बिदा**

| | |
|---|---|
| नाकनिक गर्नु | भुटीभाङ नहुनु |
| ठाकठुक हुनु | गह्रौँ जिउ हुनु |
| तृषित नेत्रले हेर्नु | सास बढ्नु |
| लट्टिपट्टी हुनु | विस्तुर नजानु |
| गिल्ला गर्नु | काल पर्खिनु |
| निर्मल हुनु | मुटु चुँड्नु |
| छातीका पूर्जा जल्नु | होस उड्नु |

| | |
|---|---|
| बाटो बिराउनु | बाटो हेर्नु |
| नियास्रो लाग्नु | गोडामुनिको भै भासिएझैँ लाग्नु |
| अपेक्षा गर्नु | खै गर्नु |
| विश्राम लिनु | मुखाग्र हुनु |
| गङ्गाजलको हृदय हुनु | कालो बादलले नपाएको दुःख पाउनु |
| बतासले हल्लाएको रूख ढलेझैँ हुनु | |
| आफ्नो वेदनाको आँसु आफैँ पिउनु | |

**परालको आगो**

| | |
|---|---|
| निहुँ खोज्नु | आँखा झिम्काउनु |
| मुख छाड्नु | धाक लगाउनु |
| कङ्कलाशब्द गर्नु | तमासा हेर्नु |
| पाडो छोड्नु | बाँझो हुनु |
| छेरौटीले लानु | बिठ्याइँ झिक्नु |
| स्वाहा हुनु | माइततिर गाड्नु |
| छुराजस्तो मुख हुनु | वचन पर्खाउनु |
| टेक गर्नु | चोखो-नीति गर्नु |
| राम्रो मुखले बोल्नु | एक हाते पार्नु |
| खरानी घसेर हिँड्नु | दस घरका कुकुर भुकाउनु |
| खलामा चाहार्नु | मुखाले हुनु |
| फत्फताउनु | मुर्मुरिनु |
| सारङ्गीजस्तो पेट हुनु | तृप्त हुनु |
| गदगद हुनु | दङ्ग पर्नु |
| सुमर्नु | ठाडोकान लगाउनु |
| जुठोचुल्हो गर्नु | खेती कमाई गर्नु |
| पोल्टो थाप्नु | पाउ पुज्नु |
| ओठ लेप्र्याउनु | कटाक्ष पार्नु |

| | |
|---|---|
| चाटाचाट गर्नु | परालको आगो |

**अभागी**

| | |
|---|---|
| निठुरी हुनु | भाकल गर्नु |
| ओखतीले छुनु | व्यथाले चाप्नु |
| कानका लोती फर्कनु | नाडी हराउनु |
| प्राण पखेरु उड्नु | खारानी हुनु |
| थाप्लामा अभिभारा पर्नु | सुसुल्को लागनु |
| विरक्त हुनु | झर्को लाग्नु |
| मन थाम्नु | कर लाउनु |
| गोता पाउनु | जरोकिलो बाँध्नु |
| अफसोच गर्नु | मुख लुकाउनु |
| अन्तर्यामी हुनु | दिक्क हुनु |
| नाक मुख नदेख्नु | तारैतार पिट्नु |
| उपद्रो गर्नु | दया छाड्नु |
| आँखा झिम्काउन नहुनु | अकालमा मर्नु |
| घर गर्नु | बदमासको घण्ट हुनु |
| स्वाङ पार्नु | चेप्प्याइँ पार्नु |
| आत्माको सराप लाग्नु | झुम्रो लाउन नपाउनु |
| निश्वास झिक्नु | |

**सहिद**

| | |
|---|---|
| शान्ति भङ्ग गर्नु | अट्टाहास |
| खेत निखन्नु | झझल्को आउनु |
| पसिना बगाउनु | धन छिनाउनु |
| पसिना खानु | दमै टिप्नु |
| गस्ती लगाउनु | सातो लिनु |
| बानी छुट्नु | तन काट्नु |

| | |
|---|---|
| छातीमा भक्कानो पार्नु | भर्सेला पर्नु |
| हाँसोमा उडाउनु | परलोक हुनु |
| दैवले चुँडेर लानु | नेपाल आमा |
| आज्ञा काट्नु | हताहत हुनु |
| हिम्मत टुट्नु | मुटु हल्लनु |
| मृत्युसँग खेलवाड गर्नु | शरीरका पूर्जा चुँडिनु |
| फिक्री नहुनु | विचारको ज्वारभाटा चल्नु |
| कुकुर बिरालाका मृत्युझैँ हुनु | एक तमासाले हेर्नु |
| जाडोले तरुण रूपधारण गर्नु | |

**कर्तव्य**

| | |
|---|---|
| चुल्होमा आगो नबल्नु | दसैँ तिहार अड्कनु |
| सताउने | कोहोलो हाल्नु |
| दुःखी दरिद्रीका बाबु हुनु | काना खोरण्डाका टेक्ने लट्ठी |
| आशा स्तम्भ ढल्नु | डाँको छोडेर रुनु |
| श्रद्धा गर्नु | धाक हुनु |
| होची अर्घेली गर्नु | जोर नचल्नु |
| टुङ्गो लाग्नु | छेड हान्नु |
| लाखापाखा लाग्नु | ढ्वाङ फुक्नु |
| शरीर सुक्नु | असमन्जसमा पर्नु |
| मन फुकाउनु | डम्माडम्मी हुनु |
| आकाशपट्टि हेर्नु | अल्लारे बुद्धि |
| लम्पसार पर्नु | आँखा नचिम्लनु |
| अँगालो हाल्नु | वरियात जानु |
| ओठ निचोर्दा दूध झर्ने बन्नु | स्वर्गका पितृले देख्नु |
| टन्टलापुर हुनु | मुखा मुखा गर्नु |
| विवाहमा पाल्नु | चिरञ्जिवी हुनु |

| | |
|---|---|
| कानेखुसी गर्नु | खेत कमाउनु |
| दम बढ्नु | कोलाहल मच्चिनु |
| छातीमा भक्कानो पार्नु | हरेस खानु |
| अनिष्ट हुनु | देशतिर लाग्नु |
| न्यायको बत्ती निभ्नु | धन्वन्तरी अस्ताउनु |
| संसार छाड्नु | |

**प्रत्यागमन**

| | |
|---|---|
| दुर्दशा हुनु | निमग्न हुनु |
| आरोग्य हुनु | जीउ फेरिनु |
| अकालमा मर्नु | उम्लिएर हिँड्नु |
| फाँको हाल्नु | अनिष्ट गर्नु |
| ओइलाएका फूल हुनु | दिन फिर्नु |
| नफर्कने बाटो लाग्नु | दरिद्र घर हुनु |
| छाती चर्कनु | तर लाग्न गाह्रो हुनु |
| सिन्काजस्ता हात गोडा हुनु | टड्कारै देखिनु |
| उल्का वर्षनु | असरल्ल हुनु |
| भुइँमा गोडा नहुनु | सर्जाम जोर्नु |
| दरिद्र दानव घरबाट बिदा हुनु | ठुस्सिनु |
| ठाँटिनु | पिल्सिनु |
| तालिमी हुनु | बर्कत सहनु |
| तीलराख्ने ठाउँ नहुनु | सोमत नहुनु |
| आफ्ना रापले आफैँ पिल्सनु | सिन्कासम्म नराख्नु |
| चटक्क बिर्सनु | एकसरो बर्को ओड्नु |
| तर्खर गर्नु | सिहार्नु |

**चिताको ज्वाला**

| | |
|---|---|
| नाक खुम्च्याउनु | छिचरो हुनु |

शैशवकाल हुनु
सपनामा देखिनु
पैरनु
औँल्याउनु
रतिभर अधिकार नहुनु
चरित्रहीन हुनु
सौभाग्यरात्री हुनु
मुखाकृति बिग्रनु
कम्पित स्वर
जीवनको अन्तिम दिन हुनु
मुटुमा बिझ्नु
फरेव थाप्नु
ढुटीमाटी पार्नु
राक्षसका हातमा सुम्पनु
मूल्य नजान्नु
फुरुक्क पर्नु
मन झसङ्ग हुनु
मृत्युको याचना गर्नु
मृत्युशैयामा पर्नु
काँडा टकटकाएजस्ती हुनु
जाने बेला हुनु
चित्त ठेगानमा नहुनु
मन छाम्नु
नदेखिने ठाउँमा चिमोट्नु
प्रेमजल प्रवाहित हुनु
सर्वस्व अर्पण गर्नु

वासनाको लेश नहुनु
थम्मरथुम्मर जीउ हुनु
खेद लाग्नु
उत्ताउली हुनु
अभिलाशा कुल्चेर फाल्नु
एकमाना खान पुग्नु
विरक्त भावना
बाहिर सार्ने बेला हुनु
जीवन डुबाउनु
अन्यमनस्क भाव देखाउनु
तोप चल्ने बेला हुनु
नील पर्नु
जारी मुद्दा पर्नु
दान दिएकी गाईझैँ हुनु
अर्न्तध्यान हुनु
मन उड्नु
अनिष्ट हुनु
अवला हुनु
बिच्छीले चिलेजस्तो हुनु
कान्ति फुङ्ग उड्नु
एक्लै रुमल्लिनु
जीवनको शेष दिन गन्नु
चोसो पसार्नु
रित्तो हुनु
प्रेमको साम्राज्य हुनु

### ४.५ निष्कर्ष

लोकसाहित्यलाई लिखित साहित्यको पृष्ठभूमिका रूपमा लिइन्छ । लोकसाहित्यलाई कुनै निश्चित सिद्धान्तको घेराभित्र राख्न सकिँदैन । यसरी कुनै कृत्रिमताको जरुरी नपर्ने स्वतन्त्र रूपले विकसित, आफैँमा श्रृजित लोकमा वासना छर्ने आकर्षक फूलका रूपमा नेपाली टुक्काहरू फक्रँदै र फुल्दै आएका छन् । यस्ता किसिमले नेपाली लोकसाहित्यका वैभव बनेका र परम्परादेखि विकसित हुँदै आएका नेपाली टुक्काहरूलाई कथाकार गुरुप्रसाद मैनालीले आफ्ना कथामा प्रशस्त मात्रामा प्रयोग गरेका छन् । टुक्काविना साहित्यको कुनै पनि विधा सफल हुन सक्दैन । आफ्नो कथा-साहित्यलाई सफल बनाउन मैनालीले विभिन्न विषयवस्तुसँग सम्बन्ध राख्ने फरक-फरक टुक्काहरूको प्रयोग कथामा गरेका छन् । यिनले नेपाली समाजको गरिबी, रोग, भोक, अशिक्षा, रूढीवादी परम्परा, अन्धविश्वास, राजनीति तथा अनेकौँ विकृति, विसङ्गति आदिलाई छुने गरी टुक्काको प्रयोग गरेका छन् । *मुटु छेड्नु, टुप्पी समाउनु फुक्का हुनु, ओत लाग्नु, बाटो हेर्नु, स्वाहा हुनु, पाउ पुज्नु, टुङ्गो लाग्नु, अकालमा मर्नु*जस्ता विभिन्न अर्थगत प्रसङ्गलाई स्पष्ट पार्ने टुक्काहरूलाई मैनालीले सफल रूपमा आफ्ना कथामा प्रयोग गरेका छन् । विभिन्न किसिमका टुक्काहरूको सफल प्रयोग गरी 'टुक्का' नेपाली लोकसाहित्यको अभिन्न अङ्ग हो भन्ने प्रमाणित गरिदिएका छन् ।

परिच्छेद– ५

# नासो कथामा प्रयुक्त उखान र टुक्काहरूको वर्गीकरण

## ५.१ उखान र टुक्काहरूको परिचय

लोकका सुख-दुःख, हाँसो-आँसु र जीवन यात्राका क्षणमा तीता-मीठा सत्यको अनुभव बटुलेर उखानको जन्म भएको हुन्छ। उखानलाई अङ्ग्रेजीमा **Proverb** भनिन्छ। उखानलाई 'आहान' पनि भनिन्छ। त्यस्तै किसिमले एकभन्दा बढी निश्चित शब्दहरू सँगसँगै प्रयोग भई बनेको शब्दको समूहले आफ्नो शाब्दिक अर्थ गुमाएर विशिष्ट र रूढ अर्थ ग्रहण गऱ्यो भने त्यसलाई 'टुक्का' भनिन्छ। टुक्कालाई अङ्ग्रेजीमा **Idom** भनिन्छ। टुक्कालाई वाक्पद्धति, वाक्यांश, वाग्धारा, मुहाबरा आदि पनि भनिन्छ। टुक्का विशेष गरी वाक्यमा प्रयुक्त भाषिक टुक्रा भएकाले 'टुक्का' र टुक्काको अर्थगत निकटता पाइन्छ। नेपाली 'उखान' र 'टुक्का' लाई प्रयोगका दृष्टिले फरक भाषिक संरचनाका रूपमा हेरिने भएकाले फरक-फरक आधारमा नै वर्गीकरण गरिनुपर्ने हुन्छ। उखान र टुक्काको वर्गीकरणका सम्बन्धमा विभिन्न विद्वानहरूले फरक ढङ्गबाट विश्लेषण गरेका छन्। उखान र टुक्का बेग्लाबेग्लै हुन् र तिनीहरूको बेग्लाबेग्लै तरिकाले वर्गीकरण गर्नुपर्ने स्पष्ट गर्दै पुष्करशमशेरले **नेपाली उखान र टुक्काको वर्णानुक्रमानुसार सूची र वाक्यांश पद्धति इत्यादिको कोष** भूमिका खण्डमा "यिनीहरूमा भेद छुट्याउनलाई मैले एउटा नियम कायम गरेको छु : दुई टुक्रा पऱ्यो भने, एउटा काम हुँदा अर्को काम भयो भने– उखान, एक टुक्रा मात्र छ भने, अर्थात् संलग्न एउटै काम दर्साउँछ भने– वाक्यांश" (राणा, १९९८ : ६) भनी उखान र टुक्काको अन्तरबारे स्पष्ट गरेका छन्। यसरी उखान र टुक्काको भेद देखाउँदै वर्गीकरणमा भिन्नता हुनुपर्नेमा कृष्णहरि बराल र नेत्र एटम पनि देखा परेका छन्। **माध्यमिक नेपाली व्याकरण अभिव्यक्ति र अभ्यास** पुस्तकमा उनीहरूले "परम्परादेखि चलिआएका वाक्यका स्तरमा प्रयोग हुने सूत्रात्मक कथनलाई उखान भनिन्छ र एकभन्दा बढी निश्चित शब्दहरू सँगसँगै प्रयोग भई बनेको शब्दको समूहले आफ्नो शाब्दिक अर्थ गुमाएर विशिष्ट र रुढ अर्थ ग्रहण गऱ्यो भने त्यसलाई

**idom** भनिन्छ" (बराल+एटम, २०५७ : २०६-२२०) भन्दै आफ्नो धारणा स्पष्ट गरेका छन् । उखान र टुक्का एकै साथ मिलाएर नभई बेग्लाबेग्लै प्रयोग गर्ने चलन छ भन्ने स्पष्ट गर्दै **नेपाली उखान र गाउँखाने कथा**मा कृष्णप्रसाद पराजुलीले "झट्ट हेर्दा दुवैमा लक्ष्यार्थप्रधान सङ्केत तिव्रता पाइने हुनाले पनि उखान र टुक्कामा समानधर्मिता आउन खोजेको हो । प्रयोगको मर्मस्थल पहिल्याएर यिनमा संरचनागत र अर्थगत वैशिष्ट्यलाई विश्लेषणका आँखाले नियाल्दै जाँदा यी दुईका बीच टड्कारो भेद देखापर्छ" (पराजुली, २०६१ : २३) भन्दै उखान र टुक्काको बेग्लाबेग्लै वर्गीकरणमा जोड दिएका छन् । विद्वान् मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइँटेल शर्माका अनुसार "नेपाली उखान र टुक्कालाई सँगै प्रयोग गर्ने चलन पाइन्छ । उखान र टुक्का एउटै नभएर बेग्लाबेग्लै भाषिक संरचना भएकोले यिनलाई सँगै प्रयोग गर्नु उचित होइन । उखान र टुक्कामा मौलिक भिन्नताहरू छन् (शर्मा+लुइँटेल, २०६३ : ५३५) । लोकविज्ञान र लोकसाहित्यमा उखान र टुक्का बेग्लाबेग्लै भाषिक संरचना भएको स्पष्ट गरेका छन् । यसरी उखान र टुक्का वस्तुतः भाषिक व्यवहारमा भिन्न प्रयोजनका लागि व्यवहृत हुन्छन् । यसरी विभिन्न विद्वान्हरूले उखान र टुक्कालाई फरक ढङ्गका हुन् भनी बताएकाले पनि उखानको र टुक्काको वर्गीकरण फरक-फरक आधारमा गर्नुपर्ने हुन्छ । यस शोधकार्यको प्रयोजनअनुसार गुरुप्रसाद मैनालीको **नासो** कथासंग्रहभित्र प्रयोग हुन आएका उखान र टुक्कालाई फरक रूपमा विभिन्न विषयवस्तुलाई आधार मानी वर्गीकरण गरिएको छ । सोही आधारमा सङ्कलित उखान र टुक्काको वर्गीकरण निम्नानुसार छ :

### ५.२ गुरुप्रसाद मैनालीका कथामा प्रयुक्त उखानको वर्गीकरण

उखानद्वारा कुनै पनि भाषिक समुदायका जाति र जीवनको रीतिस्थिति र रहनसहनको विश्वास र धारणाको अनि अन्य विभिन्न पक्षको अध्ययनका निम्ति प्रशस्त सामग्री प्राप्त हुन्छ । उखानको प्रयोग हरेक समाजका भाषिक व्यवहारमा व्यापकरूपले हुने भएकाले कुनै पनि भाषाको संरचनात्मक तथा तुलनात्मक अध्ययन गर्न पनि यसले निकै सघाउ पुऱ्याउँछ । यसैले भाषामा पाइने उखानलाई विभाजित रूपमा हेर्नु र तिनको विश्लेषण/वर्गीकरण गर्नु अपेक्षित हुन्छ । उखानको वर्गीकरणका सम्बन्धमा **लोकसाहित्य सिद्धान्त र विश्लेषण**मा शम्भुप्रसाद कोइरालाले "परिणामतः आधारभूत जीवनपद्धतिको भिन्नता, स्वरूपको भिन्नता, विषयको भिन्नता आदिको आधारमा यसका विविध प्रकारहरू निर्धारण गर्न सकिन्छ" (

कोइराला, २०५६ : १५२) भन्दै उखानलाई वर्गीकरण गरेका छन्। यसरी नै नेपाली लोकसाहित्यतर्फ धर्मराज थापा र हंसपुरे सुवेदीले तीन प्रकारले वर्गीकरण गरेको देखिन्छ।

१. **नीति (उपदेशात्मक) रूपमा लोकोक्ति**

२. **सूक्ति (सुभाषित) रूपमा लोकोक्ति**

३. **लक्ष्यार्थक वा न्याय रूपका लोकोक्ति** (कोइराला, २०५६ : १५३) भनी धर्मराज थापा र हंसपुरे सुवेदीले उखानका बारेमा गरेको वर्गीकरणका सम्बन्धमा स्पष्ट गरेका छन्। शम्भुप्रसाद कोइरालाले "सबै वर्गीकरणलाई मूल आधार मानेर अनि नेपाली उखानहरूको संरचनालाई ख्याल गरेर नेपाली उखानहरूलाई मूलतः ७ भागमा विभक्त गर्नु समसामयिक प्रतीत हुन्छ भन्ने धारणा प्रस्तुत गरेका छन्।

१. **व्यङ्ग्यात्मक उखान**

२. **उपदेशात्मक उखान**

३. **स्थानपरक उखान**

४. **जातिपरक उखान**

५. **प्रकृति तथा कृषिपरक उखान**

६. **सांस्कृतिक उखान**

७. **पशुपंक्षीपरक उखान**

(कोइराला, २०५६ : १५३) भन्दै उखानको वर्गीकरणका सम्बन्धमा आफ्नो धारणा स्पष्ट गरेका छन्। उखानको अध्ययन गरी वर्गीकरण गर्ने सवालमा **नेपाली उखान र गाउँखाने कथा**को पाँचौ संस्करणमा कृष्णप्रसाद पराजुलीले "उखानको वर्गीकरण मूलतः दुई आधारमा भएको पाइन्छ।

१. **रूपात्मक आधार**मा र

२. **विषयात्मक आधार**मा। रूपात्मक वर्गीकरण शब्दशक्ति र संरचनाका दृष्टिले भएको देखिन्छ। यसअनुसार शब्दशक्तिका आधारमा उखानलाई चिनाउनुका साथै संरचनाका पृष्ठभूमिमा त्यसका बनौटको प्रक्रिया पहिल्याउने प्रयत्न गरिन्छ। रूपात्मक अध्ययनका कोणबाट गरिने वर्गीकरणमा उखानको अर्थसामर्थ्यलाई पर्गेल्नुका साथै रूप, लय/छन्द,

अलङ्कार र भाषिक अध्ययनको दृष्टि राखिन्छ। विषयवस्तुका आधारमा गरिने वर्गीकरणमा चाहिँ सामाजिक, सांस्कृतिक, नैतिक, धार्मिक आदि विषयवस्तुलाई नै प्रमुख रूपमा लिइएको हुन्छ। त्यसै आधारमा उखानको आन्तरिक तत्त्व नियाल्ने काम पनि गरिन्छ" (पराजुली, २०६१ : ३८)। यिनले आफ्नो उखानसम्बन्धी वर्गीकरणका सम्बन्धमा अनुसन्धानमूलक अलग धारणा प्रस्तुत गरेका छन्। यसरी विभिन्न विद्वान्हरूले उखानलाई के-कसरी कति प्रकारमा वर्गीकरण गर्ने भन्ने सम्बन्धमा आ-आफ्ना धारणा बाहिर ल्याएका छन्। कृष्णहरि बराल र नेत्र एटमले तयार पारेको **माध्यमिक नेपाली व्याकरण अभिव्यक्ति र अभ्यास** पुस्तकमा "वाक्यका स्तरका प्रयोग भए पनि उखानहरू पूर्ण वाक्यमा रूपमा वा अपूर्ण वाक्यका रूपमा रहेका हुन्छन्। यसै आधारमा उखानहरू पूर्ण वाक्यात्मक र अपूर्ण वाक्यात्मक गरी दुई प्रकारका हुन्छन्" (बराल+एटम, २०५७ : २२०)। भनी उखानलाई २ प्रकारमा विभाजन गरेका छन्। उनले अन्त्यमा अनुप्रसा भएको उखान पनि हुन्छ भन्दै त्यस्ता उखान साधारण उखानभन्दा बढी चोटिला, घोच्ने, प्रभावकारी र कवितात्मक हुन्छन् भन्ने स्पष्ट पारेका छन्। यसरी नेपाली उखानको अध्ययन गर्ने क्रममा जीवेन्द्रदेव गिरीले पश्चिमी तराईका थारू उखानहरूको अध्ययन गर्ने क्रममा स्पष्ट पार्दै भनेका छन् "प्रस्तुत सङ्कलनका थारू उखानहरूलाई पनि उपर्युक्त शब्दशक्तिमूलक, संरचनात्मक र विषयात्मक वर्गीकरणका त्रिकोणबाट हेर्दै बेग्लाबेग्लै किसिमले वर्गीकरण गर्न सकिन्छ" (गिरी, २०५७ : १४७) भनी नेपाली उखानको वर्गीकरणका सम्बन्धमा प्रकाश पारेका छन्। गिरीका अनुसार नेपाली उखानको वर्गीकरण निम्नानुसारको छ :

१. **शब्दसूक्तिमूलक वर्गीकरण**

क. अभिधामूलक  ख. लक्षणामूलक

२. **विषयात्मक वर्गीकरण**

क. खेतीपातीसम्बन्धी  ख. खानपानसम्बन्धी

ग. लोकविश्वाससम्बन्धी  घ. नीतिचेतनासम्बन्धी

ङ. हास्यव्यङ्ग्य  च. विविध

यसरी गिरीले उखानको वर्गीकरण गरेका छन्। नेपाली लोकसाहित्य विधाअन्तर्गत पर्ने एक शाखा उखानको वर्गीकरण विभिन्न समयमा विभिन्न साहित्यकारहरूले आ-आफ्नै

किसिमले व्याख्या गरेका छन् । **नेपाली उखान र गाउँखाने कथा**मा कृष्णप्रसाद पराजुलीले पनि उखानको वर्गीकरण दुई प्रकारले नै गरेका छन् ।

**१. रूपात्मक आधारमा**

**क. शब्दसूक्तिमूलक**

- अभिधामूलक
- लक्षणामूलक

**ख. संरचनात्मक आधारमा**

- अनुप्रासमूलक
- आकारगत
- उपमानमूलक
- गीतिप्रधान
- तुकबन्दीयुक्त
- प्रश्नमूलक
- प्रश्नोत्तरात्मक

रूपात्मक आधारमा नेपाली उखानलाई वर्गीकरण गरी देखाएका छन् भने विषयात्मक आधारमा निम्नानुसार वर्गीकरण गरेका छन् :

**२. विषयात्मक आधारमा**

विषयात्मक आधारमा वर्गीकरण गर्ने क्रममा पराजुलीले "कुनै पनि उखानमा सामाजिक पक्ष दह्रो हुन्छ । नेपाली उखानको मूल विषयवस्तु पनि सामाजिकता हो । यसमा विशेषतः सामाजिकता नै अङ्कित भएको पाइन्छ । यस्तै किसिमले नेपाली उखानमा नीति र उपदेश ज्ञान विज्ञानका कुरा, कृषि व्यवसाय, लोक विश्वास आदिका धारणा खँदिला रूपमा प्रकट भएका पाइन्छन् । यसरी सामाजिक भित्र पनि त्यहाँका अन्य दह्रा पक्ष हुन्छन् र यसै आधारमा नेपाली उखानको वर्गीकरण गर्नु उपयुक्त जाँचेको छ" (पराजुली, २०६१ : ४२) भनी

उखानको वर्गीकरण सामाजिक विषयलाई आधार बनाई गर्नुमा उत्तम ठानेका छन्। सामाजिकताको आधारमा उनले उखानलाई निम्नानुसार वर्गीकरण गरेका छन् :

**१. ज्ञानविज्ञानसम्बन्धी**

**२. सामाजिक नीतिचेतनासम्बन्धी**

**३. कृषि व्यवसायसम्बन्धी**

**४. लोकविश्वाससम्बन्धी**

**५. विविध विषयसम्बन्धी**

हाम्रो आफ्नै सामाजिक गतिविधि रहनसहन, रीतिस्थिति, परम्परा र लोकधारणाअनुसार उखानको सिर्जना भएको हुनाले नेपाली उखानको वर्गीकरणमा यही दृष्टिकोणले महत्त्व पाएको छ। भाषामा केन्द्रबिन्दुको रूपमा रहेर मानवीय अनुभवलाई विभिन्न अलङ्कारहरूद्वारा सुसज्जित पार्दै बौद्धिक चातुर्य खोतल्ने ज्योतिका रूपमा उखानलाई हेरिन्छ। कुनै मान्यता, सिद्धान्त स्थापित भइसकेपछि केही विशेषता र कमजोरीहरू देखा पर्न स्वभाविक मानिन्छ। परम्परादेखि प्रवाहमय रूपमा रहेका नेपाली उखानका पनि यस्ता नभएका होइनन्। तर पनि विभिन्न आर्थिक, सामाजिक, बौद्धिक, नैतिक, हास्यव्यङ्ग्यात्मक, कृषिकर्म, धार्मिकजस्ता पक्षहरूसँग सम्बन्ध राख्दै नेपाली उखान फस्टाउँदै आएको पाइन्छ। यसरी उखानको वर्गीकरणका सम्बन्धमा विभिन्न विद्वान्हरूले फरक-फरक धारणा व्यक्त गरी उखानबारे स्पष्ट गरेका छन्। उखानको वर्गीकरणका आधारहरूको अध्ययन गर्दा विषयका आधारलाई नै बढी जोड दिएको पाइन्छ। यसै क्रममा मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेलले "नेपालीमा प्रशस्त उखानहरू प्रचलित छन् र यिनको सङ्खया पनि प्रर्याप्त छ। नेपाली उखानहरू विषयगत र रूपगत विविधताका आधारमा अनेक प्रकारका हुन्छन्" (शर्मा+लुइटेल, २०६३ : ५२२)। लेखकद्वयका आधारमा उखानको वर्गीकरण 'रूपगत विषयगत', दुई वर्गमा विभाजन गरेको पाइन्छ। उनैका आधारमा "विषयका दृष्टिले सामाजिक, सांस्कृतिक, नैतिक, ऐतिहासिक, प्रकृतिसम्बन्धी, पशु-पक्षीसम्बन्धी आदि अनेक प्रकारका हुन्छन् (शर्मा+लुइटेल, २०६३ : ५२३) भनी नेपाली उखानको वर्गीकरण गर्ने सम्बन्धमा (उखानमा) विषयगत आधारलाई महत्त्वका साथ हेरिएको पाइन्छ। यस्तै किसिमले धेरैजसो विद्वान्हरूले नेपाली उखानको वर्गीकरण गर्ने क्रममा रूपगत र विषयगत आधारलाई नै महत्त्व दिएका छन्। यसरी नै नेपाली उखानको वर्गीकरण गर्ने सम्बन्धमा नेपाली

लोकसाहित्यका प्रखर व्यक्तित्व धर्मराज थापा र हंसपुर सुवेदीका अनुसार नेपाली उखानलाई तीन प्रकारले वर्गीकरण गरिएको पाइन्छ :

**१. नीति उपदेशात्मक रूपका लोकोक्ति**

**२. सूक्ति (सुभाषित) रूपका लोकोक्ति**

**३. लक्ष्यार्थक वा न्याय रूपका लोकोक्ति**

उपर्युक्तअनुसार तीनप्रकारले नेपाली उखानको वर्गीकरण गरेका छन् (थापा+सुवेदी, २०४१ : ४२४)। नेपाली भाषाविद्का रूपमा सुपरिचित बालकृष्ण पोखरेलका अनुसार "नेपाली उखानहरू अभिधामूलक अनि लक्षणामूलक गरी जम्मा दुई प्रकारका हुन्छन्" (पोखरेल, २०४३ : १२५) भनी नेपाली उखानलाई दुई रूपमा वर्गीकरण गरिएको छ। यसरी नै पोखरेलले वाच्यप्रदान उखानले प्रत्यक्ष अर्थ र लक्षणामूलक उखानले टेढो अर्थ प्रकट गर्दछ भनी उखानलाई दुई वर्गमा विभाजन गरेका छन्। कतैकतै नेपाली उखानलाई "संस्कृत वाङ्मयबाट आएका र नेपाली भाषाका मौलिक स्वरूप गरी दुई प्रकारका नेपाली उखान हुन्छन् भनी वर्गीकरण गरिएको पनि पाइन्छ (कोइराला, २०५६ : १५२)। शम्भुप्रसाद कोइरालाका अनुसार उखानलाई व्यङ्ग्यात्मक, उपदेशात्मक, स्थानपरक, जातिपरक, प्रकृति तथा कृषिपरक, सांस्कृतिक, पशुपक्षीपरक" वर्गमा विभाजन गर्न सकिन्छ। (कोइराला, २०५६ : १५३)। यसप्रकारले नेपाली उखानको वर्गीकरण विभिन्न विद्वानहरूले विभिन्न तरिकाबाट गर्दैआएका छन्। नेपाली उखानकै वर्गीकरण गर्ने क्रममा लामा उखान, मझौला उखान र छोटा उखान गरी आकारका आधारमा विभिन्न ७ भागमा वर्गीकरण गरिएको पाइन्छ। यसरी उखानको वर्गीकरण सामाजिक परिवेश, नैतिक मर्यादा, धार्मिक, सांस्कृतिक पर्यावरण, जीवनदर्शन, नीतिचेतना, पारिवारिक चलन चाँजो, कृषि व्यवसायजस्ता विभिन्न लोकजीवनका विविध पक्षहरू उखानका विषयवस्तु बनेका हुन्छन् भन्ने कुरा माथिका विभिन्न विद्वान्वर्गको तर्फबाट स्पष्ट हुन्छ। उखानको वर्गीकरणको सवालमा सबैजसो विद्वान्हरूले आ-आफ्नै पाराले सीमाङ्कन गरेको पाइन्छ। उल्लेखित विचारहरूलाई आधार मानेर हेर्दा नेपाली उखानलाई समग्र रूपमा निम्नानुसार वर्गीकरण गर्न सकिन्छ :

**१. विषयका आधारमा**

- जातपरक उखान
- प्रकृतिपरक उखान

- कृषिपरक उखान
- पशुपक्षीपरक उखान
- सामाजिक नीतिचेतनापरक उखान
- शिक्षा, ज्ञान, साहित्यपरक उखान
- धर्मदर्शनसम्बन्धी उखान
- उपदेशात्मक उखान
- सांस्कृतिक
- आर्थिकपक्षपरक
- नारी जाति विशेष

२. **सन्देशको आधारमा**

- विश्वव्यापी सन्देश

३. **शैलीका आधारमा**

- पद्यात्मक
- गद्यात्मक
- तुकान्त
- अतुकान्त

यस शोधपत्रको प्रमुख उद्देश्य आदर्शोन्मुख सामाजिक यथार्थवादी कथाकार गुरुप्रसाद मैनालीद्वारा रचना गरिएका कथाहरूमा प्रयुक्त उखान र टुक्काहरूलाई वर्गीकरण गरी देखाउनु हो । त्यसैअनुरूपको वर्गीकरणलाई आधार मानी **नासो** कथासङ्ग्रहभित्र समावेश गरिएका कथाकार गुरुप्रसाद मैनालीका सम्पूर्ण कथामा प्रयोग गरिएका उखानहरूको वर्गीकरण गर्ने कार्य निम्नानुसार गरिएको छ :

### ५.१.१ विषयवस्तुका आधारमा उखानको वर्गीकरण

**१. जातपरक उखान**

कतिपय उखानहरूले विभिन्न जातजातिको स्वभाव, गुण-दोष, प्रकृति, बानी व्यहोरा चालचलन आदिलाई ध्वन्यात्मक रूपमा प्रस्तुत गरेका हुन्छन् । यस्ता खालका उखानहरूमा खास गरेर ती जातजातिको खराब क्रियाकलापलाई आलोचनात्मक ढङ्गले अभिव्यक्त गरिएको हुन्छ। मैनालीका कथामा प्रयोग भएका जातिपरक उखानहरू निम्न छन्। *बाहुनले* 'च्याउ खायो न स्वाद पायो' भन्ने *परालको आगो* कथाभित्र प्रयुक्त उखानले बाहुन जातिको कट्टरताले पाउनुपर्ने सबै फाइदा र अन्य ज्ञानहरूको महत्त्व प्राप्त गर्न सकेको छैन भन्ने देखाएको छ भने अर्कातिर बिर्के टोपीको कुरामा कुनै महत्त्व नबुझ्केकी श्रीमतीसँग रिस उठ्दा समेत बाहुन जातीलाई देखाएर उखान प्रयोग गरिएको छ ।

**२. प्रकृतिपरक उखान**

समाजमा रहेका हाम्रा पूर्वजहरूले प्रकृतिमा आधारित उखान पनि चलन चल्तीमा ल्याएका छन्। प्रकृतिप्रधान देश नेपालमा प्रकृतिसम्बन्धी अनेकौं लोकोक्तिहरू पाइन्छन् । त्यसैगरी कुन ऋतुमा या वर्षा या अन्य प्राकृतिक अवस्थामा हुने विभिन्न किसिमका घटना परिवेशसँग सम्बन्धित उखानहरू हाम्रो समाजमा पाइन्छन्। यसप्रकारका उखानहरूलाई मैनालीले आफ्ना कथामा समावेश गरेका छन् ।

**ढुङ्गाको भर माटो माटाको भर ढुङ्गो** : यस उखानले हाम्रो समाज होस् या घरपरिवार जे होस् एक आवसको सहकार्य र मेलमिलाप सम्भव छैन भन्ने स्पष्ट गरेको छ। *छिमेकी* कथाका पात्र गुमाने र धनजिते यसका राम्रा उदाहरण हुन्। धनजितेले बलियो हुँदा गुमानेसँग जतिसुकै झगडा गरी बोलचाल बन्द गरे पनि अन्त्यमा गुमानेको सहयोगले बाँच्न सफल भएको छ। त्यसरी नै चामेले जतिसुकै चाहिँदैन भने पनि गौँथलीविना घरमा एकछाक पाक्दैन, श्रीधरले जतिसुकै दाजुप्रतिको आवश्यकता नदेखे पनि अशक्त अवस्थामा दाजुविना उसको उपहार नहुनुजस्ता अवस्थाहरू मैनालीका कथामा देखिनुको यो उखान सान्दर्भिक छ ।

**गएको जोवन बहेको पानी फर्केर आउँदैन** : उचित काम समयमै गर्नुपर्छ भन्दै समयको महत्त्वमा जोड दिएको प्रस्तुत उखानको उचित उदाहरण *बिदाकी* प्रभा

बनेकी छे। उसले बैँसको मोज लुट्ने समयमै मौका त प्राप्त गरी तर उचित कार्य उचित समयमा हुन नसकेकाले बहेको पानीसँगै ऊ बग्न पुगी। त्यस्तै किसिमले नरेन्द्रले समयमै गौरीसँग घरजम गर्न नसकेकाले प्रायश्चितको जिन्दगी जिउनु परेको छ। समयमै छोराको उचित व्यवस्था गर्न नसक्दा छोरालाई 'अभागी' हुन बाध्य पारिदिएकाले माधवलाई गङ्गाको आत्माको सराप लागेको महसुस हुनुले बिदा कथाको प्रस्तुत उखान कथामा सान्दर्भिक छ।

**आफूले चिनेको चौतारो आफैँ भत्काउनु** : नासो कथामा प्रयुक्त प्रस्तुत उखान कथामा सान्दर्भिक छ। सुभद्राले दुःखजेलो गरेर निर्माण भएको घर चटक्क छोडी पशुपतिमा बिचल्ली पर्नुले उखान सान्दर्भिक देखिन्छ। त्यस्तै *प्रत्यागमन*मा पनि रामुले सानैदेखि दुःख सुख भोगेको र जागिरको पैसाले निर्माण गरेको घर र दाजु भाउजूको खुसीलाई छोडेर पराई हुन खोज्दा देखिएको पश्चात्तापले पनि उखानको सार्थकता देखिन्छ। *कर्तव्य*मा पनि श्रीधरले यस्तै व्यवहार देखाएकाले अन्त्यमा ठूलो पश्चात्तापको आगोमा पिल्सनु परेको छ।

**दुई चार वर्षको सुख सन्तोष बादलको छाया** : प्रस्तुत उखानले अस्थायी सुख कुनै पनि बेला घनघोर दुःखमा परिणत हुन सक्छ भन्ने कुरा स्पष्ट गर्दै प्रस्तुत उखान सान्दर्भिक छ। निर्मलाले आफ्नो देवरसँग मिलेर बसेको दुई-चार वर्षको सुखपूर्ण तथा रमणीय क्षमतालाई सम्झिँदै उखानको प्रयोग गरिएको छ। कान्तुपाध्येले जीवनको अन्त्यमा पाएको घनघोर दुःखले पनि प्रस्तुत उखानको सन्दर्भ स्पष्ट गरेको छ। *नासो* कथाकी सुभद्रा बज्यैले पनि बादलको छायाँजस्तै सुख पाएको अवस्था देखाइएको छ। यसरी मैनालीका कथाभित्र विभिन्न किसिमका प्राकृतिक उखानहरू प्राप्त गर्न सकिन्छ।

### ३. कृषिपरक उखान

कृषिक्षेत्रसँग सम्बन्ध राख्ने उखानहरू प्रशस्त मात्रामा पाउन सकिन्छ। गुरुप्रसाद मैनालीका कथामा यसप्रकारका उखानहरूले राम्रो स्थान प्राप्त गरेका छन्।

**अन्न नहुने दरिद्रलाई ज्यादा भोक लाग्छ** : प्रस्तुत उखानले मानिसले आफूसँग जे छैन त्यही कुराको चाहना बढी राख्दछ भन्ने देखाएको छ। मैनालीको *प्रायश्चित*

कथामा प्रयुक्त यस उखानको राम्रो उदाहरण यौवनावस्थामै विधवा बन्न पुगेकी गौरी बनेकी छिन् । उनलाई दाम्पत्य जीवनको भोक अन्न नहुने दरिद्रझैँ लागिरहेको थियो । देवीरमणले छोराको चाहनामा अर्को विवाह गरी सुभद्राजस्ती पतिव्रतामाथि सौता हालिदिनु पनि यस उखानको राम्रो उदाहरण हो ।

**हुने बिरुवाको चिल्लो पात नहुने बिरुवाको फुस्रो पात** : *अभागी* कथामा प्रयुक्त यो उखान माधवले आफ्नो छोरो बिग्रँदै गएकोमा चिन्ता प्रकट गर्दै प्रयोग गरेको पाइन्छ । भविष्यमा राम्रो बन्ने मानिस सानैदेखि असल भएर आएछ भन्ने भाव प्रकट गरेको यो उखान सान्दर्भिक छ । समाजमा बरालिएका ओठनिचोर्दा दूध झर्ने हुल्लडबाज अल्लारेको सङ्गतलाई बढावा दिँदै अनावश्यक खर्च बढाउने श्रीधरको लक्षण पनि सुरुदेखिकै नराम्रोले गर्दा अन्त्यमा दुःख पाउनु परेको अवस्था पनि उखानसँग सान्दर्भिक छ ।

**कोदाली खन्नका गाह्राले जोगी भएँ जोगी भएको भोलिपल्ट भोकै रहेँ** : प्रस्तुत उखानले कामै नगरीकन मोजमस्तीसँग खान्छु भन्ने अल्छी र ठग मानसिकता बोकेको मान्छेहरू अन्तिममा खानै नपाई मर्छन् भन्ने भाव प्रवाह गरेको छ । प्रस्तुत उखान *परालको आगो* कथाको पात्र चामेले श्रीमती नहुँदाको पीडामा व्यक्त गरेको छ । *सहिद* कथाको पात्र धने यस उखानको सान्दर्भिक पात्र हो । *नासो* कथामा सुभद्राको स्थिति पनि केही समय झण्डै त्यही उखानसँग मिल्दो छ । यसरी मैनालीले समाजमा प्रत्येक जनजिब्रोमा आफ्नो जिम्मेवारी वा पेशाको काम नगरी अल्छी गर्ने सन्दर्भमा प्रस्तुत उखानले चर्चा पाउने गर्दछ ।

## ४. पशुपक्षीपरक उखान

परम्परादेखि नै पशुपालनमा समेत मुलुक भएका नाताले यस व्यवसायसँग वा पशु वा पक्षीसँग सम्बन्धित उखानहरू हुनु स्वभाविक हो । भाइ श्रीधरले कुनै वास्ता नगरेको बिहेमा मुरलीधर जान कस्सिएको देखेर श्रीमतीले प्रस्तुत उखान व्यक्त गरेको देखिन्छ । 'नबोलाइकन त कुकुर पनि नजाओस्' । पशु त बोलाएपछि मात्रै आउँछ भने मानिस किन नबोलाएको ठाउँमा आफैँ जाने ! भन्ने भाव यसले दिन्छ । प्रस्तुत उखानले मुरलीधरलाई श्रीधरको छोराको बिहेमा अपमानित भएर नजान अनुरोध

गरिएको र श्रीधरले कुलपरम्पराको मर्यादा उल्लङ्घन गरेको देखाएर कथाको सान्दर्भिकतालाई स्पष्ट गरेको छ।

### ५. समाजपरक/नीतिचेतनापरक उखान

नेपाली समाजले स्वीकार गरेका तथा समाजमा लोकप्रिय भएका सबै उखान सामाजिक हुन्छन्। समाजभित्रका सामान्य लोकव्यवहार, रहनसहन, घरेलु विषय, खानपान, स्वास्थ्य, सफाई, बालवृद्ध तथा विभिन्न जातिका सामाजिक जीवनपद्धतिको यथार्थ परिचयको रूपमा उखान देखा परेका हुन्छन्। यस्ता उखानहरूले प्रत्यक्ष रूपमा वा भित्री तात्पर्य बुझाउने क्रममा कथित प्रसङ्गबाट ठीक-बेठीक, असल-खराब आदिका मसिना र गहकिला शिक्षा वा अर्ती दिएर प्रशस्त नीतिचेतना प्रदान गरेका हुन्छन्। मैनालीका कथाहरूमा यस्ता उखानहरूको प्रयोग प्रशस्त पाउन सकिन्छ।

**निर्धाको हात छिटो चल्छ :** *छिमेकी* कथामा धनजिते आफूले गरेको गाली सहन नसकी मुख मात्र होइन हात चलाउन धम्की दिएर गुमाने धनजितेसँग शारीरिक बल जुधाउन खोजेको आभास दिएको पाइन्छ। बुद्धिले कमजोर वा निर्धो मानिसको हात छिटो चल्छ भन्ने सन्देश यस उखानले दिएको छ।

**सास छउन्जेल आश :** मानिसलाई आफन्त तथा चिनेजानेको मान्छे बिरामीले अन्तिम अवस्थामा पुगे पनि सन्चो भइहाल्छ कि भनी औषधि उपचारमा सक्रिय हुन मन लाग्छ भन्ने कुरा *अभागी* कथामा गङ्गाको उपचारमा देखाइएको व्यवहारले स्पष्ट गरेको छ। *पापको परिणाम* कथामा घर्तीहरूको आशा गाउँलेको अन्तिम फैसलामा आफूहरूलाई निर्दोष साबित गरिन्छ भन्ने थियो तर त्यो विफल भयो। *कर्तव्य* कथामा मुरलीधरले श्रीधरलाई गाउँका वैद्यको भर नपरी सहरतर्फ औषधि गराउन लानुले पनि यस उखानको पुष्टि गरेको छ। देवीरमणले सुभद्राबाटै सन्तानको आश गर्दै चौतारो चिन्ने, महादीप बाल्ने, पुराण लगाउनेजस्ता कार्य गर्नुले पनि यो उखानको प्रयोग देखिन्छ। यस उखानले आशा रहेसम्म कार्य गर्न छोड्नुहुन्न भन्ने नीति चेत जगाएको पाइन्छ।

**टुहुराका दिन फिरेर आउँछन् :** *नासो* कथाकी पात्र नौली 'सोझो बाङ्गिन केही बेर लाग्दैन' भन्ने उखान प्रयोग गरी सुभद्राले माया गरेकी नयाँ दुलहीकै कारण घरै छोडेर हिँड्नु पर्ने शङ्का व्यक्त गरेकी र सुभद्रालाई त्यस्तै व्यवहारसमेत भोग्नु परेकोले कथाको उखान सान्दर्भिक छ। *प्रायश्चित* कथामा रामुले अत्यन्त राम्री मानेकी श्रीमतीबाट अत्यन्त असहयोग पाउनु, सधैं जीवन हाँसीखुसी बिताउन जीवनसाथी मानेको चामेबाट कुटाई खाई घर छोडेर चमेली माइत जानुपर्ने, आफ्नो बलियो सहयोगको आधार मानेको भाइले बाबुको अंश एक्लै खानु र दाजु मुरलीधरसँग बोलचाल बन्द गर्नुपर्नेजस्ता प्रशस्त उदाहरणहरूबाट प्रस्तुत उखान सान्दर्भिक मानिन्छ।

**रानुका पछाडि माहुरी :** *नासो* कथामा प्रयुक्त उखान सामाजिक व्यवहारमा चेतना भर्न उद्यत छ। समाजको टाठोबाठो, जान्ने बुझ्ने र विश्वासिलो व्यक्तिका पछाडि नै समाज हिँडेको हुन्छ भन्ने सन्देश उखानले दिएको छ। देवीरमणका घरमा तीर्थ गर्न जानेको भीड लाग्नु र देवीरमणसँगै तीर्थ जानु, *कर्तव्य* कथामा श्रीधरको पछाडि युवाहरूको भीड जम्मा हुनु र बाबुको अंश आफू एक्लैले खान सफल हुनु, समाजको धनीमानी र शक्तिशाली कान्तु पाध्येको समर्थनमा समाज बोल्नु र घर्तीहरूलाई जेल पठाउनु, गङ्गाप्रतिको सम्पूर्ण कर्तव्य बिर्सिएर माधव पूर्णरूपले करुणाप्रति लम्पट हुनु र छोरो कृष्णको बिचल्ली बनाउनु, दाजु-भाउजूले गरेको अपार माया र कर्तव्यलाई बिर्सेर रामु श्रीमतीको पछि लागि छुट्टै डेरा गरी बस्नु देवता बाबुको चिट्ठी लेखाइमा आकर्षित भएर सम्पूर्ण कुल्ली दरबानहरू देवताबाबुको कोठाभरी घेरिनु, गङ्गाधरलाई ग्रामपिता मानेर गाउँभरिका केटाकेटी, बूढापाका, बालबालिका र विभिन्न असहायहरूले घेरा हाल्नुजस्ता दृश्यहरू मैनालीका कथामा प्रशस्त मात्रामा पाइनुले पनि प्रस्तुत उखान उनका कथामा सान्दर्भिक भएर देखापरेको छ।

**लोग्नेस्वास्नीको झगडा परालको आगो :** समाजमा देखापर्ने गरेका श्रीमान् र श्रीमतीबीचको ठूलोभैँ लाग्ने झगडा र तुरुन्तै हुने मेलमिलापले प्रस्तुत उखानले सान्दर्भिकता पाएको छ। *परालको आगो* कथामा चामे र गौँथलीबीचको घरै छोडेर भाग्नुपर्ने अवस्था र केही दिनपछि एकै आत्मा बनेर मिलेको अवस्थामा प्रस्तुत उखान समावेश छ। जुठेले श्रीमतीलाई जति पिटे पनि सहनु र केही समयपछि मिलेरै घरको

काम गर्न थाल्नु देवीरमणसँग जतिसुकै रिस उठेर घर छोडे पनि केही दिनपछि सुभद्रा आफ्नै घरमा फर्कनु र देवीरमणलगायत सम्पूर्ण घरकाज मिलेर सह्माल्नुले प्रस्तुत उखानले सान्दर्भिकता प्राप्त गरेको छ ।

**६. शिक्षा, ज्ञान, साहित्यपरक उखान**

गुरुप्रसाद मैनालीका कथाहरू सामाजिक चेतना दिएर ज्ञानको मार्गतर्फ सचेत गराउने खालका छन् । उनका कथा प्रयुक्त उखानहरू सामाजिक ज्ञानले खारिएका र भरिएका छन् । साहित्यिक रूपमा समेत उखानहरू प्रबल रहेको पाइन्छ ।

**सौताको रिसले पोइको नाक काट्नु** : प्रस्तुत उखानले कुनै व्यक्तिको रिसले अर्को महत्त्वपूर्ण व्यक्तिलाई आघात पुग्ने कार्य गर्नु मूर्खता हो भन्ने सन्देश दिएको छ । *नासो* कथामा सुभद्राले सौतासँगको रिसले घरपरिवारै बिगार्ने काम गर्नु र देवता समान पोई देवीरमणको चित्त फाट्ने व्यवहार गर्नु उचित होइन भनिएको छ । त्यस्तै *अभागी* कथामा करुणाले सौताको छोरा भनेर कृष्णलाई अत्यन्त दुःख र पीडा दिई घरबाट हिँड्न बाध्य पारेकाले माधवको प्रतिष्ठा इज्जतमा धक्का लाग्नुजस्ता घटना दृश्यमा प्रस्तुत उखानको सान्दर्भिकता पाउन सकिन्छ ।

**एउटै सिरान गरेर सुतेपछि कहिलेकाहीँ गोडा लाग्छ** : प्रस्तुत उखानले दिनरातसँगै जीवन बिताउने वा सँगै मिलेर काम गर्नेहरूको बीचमा कहिलेकाहीँ गल्ती हुनसक्छन् र तिनीहरूलाई सामान्य ठान्नुपर्दछ भन्ने सन्देश दिएको पाइन्छ । *छिमेकी* कथामा गुमाने र धनजिते एउटै छिमेकी भएकोले बेलाबखतमा झगडा हुनु स्वभाविक हो भन्दै प्रस्तुत उखानको प्रयोग पाइन्छ । यस्तै किसिमले *नासो* कथामा सुभद्राले एकै घरमा बसेपछि नयाँ दुलही र आफू बीचमा कहिलेकाहीँ केही अप्ठ्यारा बेहोर्नुलाई स्वाभाविक ठान्नु, चामे र गौँथलीको सामान्य कुरामा झगडा भए पनि अन्त्यमा त्यसलाई सामान्य ठानी लोग्नेस्वास्नी मिलेरै बस्नु, *कर्तव्य* कथामा मुरलीधरले श्रीधरको गल्तीमा माफी दिनु र आफ्नो कर्तव्य पूरा गर्नु सँगैका दाजुभाइबीच केही नराम्रा काम भए पनि हामीमा सधैँ त्यस्तो व्यवहार हुनुहुँदैन भन्दै रामु दाजुकै घरमा मिलेर बस्ने निर्णय गर्नुजस्ता व्यवहारबाट पनि उक्त उखान मैनालीका कथामा उचित प्रासंगिक देखिन्छ ।

**माल पाएर चाल नपाउनु** : वस्तु वा सामानको उचित मूल्याङ्कन गर्न नसक्नु भन्ने शिक्षा बोध गराउने प्रस्तुत उखान *परालको आगो* कथामा गौँथलीले बिर्के टोपीको संरक्षण गर्न नसकेको प्रसङ्गमा प्रयुक्त छ। *नासो* कथामा देवीरमणले सुभद्राको मूल्याङ्कनमा चुक्नु, धनजितेले गुमानेजस्तो साथीको साथ छोड्न, रामुले दाजु-भाउजूको मायालु वातावरण त्याग्नु, कान्तुपाध्ये गरिब घर्तीहरूको मेहनत र पसिनाको कदर नगर्नु, *बिदा* कथामा प्रभाले गरेको त्यागपूर्ण माया-ममताको कदर गर्न नसक्ने नरेन्द्र, आधापेट खाएर भए पनि घर-परिवार व्यवहार सह्माल्ने गौँथलीको मूल्याङ्कन गर्न नसक्ने, चाहे दुःख गरेर जन्माई हुर्काएको छोरालाई घरमा बस्ने वातावरण नमिलाउने माधव, देवताजस्तो दाजुलाई अपमान गर्ने श्रीधर सम्पूर्ण पात्रहरू माल पाएर पनि चाल पाउन नसक्ने पात्रका रूपमा स्थापित छन्।

**जहाँ गए पनि अभागी पुर्पुरोसँगै जान्छ** : *पापको परिणाम*

**कर्मले नदिएपछि बल गरेर हुँदैन** : *अभागी*

माथिका उखानले आफ्नो कर्मजस्तो छ त्यस्तै फल पाइन्छ भन्ने शिक्षा दिएको छ। *पापको परिणाम* कथामा घर्तीहरूको दुःखपूर्ण जीवनकथा जहाँ गए पनि उस्ताको उस्तै रहेको पाइन्छ। त्यसै प्रसङ्गमा यो उखान व्यक्त भएको छ। त्यस्तै *अभागी* कथामा माधव आफ्नो कर्ममा असल श्रीमती बेहोर्न लेखेको छैन भन्दै अर्को बिहे गर्न इन्कार गर्दै दोस्रो उखान व्यक्त गरेको छ। यस्तै किसिमले नरेन्द्रले प्रभासँगको सुख साट्न नपाउनु, कान्तुपाध्येले अनेक जालझेल गरी आर्जेको सम्पत्तिमा मोज गर्न नपाउनु, श्रीधरले पिपले खेत एक्लै खान नसक्नु, वीरबहादुर प्रजातन्त्र देख्न नपाई सहिद हुनु दोस्रो उखानका उदाहरण हुन्।

**नदुखेको कपाल डोरी लाएर दुखाउनु हुँदैन** : हुँदै नभएको समस्या आफ्नै कारणले उत्पन्न हुँदा प्रस्तुत उखान प्रयोग गरिन्छ। *अभागी* कथामा माधवले पहिलो श्रीमतीको मृत्यु भएपछि कृष्णको लालनपालनका लागि भए पनि दोस्रो बिहे गर्नुपर्ने सल्लाह साथीभाइ र छिमेकीबाट आउँदा माधवले प्रस्तुत उखान प्रयोग गर्दछन्। यसरी नै श्रीधरले दाजुलाई गरेको नराम्रो कामको घमण्ड, चामे आफैँले श्रीमती घरबाट निकालेर चलिराखेको घरव्यवहार बिगार्ने कार्य, प्रभाले उमेर अवस्था परिपक्व नहुँदै बिहे गर्न हतारो गर्नु, देवीरमणले मायालु वातावरणको परिवारमाथि सौता हालेर

घरव्यवहारमा नराम्रो पन भित्र्याउनुजस्ता प्रशस्त उदाहरण मैनालीका कथामा पाउन सकिन्छ ।

**जुन जाति मर्न जान्दछ बाँच्न पनि त्यसैले जानेको हुन्छ** : मर्नुपर्छ भन्ने बुझेको बाँचुन्जेल कृति राख्ने काम गर्दछ र समाजमा अमर बन्दछ भन्ने शिक्षा प्रस्तुत उखानले दिएको छ । *सहिद* कथाको वीरबहादुरले बाँचुन्जेल प्रशस्त मात्रामा समाज र राष्ट्रका लागि गरेका महान् कार्य यसका उदाहरण बनेका छन् जसले वीरबहादुरलाई मरेर पनि बचाए । यसरी उखानले सान्दर्भिकता पाएको छ ।

### ७. धर्मदर्शनसम्बन्धी उखान

**सन्तानविना स्वर्गको बाटो रोकिन्छ** : धर्ममा अत्यन्त आस्थावान देवीरमण सन्तान जन्माएर स्वर्ग जाने बाटो खुला राख्न चाहन्छ त्यसैले दोस्रो विवाह गर्नुको कारणस्वरूप *नासो* कथामा प्रस्तुत उखान प्रयुक्त छ । हिन्दू धर्मदर्शनका आधारमा उखान सार्थक देखिन्छ ।

**परमेश्वर हाँस्नेलाई रुवाउँछन् रुनेलाई हँसाउँछन्** : अदृश्य, अपार, शक्तिरूपा भगवान्ले मानिसलाई अनेकौं प्रकारले खेलाउँछन् भन्ने धार्मिक सन्देश प्रस्तुत उखानले दिएको छ, सन्तानको मोहमा छटपटाएका देवीरमणले छोरो जन्माएपछि अत्यन्त हर्षित भएर रुवाइलाई हाँसोमा परिणत गरेका छन् । त्यस्तै *बिदा* कथामा वैंशको उन्मादमा रमाएकी प्रभालाई अकालमा ज्यान फालेर रुवाएको घटना पनि उखानसँग सान्दर्भिक छ । देवीरमण सँगसँगै जिउँछु भन्ने सुभद्रा घरमा रुँदै बस्नु र भर्खर आएकी दुलही तीर्थव्रत गर्न देवीरमणसँग घुमेर आनन्द लिनुजस्ता घटना पनि उखानसँगै मिल्दो पाउन सकिन्छ । प्रस्तुत उखानले हाम्रो समाजमा देखा परेका धार्मिक भावनालाई उजागर गर्ने काम गरेको छ ।

**परमेश्वरले ठगेकालाई मानिस पनि हेलाँ गर्छन्** : प्रस्तुत उखानले ईश्वरले हेपिसकेकालाई कसैले पनि माया र सम्मान दिँदैनन् भन्ने धार्मिक चेत पैदा गराएको छ । सुभद्रा नयाँ दुलहीको छोरो जन्मिएकाले तीर्थव्रत गर्न ऊ नभई आफू जानुपर्नेमा उल्टो आफू घर रुँगेर बस्नुपर्दा पीडाबोधका साथ आफूलाई ईश्वरले त ठगेठगे अहिले मान्छेले समेत अपमानित बनाउन थालेकोमा प्रस्तुत उखानको सन्दर्भ स्मरण गरिएको

छ । त्यस्तै *प्रायश्चित* कथामा ईश्वरले बाल्यावस्थामा नै विधवा बनाएर ठगेकीलाई गोविन्दको कच्चा प्रेमले अर्कोपटक ठग्ने काम गर्नु, कृष्णे सानै अवस्थामा छँदा आमाको मृत्यु हुनु र पछि सौतेनी आमाको व्यवहारले घरै छोडेर भाग्नुपर्ने अवस्था आउनु, गरिब कुलमा जन्मेको वीरबहादुरको घरखेत साहुले खाइदिनु, दुःख गरी कमाएको पैसा चोरी हुनुजस्ता कथाका दृश्यहरूले प्रस्तुत उखानलाई सान्दर्भिक बनाएका छन् ।

**आफूले चिनेको चौतारो आफैँ भत्काउनु** : धर्मप्राप्तिका लागि गरिएका कार्यहरू क्रमशः उल्लङ्घन गर्दै जाने कार्य गर्नु अत्यन्त निकृष्ट कार्य हुन्छ भन्ने धार्मिक सन्देश प्रस्तुत उखानले दिएको छ । *नासो* कथामा सुभद्राले आफैँले निर्माण गरेको घरपरिवारलाई चटक्क छोडेर हिँडेपछि देवीरमणको मस्तिष्कबाट प्रस्तुत उखान पैदा हुन्छ । *प्रत्यागमन*का रामुले पनि प्राणभन्दा प्यारा दाजुभाउजू र आफैँले निर्माण गरेको घर छोडी डेरामा बस्नुजस्तो घटनाले आफूले चिनेको चौरातो आफैँ भत्काउनु भन्ने उखानलाई स्पष्ट पार्ने काम गरेको छ ।

**स्वर्गकी देवी बाटो बिराएर पृथ्वीमा आइछन्** : मान्छे भए पनि धर्म कर्म र रूपराशिमा स्वर्गकी देवीसमानकी छे भन्ने भाव प्रस्तुत उखानले प्रकट गरेको छ । *बिदा* कथाकी पात्र प्रभाले जीवनमा धार्मिक कार्यपट्टि मन दिनु, नरेन्द्रबाट धोका हुँदा समेत असल व्यवहार र कार्यबाट तिरस्कृत नहुनु र रूपले धपधपी बल्नुजस्ता गुणहरूले गर्दा प्रभाबको धार्मिक जीवन स्वर्गकी देवीसमान छ भन्ने सन्देश प्रस्तुत उखानले दिएको छ ।

### ९. उपदेशात्मक उखान

**मानिसको पाण्डित्य अरूलाई उपदेश गर्नमा काम लाग्छ न कि आफूलाई परिआउँदा** : प्रस्तुत उखानले अर्ती-उपदेश दिने व्यक्तिले अरूलाई चित्त बुझाएर सही बाटो हिँडाए पनि उसले आफैँलाई आपत पर्दा भने त्यस्तो पाण्डित्यपूर्ण कार्य निश्चित गर्न सकिरहेको हुँदैन भन्ने सन्देश प्रवाह गरेको छ । सारा मानिसको दर्द हरण गर्ने पण्डित देवीरमणले आफ्नै श्रीमतीका बीचको समस्या हरण गर्न नसकी दोधारमा परेको व्यवहारले उखान स्पष्ट हुन्छ । *कर्तव्य* कथामा मुरलीधरले गाउँको समस्या

मिलाएर पनि आफ्नै भाइलाई सम्झाउन असफल हुनु, दुनियाँका घर कर्मकाण्ड पूरा गर्ने माधवले आफ्नै छोरालाई घरमा बस्ने वातावरण सिर्जना गर्न नसक्नुजस्ता कथामा पाइने उदाहरणहरू प्रस्तुत उखानसित सान्दर्भिक छन् ।

**बैगुनीलाई गुनले मार्नु** : प्रस्तुत उखानले आफूलाई कुनै सहयोग नगर्ने वा कुनै गुन नगर्ने व्यक्ति भए पनि त्यस्तालाई सहयोग गरी आफ्नो बनाउनु अत्यन्त असल कार्य हुन्छ भन्ने उपदेश यस उखानले दिएको छ । *छिमेकी* कथामा गुमाने र धने जति झगडा गरे पनि धनजिते बिरामी पर्दा गुमानेले ठूलो सहयोग गर्नु, *कर्तव्य* कथामा मुरलीधर भाइले मुख समेत नबोले पनि विनानिम्ता भतिजोको बिहे सम्पन्न गराउनु, भाइ बिरामी पर्दा औषधि गराउन लानु, *प्रत्यागमन* कथामा देवरले चटक्क माया मारेर आफ्नो मायापूर्ण साथ छोडेर अर्कै ठाउँमा डेरा गरी बसे पनि भाउजू शोभाले बिरामी पर्दा सम्पूर्ण स्याहार-सम्भार गरी देवर (रामु) लाई बलियो पार्नुजस्ता उदाहरणहरू प्रस्तुत उखानसँग सान्दर्भिक छन् ।

**अमृत रोपेको ठाउँमा विष फल्दैन** : प्रस्तुत उखानले सही व्यवहार तथा कार्य गर्ने मानिसको परिणाम पनि राम्रो नै आउँछ भन्ने उपदेश दिएको छ । असल कार्य गर्ने मानिसले खराब परिणाम भोग्नु पर्दैन भन्ने यसको सार हो । *छिमेकी* कथामा धनजिते बिरामी पर्दा गुमाने आफूले गरेको सेवाको फल राम्रो नै हुन्छ भन्दै धनजितेका सेवा टहलमा जुटेको बेला उखानको सन्दर्भ देखिन्छ । मुरलीधरले भाइको सेवा गर्नु, *प्रत्यागमन*मा शोभाले रामुको सेवा गर्नु, वीरबहादुरले खाई नखाई कमाएको पैसाले बिरामीको सेवा गर्नु, सित्तैमा रिक्साको सुविधा समेत दिनु, श्रीमती र छोराभन्दा राष्ट्र ठूलो ठानी लडाईंमा सामेल हुनुजस्ता समस्त उदाहरणहरू अमृत रोपेपछि पक्क अमृत फल्छ तर विष फल्दैन भन्ने मान्यतामा आधारित छन् ।

**मूर्खसँग त जुक्ति बुद्धिले पो लड्नुपर्छ** : प्रस्तुत उखान समाजमा देखापर्ने मूर्खतापूर्ण कार्य वा व्यवहार गर्दा बलले नभई बौद्धिकताले गर्नुपर्ने सही उपदेशका लागि प्रयुक्त छ । *पापको परिणाम* कथामा घर्तीहरूसँग लड्न नसकेपछि कान्तुपाध्यले प्रस्तुत उखान व्यक्त गरेको देखाइएको छ । जुक्ति बुद्धिका साथ पर्खेर भए पनि सही व्यहार गर्दै गइयो भने मूर्ख बुद्धि भएकालाई सजिलै झुकाउन सकिन्छ भन्ने उपदेशमूलक उखानका सन्दर्भ मैनालीका कथामा प्रशस्त पाउन सकिन्छ ।

**राजा लागेको र खोलो लागेको ठाउँमा नबस्नु** : राजा लागेको र खोलोलाई एकै देखाई यिनीहरू सक्रिय भएको बेला आफू देखा पर्नु अथवा प्रतिस्पर्धा गर्नु उचित होइन भन्ने सन्देश यस उखानले दिएको छ। घर्तीहरू माथि सरकार (राजा) लागेकाले उनीहरू सिमलचौर छाडेर मुग्लान जान सुरु गर्दा प्रस्तुत उखान व्यक्त भएको छ। यसरी यस उखानले राजा र खोलो ज्यादै डरलाग्दा हुन् तीसँग लड्ने नगर भन्ने उपदेश दिएको छ।

**गएको जोवन बहेको पानी फर्केर आउँदैन** : मानिसको जीवन र बगेको पानी एकै भएकाले यिनीलाई समयमा नै चिनेर फाइदा उठाई हाल्नुपर्छ भन्ने उपदेश यस उखानले दिएको छ। समयको महत्त्व अति ठूलो छ भन्ने सन्देशसमेत उक्त उखानले दिएको छ। *बि-दा* कथामा बैंसले मत्त भएकी प्रभाले बैंसमा नै मोज गर्नुपर्छ भन्ने कल्पनामा (सोचाइमा) प्रशस्त उखान व्यक्त गरेकी छे। यस्तै प्रसङ्ग गौरीले पनि गोविन्दसँग देखाउन खोजेकी देखिन्छ। यसरी समयलाई चिनेर मौकामै काम गरी फाइदा उठाउन सक्नुपर्दछ भन्ने उपदेशात्मक शिक्षा प्रस्तुत उखानले दिएको छ।

**अर्काले भनोस् कि नभनोस् आफैँ नमोनारायण बा** : प्रस्तुत उखानले आफैँले आफैँलाई ठूलो भनी हिँड्नु राम्रो हुँदैन भन्ने सन्देश दिएको छ। *परालको आगो* कथामा गौँथली भागेर माइत हिँडेपछि जोगी बन्ने सुरु गर्दा चामेले आफूलाई नक्कली जोगी भन्नेछन् र धेरै दुःख खानु पर्नेछ भन्दै आफ्नो चित्त आफैँले बुझाएको छ। यसरी नक्कली काम गर्नुभन्दा आफ्नै पेशा गरेर खानु राम्रो हुने सन्देश प्रस्तुत उखानले दिएको छ।

**नबोलाइकन त कुकुर पनि नजाओस्** : नबोलाइएको र कुनै वास्ता नगरिएको ठाउँमा जानु आफ्नो अपमान आफैँ गर्नु हो भन्ने उपदेश प्रस्तुत हरफले दिएको छ। कर्तव्य कथामा आफ्नै भाइ श्रीधरले छोराको बिहेमा नबोलाए पनि आफ्नो कर्तव्य सम्झेर जान लागेका दाजु मुरलीधरलाई सम्झाउँदै श्रीमतीले प्रस्तुत उपदेशात्मक उखानको सम्झना गराएकी छिन्। आफ्नामा पर्दाको कर्तव्य आफ्नै भित्रकाले पूरा गर्नुपर्दछ भन्ने कारणले मुरलीधर नबोलाए पनि आफैँ बिहेमा जान्छन्। *प्रत्यागमन* कथाका रामु पनि भाउजूले दाजुसँग सोधेर जानेकी भन्ने तर्कना गरे पनि आफैँ सरासर दाजुको घरमा प्रतिआगमन गरेका छन्। त्यस्तै नौलीले घरको अवस्था बताएपछि घर छोडेर पशुपति गए पनि यस उखानको प्रतिवाद गर्दै आफैँ घर फर्केकी

छिन् । यसरी अवस्था र परिवेशपूर्ण *कर्तव्यका* कारण मानिस नबोलाए पनि जानु पर्दो रहेछ भन्ने घुमाउरो उपदेशात्मक सन्देश प्रस्तुत उखानले दिएको छ ।

**देवताका घरमा नभएको कुरा मानिसको घरमा हुँदैन** : प्रस्तुत उखानले देवीदेवताकै घरमा हुन नसकेको काम मानिसका घरमा कहिल्यै सफल हुँदैन भन्ने उपदेश दिएको छ । *प्रत्यागमन* कथामा दाजुसँग जतिसुकै मिले पनि आखिरी रामु छुट्टिएर बस्नु पर्‍यो भन्दै उखान प्रयोग गरिएको छ । त्यस्तै सौता-सौता मिल्न नसकेर सुभद्राले घरै छोडेर हिँड्नु, सौतेली आमाको दुर्व्यवहारले कृष्णे घर छोडेर बेपत्ता हुनु, एउटै पेटका भए पनि श्रीधर र मुरलीधरको बोलचाल बन्द हुनुजस्ता घटना विवरणहरू प्रस्तुत उखानसित मिल्ने उचित उदाहरण हुन् ।

**१०. सांस्कृतिक उखान**

मैनालीले आफ्ना कथामा नेपाली संस्कृतिमा बाँचेका उखानको प्रयोग गरेका छन् । सामाजिक संस्कार बोकेका त्यस्ता उखानसित सम्बन्धित उदाहण र उखानहरू कथामा प्रशस्त भेट्न सकिन्छ ।

**कुलको जेठो सन्तान पिण्ड पानीको दाता** : हिन्दू धर्म संस्कारले पितृ तार्नका लागि गरिने कर्महरू जे-जति छन् त्यसका कुलको जेठो छोरा नै अगाडि सार्ने परम्परा चलिआएको पाइन्छ भन्ने सन्देश प्रस्तुत उखानले स्पष्ट गरेको छ । *कर्तव्य* कथामा कुलको जेठो सन्तान शशिधरको बिहेमा आफूलाई नबोलाए पनि मुरलीधरले खुसी व्यक्त गर्दै प्रस्तुत उखानको सन्दर्भ ल्याएका छन् । मुरलीधर आफ्ना दुई छोरी भएकाले संस्कारअनुसार शशीधर नै पिण्ड पानीको दाता ठान्दछन् । आफू पनि २ भाइमा जेठो नै भएकाले भतिजको बिहेमा कर्तव्य निर्वाह गर्न तथा संस्कार जोगाउन मुरलीधर बिहेमा गएका छन् । *नासो* कथामा देवीरमण पनि आफ्नो पिण्ड पानीको दाता छोरो जन्माएकोमा खुसी छन् र यस उखानको सन्दर्भ पछ्याएका छन् ।

**जिउँदाको जन्ती मर्दाको मलामी** : हाम्रो समाजमा अत्यन्त प्रचलित उखानले संस्कृतिको पहिचान पाइसकेको छ । छिमेकी भएपछि जिउँदाको जन्ती र मर्दाको मलामी हुनु हाम्रो संस्कार बनिसकेको छ । त्यसै संस्कारमा आधारित रहेर मैनालीले छिमेकी कथा रचना गरेका छन् । *छिमेकी* कथामा धनजिते र गुमाने एक-आपसमा

आगोपानी र बोलचाल बन्द हुने गरी झगडा गरे पनि छिमेकी भएको नाताले धनजिते बिरामी पर्दा गुमानेले सक्दो सहयोग गरेको छ। यसै प्रसङ्गमा प्रस्तुत उखानले सान्दर्भिकता पाएको छ। *कर्तव्य* कथामा मुरलीधर पनि भाइको छोराको सम्बन्धसँगै सबैभन्दा नजिकको छिमेकीको नाताले पनि लुरुलुरु जन्त जानुले पनि यस उखानको प्रसङ्ग जोडिएको पाइन्छ।

## ११. आर्थिक पक्षपरक उखान

**दुःखीको जीवन जहाँ गए पनि दुःखमय हुन्छ** : गरिब, दुःखी र असहायले जहाँ र जस्तोसुकै ठाउँमा पुगे पनि दुःखमै जिन्दगी गुजार्नु पर्दछ भन्ने अर्थभावको सन्देश प्रस्तुत उखानले दिएको छ। *पापको परिणाम* कथामा गुरुप्रसाद मैनालीले घर्तीहरू गरिब भएकै कारण जहाँ गए पनि कान्ते जस्तै शोषक र फटाहाको मार खाएर बस्नु पर्दछ भन्ने सन्देश प्रस्तुत उखानको प्रयोग घर्तीमार्फत गराइदिएका छन्। *सहिद* कथाको वीरबहादुर घरमा बस्दा पनि, विदेश जाँदा पनि दुःख अभावैमा रुनु परेको कारुणिक दृश्यले पनि प्रस्तुत उखानको सन्दर्भ पाएको छ।

**गाउँको मणिजान गरीब दुःखीको ओत** : हाम्रो समाजमा आर्थिक सम्पन्न व्यक्ति गाउँको मणिजान कहलिने हुनाले ऊ गरिब दुःखीको सहारा हो भन्ने चलन छ। अशिक्षित समाजले आफ्नै परिश्रम र रगतबाट ऊ मणिजान भएको भने अन्तिममा आत्मगत रूपले पत्तो पाउँछन् भन्ने सन्देश समेत उखानले दिएको छ। *पापको परिणाम* कथामा प्रयुक्त प्रस्तुत उखानअनुसार कान्ते गरिब दुःखीको सहारा बन्नुको सट्टा दुश्मन बनेको देखिन्छ भन्ने सन्देश घर्तीहरूकै मुखबाट मैनाली व्यक्त गराउँछन्। त्यस्तै वीरबहादुरले पनि प्रस्तुत उखानअनुसारको व्यवहार नपाउँदा अनेकौं दुःख झेल्दै सहिद हुनु परेको दृश्यले देखाएको छ।

**ब्याजको स्याज, स्याजको प्याज** : ग्रामीण समाजमा रहेका साहु महाजन भन्नेहरूले गरिब दुःखी र अशिक्षितहरूलाई शोषण गरी धन आर्जन गर्दाको परिणामस्वरूप प्रस्तुत उखानको जन्म भएको छ। मैनालीले *सहिद* कथामा वीरबहादुरलाई त्यस्तै समाजका शोषकको मार खेपेको देखाउँदै भएको खेत पनि

साहुलाई सुम्पेर परदेशको दुःखपूर्ण जीवन जिउनु परेको देखाइएको छ । यसरी प्रस्तुत उखानले आर्थिक शोषणको तरिका छर्लङ्ग पारेको पाइन्छ ।

**कङ्गाली मोराकी जोई भएर बस्नुभन्दा डुबेर मर्नु जाति** : प्रस्तुत उखानले गरिब अवस्थालाई भ्लेलेर बस्नु अत्यन्त पीडादायी हुन्छ र त्यस्तो दुःखमा बाँच्नुभन्दा पानीमा डुबेर आत्महत्या गर्नु सजिलो हुन्छ भन्ने बोध गराउँदछ । *परालको आगो* कथामा श्रीमान् चामेसँगको भ्लगडाले आक्रान्त बनेकी गौँथलीले उक्त उखानको सन्दर्भ कोट्याएकी छे ।

## १२. नारी विशेष उखान

हाम्रो समाजले नारीलाई कतै दोस्रो दर्जाको नागरिकभ्लैँ गरेको, कतै आमा समानकी शक्तिस्वरूपा मानेको आदि कारणहरूले गर्दा समाजमा नारीसँग सम्बन्ध राख्ने उखानहरू प्रशस्त पाइने हुनाले गुरुप्रसाद मैनालीले आफ्ना कथामा नारी विशेषसँग सम्बन्धित उखानको प्रयोग गरेको पाइन्छ ।

**सौता भन्नु मुटुको बह हो** : *नासो* कथामा दोस्रो विवाह गर्ने देवीरमणको कुनै दोष देखाई नयाँ दुलहीलाई सौता, मुटुको बह आदि भनेर तुच्छ दृष्टिबाट महिलाले नै हेरेको देखाइएको छ । सौता घरमा पस्नु भनेको मुटु खान सुरु गर्नु हो भन्ने सन्देश दिएको छ । यसैको परिणामले सुभद्रा घरबाट बाहिर निस्कनु परेको देखाइएको छ । सौतेनी परिवार सुखपूर्ण हुँदैन भन्ने अभागी कथाको कृष्णेले सौतेनी आमाबाट भ्लेल्नु परेका दुःख तथा घरबाटै छोड्नु परेको पीडादायी अवस्थाले समेत स्पष्ट गरेको छ ।

**छोरीको कर्म हारेको कर्म** : समाजमा छोरीलाई जन्मदेखि नै छोराभन्दा फरक ढङ्गले हेरी भेदभावको व्यवहार सिर्जना गरेको हुनाले नारी जातीले समेत छोरी भएर जन्मनुमा आफूलाई धिक्कार्ने गरेको पाइन्छ । यस्तै उखानको मैनालीका कथाहरूमा प्रशस्त परेको पाइन्छ । *बिदा* कथाकी पात्र प्रभाले बैँसको यौनउन्माद तथा पारिवारिक आनन्दका बारेमा खुलेर कुरा समेत गर्न नपाउने गरिहाले अनेकौँ चारित्रिक आरोप लाग्ने तर छोरा जातीलाई त्यस्तो केही नहुने हुनाले छोरी भएर जन्म लिनु हारेको कर्म रहेछ भन्ने बोध गरिएको छ । त्यस्तै *प्रायश्चित* कथामा यौवनावस्थामै विधवा भएर

समाजको डरले मनभित्रका रहरलाई दबाएर बस्नु परेको पीडाबाट पनि यस उखानको सन्दर्भ पुष्टि हुन्छ ।

**स्त्री जाति माटाका पुतली** : हाम्रो समाजले महिला भनेका खेलौना हुन् जसलाई जुन पुरुषले जसरी खेलाउन सक्छ भन्ने मान्यतालाई बढावा दिएको पाइन्छ भन्ने सङ्केत प्रस्तुत उखानले गरेको छ । *प्रायश्चित* कथामा मैनालीले गोविन्द पात्रको माध्यमबाट प्रस्तुत उखान व्यक्त गराएका छन् । महिलालाई हेप्ने समाजलाई चुनौती दिँदै स्त्री जाति खेलौना नभई आत्मनिर्णय गर्न सक्षम व्यक्तित्व हुन् भन्ने देखाउन विधवा गौरीसँग विवाह गर्ने निर्णयमा पुगेको बेला प्रस्तुत उखानले सान्दर्भिकता पाएको छ। त्यस्तै *बिदा*मा नरेन्द्रले प्रभालाई छोडेर अर्कै विवाह गर्नु, देवीरमणले सन्तान जन्माउने रहरमा सुभद्रामाथि सौता ल्याउनुजस्ता उदाहरणले पनि यस उखानलाई पुष्टि गर्दछन् ।

**आइमाईको रूपै शत्रु, रूपै मित्रु** : समाजमा महिला जातिको मूल्याङ्कन रूपको आधारमा गरिने हुनाले अबुझ समाजप्रतिको व्यवहारलाई उखानले स्पष्ट पारेको छ । *प्रायश्चित* कथामा गौरीको रूप देखेर लोभिएकाहरूले उक्त उखान व्यक्त गर्दै राम्री भएकै कारणले गौरीको मृत्यु भएको भन्ने आशङ्का कथामा देखाइएको छ ।

**शिक्षित स्त्रीको घर स्वर्ग समान** : समय र परिवेशले समाजका मानिसलाई पनि क्रमशः चेतनशील बनाउँदै लग्ने हुनाले महिला शिक्षित हुँदा उसको घर स्वर्ग समान हुन्छ भन्ने चेत मानिसमा जागेको पाइन्छ। गौरीको शिक्षालाई कदर गर्दै गोविन्दले यस्ता शिक्षित नारी घरमा हुँदा सम्पूर्ण परिवार शिक्षित हुने र घर स्वर्ग समानको आनन्दले भरिपूर्ण हुने कल्पनामा रमाएको समयमा उक्त उखान प्रस्तुत गरिएको छ ।

**गरिबका घरमा धनीकी छोरी बुहारी** : आर्थिक रूपले सम्पन्न परिवारकी छोरी गरिबका घरमा पर्न पुगी भने त्यस्तो घरपरिवारले पारिवारिक मिलन पाउन सक्दैन भन्ने सन्देश उखानले दिनुका साथै धनीकी छोरी हुने बित्तिकै महिलामा घमण्डीपना बढ्दछ भन्ने खराब सन्देश समेत उखानले दिएको छ। *प्रत्यागमन* कथामा धनीकी छोरी बिहे गरेपछि रामुको पारिवारिक जीवनमा गडबडी देखा पर्नु यसको राम्रो उदाहरण हो ।

### ५.२.१. सन्देशको आधारमा उखान

मैनालीले आफ्ना कथाहरूमा प्रयुक्त उखानहरू विभिन्न सन्देश दिने खालका छन् । सन्देशका आधारमा उखानलाई वर्गीकरण गर्दा विश्वव्यापितालाई आधार मानेर र सङ्कुचनलाई आधार मानेर दुई भागमा छुट्याई हेर्न सकिन्छ ।

**१. विश्वव्यापिताको आधारमा**

- परमेश्वर हाँस्नेलाई रुवाउँछन्, रुनेलाई हँसाउँछन्
- रानुको पछाडि माहुरी
- जसलाई परमेश्वरले ठगेको छ, उसलाई मानिस पनि हैँला गर्छन्
- मानिसको पाण्डित्य अरूलाई उपदेश गर्नमा काम लाग्छ न कि आफूलाई परिआउँदा
- सौताको रिसले पोईको नाक काट्नु
- एउटै सिरान गरेर सुतेपछि कहिलेकाहीँ गोडा लाग्छ
- बैगुनीलाई गुनले मार्नु
- अमृत रोपेको ठाउँमा विष फल्दैन
- माटाको भर ढुङ्गो ढुङ्गाको भर माटो
- मूर्खसँग त जुक्तिबुद्धिले लड्नु पर्छ
- दूधको दूध पानीको पानी
- निर्बल मर्दा बलवान्को विजय
- जहाँ गए पनि अभागी पुर्पुरो सँगै जान्छ
- सास छउन्जेल आस
- माल पाएर चाल नपाउनु
- हुने बिरुवाको चिल्लो पात नहुने बिरुवाको फुस्रा पात
- जुन जाति मर्न जान्दछ बाँच्न पनि त्यसैले जानेको हुन्छ

- गएको जोवन बहेको पानी फर्केर आउँदैन
- सभ्य मानिसहरू रूप गुणको कदर गर्छन्

२. **सङ्कुचनको आधारमा उखान**

- सन्तान विना स्वर्गको बाटो छेकिन्छ
- सौता भनेको मुटुको बह हो
- पुण्य सिद्धिएका देवगण स्वर्गबाट पतन हुन्छन्
- आफूले चिनेको चौतारो आफैँ भत्काउनु
- निर्धाको हात छिटो चल्छ
- जिउँदाको जन्ती मर्दाको मलामी
- पोलेको घाउमा नुन छर्नु
- अरूलाई भन्दा अन्न नहुनेलाई ज्यादा भोक लाग्छ
- आइमाईको रूपै शत्रु रूपै मित्रु
- अर्घेलो नगर्नेले ज्यान गएको पत्तो पाउँदैन
- मानिस एकथोक चिताउँछ भाग्यले छलेर अर्के थोक गरिदिन्छ
- राजा लागेको र खोलो लागेको ठाउँमा कहिल्यै नबस्नू
- बाजा बजाएर ल्याएकी स्वास्नी घरकी रानी
- कोदाली खन्नका गाराले जोगी भएँ जोगी भएको भोलिपल्ट भोकै रहेँ
- अर्काले भनोस् कि नभनोस् आफैँ नमोनारायण बा
- बाहुनले च्याउ खायो न स्वाद पायो
- लोस्नेस्वास्नीको झगडा परालको आगो
- कर्मले नदिएपछि बल गरेर हुँदैन
- नदुखेको कपाल डोरी लाएर दुखाउनु हुँदैन
- कुलको जेठो सन्तान पिण्ड पानीको दाता
- टुहुराको दिन फिरेर आउँछन्
- गरिबका घरमा धनीकी छोरी बुहारी

- देवताको घरमा नभएको कुरा मानिसको घरमा किन हुन्थ्यो
- आइमाईको कर्म हारेको कर्म

### ५.२.३. शैलीका आधारमा उखान

गुरुप्रसाद मैनालीका कथाहरूमा प्रयुक्त उखानहरूलाई शैलीका आधारमा निम्नानुसार वर्गीकरण गर्न सकिन्छ :

क. पद्यात्मक उखान

ख. गद्यात्मक उखान

ग. तुकान्तकका उखान

घ. अनुकान्तकका उखान

**क. पद्यात्मक उखान**

- छोरीको कर्म हारेको कर्म
- माटाको भर ढुङ्गो ढुङ्गाको भर माटो
- सास छउन्जेल आस
- हुने बिरुवाको चिल्ला पात नहुने बिरुवाको फुस्रा पात
- गएको जोवन बहेको पानी फर्केर आउँदैन
- कोदाली खन्नका गाह्राले जोगी भएँ जोगी भएको भोलिपल्ट भोकै रहें

**ख. गद्यात्मक उखान**

- सन्तान विना स्वर्गको बाटो छेकिन्छ
- सौता भनेको मुटुको बह हो
- रानुको पछाडि माहुरी
- मानिसको पाण्डित्य अरूलाई उपदेश गर्नमा काम लाग्छ न कि आफूलाई परिआउँदा

- सौताको रिसले पोइको नाक काट्नु
- एउटै सिरान गरेर सुतेपछि कहिलेकाहीँ गोडा लाग्छ
- अरूलाई भन्दा अन्न नहुनेलाई ज्यादा भोक लाग्छ
- मूर्खसँग त जुक्तिले लड्नु पर्छ
- जहाँ गए पनि अभागी पुर्पुरो सँगै जान्छ
- कङ्गाली मोराकी जोई भएर बस्नुभन्दा डुबेर मर्न जाति
- कर्मले नदिएपछि बल गरेर हुँदैन
- नबोलाइकन त कुकुर पनि नजाओस्

**ग. तुकान्तक उखान**

- परमेश्वर हाँस्नेलाई रुवाउँछन् रुनेलाई हँसाउँछन्
- आइमाईको रूपै शत्रु रूपै मित्र
- मानिस एकथोक चिताउँछ, भाग्यले छलेर अर्कैथोक गरिदिन्छ
- बजाएर ल्याएकी स्वास्नी घरकी रानी
- माल पाउनु चाल नपाउनु
- बाहुनले च्याउ खायो न स्वाद पायो
- जुन जाति मर्न जान्दछ बाँच्न पनि त्यसैले जान्दछ

**घ. अतुकान्तक उखान**

- जसलाई परमेश्वरले ठगेको छ उसलाई मानिस पनि हेलाँ गर्छन्
- पुण्य सिद्धिएका देवगण स्वर्गबाट पतन हुन्छन्
- अमृत रोपेको ठाउँमा विष फल्दैन
- निर्बल मार्दा बलवानको विजय

- राजा लागेको र खोला लागेको ठाउँमा नबस्नु
- अर्काले भनोस् नभनोस् आफैँ नमोनारायण बा
- लोग्नेस्वानीको झगडा परालको आगो
- नदुखेको कपाल डोरी लाएर दुखाउनु हुँदैन
- कुलको जेठो सन्तान पिण्ड पानीको दाता
- टुहुराको दिन फिरेर आउँछ
- गरिबका घरमा धनीकी बुहारी

### ५.२.४ निष्कर्ष

गुरुप्रसाद मैनाली नेपाली साहित्यमा प्रसिद्ध कथाकारका रूपमा मात्र स्थापित नभएर लोकसाहित्यको क्षेत्रमा पनि प्रसिद्धी कमाउन सफल साहित्यकारको रूपमा स्थापित छन् । लोकसाहित्यको प्रमुख विधाको रूपमा मानिने 'उखान' लाई साहित्यका पारखीहरूले विभिन्न रूपमा वर्गीकरण गरेका छन् । त्यस्ता विभिन्न वर्गीकरणलाई आधार मान्दा मैनालीका कथामा प्रयुक्त उखानहरूले जात, प्रकृति, कृषि, पशुपक्षी, सामाजिक नीतिचेतना, शिक्षा, धर्म, उपदेश, संस्कृति, आर्थिक तथा नारी चेतना सम्बन्धलाई आधार बनाएर तिनीहरूसित सम्बन्धित असल तथा खराब पक्षलाई स्पष्ट पार्ने काम मैनालीका कथामा प्रयुक्त उखानले गरेका छन् । समाजमा रहेका विभिन्न वर्गको यथार्थ चित्र उखानले उतारेका छन् । सन्देश तथा शैलीका आधारमा पनि मैनालीका कथामा प्रयुक्त उखानहरू सान्दर्भिक देखिएका छन् । यसरी समाजका विभिन्न वर्गको दमन, शोषण, उत्पीडन, विनास तथा हानी-नोक्सानी सम्बन्धमा मैनालीका कथामा प्रयुक्त उखानहरू विषयवस्तुको आधार, सन्देशको आधार तथा शैलीको आधारमा छुट्टाछुट्टै हेर्न सकिन्छ । विशेष गरी विषयवस्तुका आधारमा मैनालीका कथामा प्रयुक्त उखानहरू बढिरहेको पाइन्छ । यस्ता विभिन्न कारणहरूले गर्दा गुरुप्रसाद मैनालीका कारण प्रयुक्त उखानहरू वर्गीकरणका आधारमा सफल छन् र मैनाली सान्दर्भिक उखानमा सफल छन् ।

## ५.२ गुरुप्रसाद मैनालीका कथामा प्रयुक्त टुक्काको वर्गीकरण

'टुक्का' नेपाली लोकसाहित्यको 'लोकोक्ति'का रूपमा वाक्पद्धति, वाग्धारा, वाग्रीति, वाक्यांश, पदावली, पदसमूह, मुहाबराजस्ता शब्दबाट टुक्कालाई चिन्न सकिन्छ। 'टुक्का'हरू लोकसाहित्यका वैभव भए पनि भाषासँग मितेरी लाउँदै भाषाका धड्कन बनेका हुन्छन्। टुक्काको अस्तित्त्व संसारका अधिकांश भाषामा रहेको पाइन्छ। नेपाली भाषा र अभिव्यक्ति पनि 'टुक्का' ले विशेष स्थान ग्रहण्त्त गरेको छ। भाषिक अभिव्यक्तिलाई विशिष्ट र प्रभावकारी तुल्याउन टुक्काको भूमिका महत्त्वपूर्ण रहँदैआएको छ। लोकमा अपठित र अशिक्षित जनजिब्रामा झुण्डिएका भाषिक आत्मा टुक्का हुन्। टुक्काविनाको कुनै पनि साहित्यिक विधा अपाङ्गजस्तो हुन्छ। यसकारण साहित्यको अपरिहार्य अङ्ग बनेको टुक्काका सम्बन्धमा विस्तृत अध्ययन, अनुसन्धान तथा सङ्कलन हुनु आजको प्रमुख आवश्यकता देखिन्छ। यसरी भाषाको संरचनात्मक तथा तुलनात्मक अध्ययनमा यसले निकै सहयोग पुऱ्याउँछ। यस्ता कारणले भाषामा समाविष्ट टुक्कालाई विभाजित रूपमा हेर्नु र तिनको वर्गीकरण गर्नु सान्दर्भिक देखिन्छ। टुक्काको वर्गीकरण गर्ने सन्दर्भमा बालकृष्ण पोखरेलले **राष्ट्रभाषा**मा "टुक्काहरू दुई प्रकारका हुन्छन्– एकपदीय एवं अनेकपदीय एकपदीय। एकपदीय टुक्काहरू केवल एक पदबाट बनेका हुन्छन्। अनेकपदीय टुक्काहरू पनि दुई प्रकारका हुन्छन्– क्रियापदयुक्त एवं क्रियापदमुक्त" (पोखरेल, २०४३ : १२८) भनी टुक्कालाई समग्रमा दुई प्रकारमा वर्गीकरण गर्ने जमर्को गरेका छन्। त्यस्तै किसिमले टुक्कालाई वर्गीकरण गर्ने सन्दर्भमा साहित्यकार कृष्णप्रसाद पराजुलीले **राम्रो रचना मीठो नेपाली**मा "एउटा नाम वा क्रियाको मेलबाट कति किसिमका टुक्का प्रयुक्त भएका छन्, तिनमध्ये केही निम्नलिखित उदाहरणद्वारा छर्लङ्ग हुन्छ। साथै क्रियायुक्त र क्रियामुक्त हुने दुई किसिमका टुक्काको उदाहरणसहित प्रचलित अरू केही टुक्का पनि पुछारमा दिइएका छन्" (पराजुली, २०४८ : १८७) भनेर टुक्कालाई नाममेल र क्रियामेल, क्रियायुक्त र क्रियामुक्त तथा प्रचलित अन्य प्रकारका टुक्काहरूमा वर्गीकरण गर्न सकिन्छ भन्ने कुरा स्पष्ट छन्। यसरी नेपाली टुक्काको वर्गीकरण गर्ने सन्दर्भमा डा. शम्भुप्रसाद कोइरालाले **लोकसाहित्य सिद्धान्त र विश्लेषण** रचना कृतिमा "मूलतः टुक्काहरू घटना विशेष या कार्यव्यापारमा आधारित हुने हुनाले विभिन्न प्रकारका गरी यसलाई वर्गीकरण गर्न सकिन्छ। विषयका आधारमा टुक्कालाई सात भागमा विभाजन गर्न सकिन्छ" (२०५६ : १५८) भन्दै टुक्काको वर्गीकरणका सम्बन्धमा स्पष्ट गरेका छन्। उनकाअनुसार टुक्कालाई निम्न सात प्रकारमा विभाजन गरिएको छ,

***१. संस्कार या परम्परामा आधारित***

***२. ऐतिहासिक घटनामा आधारित***

***३. पौराणिक घटनामा आधारित***

***४. आर्थिक स्थितिमा आधारित***

***५. अन्धविश्वास (शकुन वा अपशकुन) मा आधारित***

***६. पशुपक्षीमा आधारित***

***७. मानवीय प्रवृत्तिमा आधारित***

नेपाली टुक्काको वर्ग विभाजन गर्ने क्रममा लोकसाहित्यमा विज्ञ प्रा. मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइँटेलका अनुसार "नेपालीमा टुक्काहरूको सङ्खया पर्याप्त छ। नेपाली टुक्काहरू क्रियापदयुक्त र क्रियापदमुक्त गरी दुई प्रकारका हुन्छन्। क्रियाका साथमा आउने टुक्कालाई क्रियापदयुक्त टुक्का भनिन्छ भने क्रियाविना आउने टुक्कालाई क्रियापदमुक्त टुक्का भनिन्छ" (शर्मा+लुइँटेल, २०६३ : ५३५) भन्दै आफ्नो कृति **लोकवार्ता विज्ञान र लोकसाहित्य**मा स्पष्ट गरेका छन्। यसरी उनीहरूले नेपाली टुक्कालाई दुई भागमा विभाजन गरेका छन्। नेपाली लोकसाहित्यको क्षेत्रमा टुक्काको खास अन्वेषण, वर्गीकरण र विश्लेषण हुन सकेको छैन। उखान र टुक्कालाई एउटै अर्थमा राखेर भेदको बोध नगर्ने परिपाटी अद्यावधिक यदाकदा विद्यमान छ। उखान र टुक्का दुवै अलग अस्तित्त्वका भए पनि छुट्टै पहिचानतर्फ ध्यान पुग्न नसकेको यस स्थितिमा नेपाली टुक्काका प्रकारहरू यिनै हुन् भनेर किटान गर्नु त्यति सजिलो छैन। तर पनि टुक्काले भाषामा विलक्षण अर्थ प्रकट गर्दछ र भाषालाई राम्रो मीठो, गतिशील र रोचक समेत बनाइदिन्छ यसरी टुक्का प्रयोग भएको भाषाले जोसुकै पाठक प्रफुल्लित र प्रभावित हुने गर्दछ। यस्ता महत्त्वपूर्ण कारणहरूले गर्दा रचनामा स्थिति र समयअनुसार स्वाभाविक तथा उचित ढङ्गले टुक्काको वर्ग छनौट गर्नु उचित देखिन्छ।

यसरी नै टुक्कालाई क्रियापदयुक्त, क्रियापदमुक्त युक्त तथा एक पदीय र अनेक पदीय भनेर पनि वर्गीकरण गरेको पाइन्छ। यसरी नेपाली लोकसाहित्यका अध्येयताहरूले टुक्कालाई विभिन्न प्रकारहरूमा विभाजन गर्ने गरेको पाइए तापनि उखानमा जसरी नै टुक्कामा पनि एक रूपताको वर्गीकरण पाउन सकिँदैन। यसैक्रममा **नेपाली साहित्यको ऐतिहासिक परिचय र नेपाली समालोचना** कृतिमा कृष्णविलास पौड्यालले "टुक्काले भाषामा विलक्षण अर्थ दिन्छ र भाषालाई आकर्षक, गतिशील र रोचक बनाउँछ। त्यसैले भाषालाई आकर्षक ढङ्गले प्रस्तुत गर्न टुक्काको प्रयोग गरिन्छ। टुक्का क्रियायुक्त र क्रियामुक्त गरी दुई प्रकारका हुन्छन्"

(पौड्याल, २०६३ : ६२) भनी टुक्काको वर्गीकरणलाई दुई प्रकारले हेरेका छन्। टुक्काको मान्छेको गति, क्रिया, अनुभूति, उसको शरीरको अङ्ग, उपाङ्ग, योजका प्रकार, घर-गृहस्थीको कामकाज, प्रकृतिको विभिन्न तत्त्व, आकाश, आगो, हावापानी, पृथ्वी, दिनरात, पशुपक्षी, रूख-बिरुवा, सबैसँग सम्बन्ध राख्दछ। उखानजस्तै टुक्कालाई पनि वर्गीकरण गर्दा सांस्कृतिक परम्परा, ऐतिहासिक घटना, पौराणिक घटना, आर्थिक स्थिति, अन्धविश्वास, पशुपक्षी विभिन्न किसिमका मानवीय विषयवस्तुलाई आधार बनाइएको पाइन्छ। वर्गीकरण गर्दा सबैजसो विद्वानहरूले आ-आफ्नै पाराले सीमाङ्कन गरेको पाइन्छ। यस्ता विभिन्न विचारहरूलाई आधार बनाएर मूल्याङ्कन गर्दा नेपाली टुक्कालाई भाषिक संरचनाका दृष्टिले र विषयवस्तुका दृष्टिले गरी समग्रमा दुई किसिमबाट वर्गीकरण गर्न सकिन्छ। भाषिक संरचनाका दृष्टिबाट टुक्काको वर्गीकरण गर्दा पदगत टुक्का र पदावलीगत टुक्का गरी दुई प्रकारमा विभाजन गर्न सकिन्छ। विषयवस्तुका दृष्टिबाट टुक्काको वर्गीकरण गर्दा आर्थिक अवस्थासँग सम्बन्धित टुक्का, सामाजिक, संस्कृति र परम्परासँग सम्बन्धित टुक्का, ऐतिहासिक र पौराणिक विषयसँग सम्बन्धित टुक्का, राजनीतिक विषयसँग सम्बन्धित टुक्का, नीति-उपदेशसँग सम्बन्धित टुक्का, मनोविज्ञानसँग सम्बन्धित टुक्का, पशुपक्षीसँग सम्बन्धित टुक्का, वनस्पतिसँग सम्बन्धित टुक्का, धर्मसँग सम्बन्धित टुक्का, कानुनसँग सम्बन्धित टुक्का गरी विभिन्न प्रकारका टुक्काको वर्गीकरण गर्नु उचित ठहरिन्छ। यसरी गुरुप्रसाद मैनालीद्वारा रचना गरिएका **नासो** कथासङ्ग्रहमा सङ्कलित सम्पूर्ण कथाहरूमा प्रयोग गरिएका सम्पूर्ण 'टुक्का' हरूलाई उपर्युक्त वर्गीकरणका आधारमा वर्गीकृत गर्नु उचित ठानिएकाले निम्नानुसारको वर्गीकरण गरिएको छ :

### ५.२.१ भाषिक संरचनाका दृष्टिले टुक्काको वर्गीकरण

भाषिक संरचनाका दृष्टिले टुक्काको संरचनात्मक पक्ष कस्तो छ र कसरी निर्माण भएको छ सो कुरालाई ख्याल राखी वर्गीकरण गर्न सकिन्छ। संरचनाका दृष्टिले टुक्कालाई दुई प्रकारमा बाँड्न सकिन्छ :

**क. पदगत टुक्का**

**ख. पदावलीगत टुक्का**

#### ५.२.१.१ पदगत टुक्का

पदगत टुक्का त्यसलाई भनिन्छ, जुन एउटै पदले बनेको हुन्छ। मैनालीका कथाहरूमा पदगत टुक्काहरू प्राप्त गर्न सकिन्छ। पदगत टुक्काहरूलाई निम्नानुसार हेर्न सकिन्छ :

- **नामपदीय टुक्का** : नासो, राजा, चिचिलो, खुड्का, सोतर, ताँदो, बेस्से, राँड, बाहुन, चण्डाल, पापिनी, दुर्वासा, चिचिभुँडी, खोलुवा, पिउसा, पाजी, राक्षस, वकत, बुहार्तन, दुर्दशा, नील, डङ्किनी, धन्वन्तरी।
- **क्रियापदीय टुक्का** : बिराउनु, जाक्नु, खुस्कनु, टोक्नु, खस्नु, ठम्याउनु, मुर्मुरिनु, बिच्कनु, चुरिनु, झस्कनु, फ्याँक्नु, पैरनु, औँल्याउनु, सुमर्नु, सताउनु, ठाँटिनु, पिल्सिनु, रुमल्लिनु, आइलाग्नु, फत्फताउनु।
- **विशेषणपदीय टुक्का** : अपूतो, उत्ताउलो, साले, कङ्कलाशब्द, डम्माडम्मी, चिरञ्जीवी, छिचरो, अवला।

### ५.२.१.२ पदावलीगत टुक्का

बहुपदीय टुक्कालाई पदावलीगत टुक्का भनिन्छ। यस्ता टुक्काहरू नामपद र क्रियापद, विशेषणपद र क्रियापद, विशेषण पद, विशेष्य र क्रियापद, नाम, विशेषण र क्रियापद, द्वित्वशब्द र क्रियापद, समस्तपद र क्रियापद, भेदक, भेद्य र क्रियापद, अव्यय र क्रियापद तथा सर्वनाम, नाम र क्रियापद मिली बनेका पाइन्छन्। मैनालीले आफ्ना कथामा यस प्रकारका टुक्काहरू प्रशस्त प्रयोग गरेका छन् :

#### १. नामपद र क्रियापद मिली बनेका टुक्काहरू

चौतारो चिन्नु, पानी हुनु, ठोकाबाजी पर्नु, भाकल गर्नु, दैवले नसुन्नु, मुटु छेड्नु, द्वन्द्व हुनु, ढुङ्गो पन्छिनु, मोल नलिनु, बुहार्तन सहनु, टुपी समाउनु, हात काखमा सास जानु, पग चल्नु, परत्र सपार्नु, आँसु पुछिनु, तारागण रुनु, आशामा झुण्डाउनु, गुजारा गर्नु, हृदय काटिनु, चित्त दुखाउनु, जहाज डुब्नु, कर्तव्य बिर्सनु, संसार छोड्नु, गफ चुट्नु, पाखुरा सुर्कनु, धाक

लगाउनु, कन्सिरी तात्नु, मुख छोड्नु, छिँडीमा जाक्नु, गोर्खेलौरी कस्नु, सोतर हुनु, हाँसोमा उडाउनु, अन्न न पानी हुनु, धर्म छाड्नु, बिदा हुनु, प्रकाश हुनु, काम पुग्नु, पोई टोक्नु, टाउकोमा टेकाउनु, घरमा बास नहुनु, पुर्पुरो डढ्नु, हृदयमा ठेस लाग्नु, हात छोड्नु, आँखा गाड्नु, देश काट्नु, छाँगाबाट खस्नु, अक्षर चल्नु, रगत उम्लनु, धर्म नहुनु, राजा उदाउनु, मर्यादा छोड्नु, खोलुवा दिनु, उर्दी लाउनु, जाल रच्नु, गाई मर्नु, भोग सिद्धिनु, गास न बास हुनु, झ्लेलखानमा पर्नु, सराप लाग्नु, दैवले चुड्नु, प्रलाप गर्नु, गोडा गाडिनु, पानी हुनु, काल पर्खिनु, मुटु चुँड्नु, होस् उड्नु, बाटो बिराउनु, आँखा झिम्काउनु, मुख छोड्नु, माइत गाड्नु, विश्राम लिनु, सास बढ्नु, वचन फर्काउनु, खरानी घस्नु, खलो चाहार्नु, पोल्टो थाप्नु, पाउ पुज्नु, ओठ लेप्याउनु, भाकल गर्नु, ओखतीले नछुनु, व्यथा च्याप्नु, वाक्य रहनु, नाडी हराउनु, प्राणपखेरु उड्नु, खरानी हुनु, मन नमान्नु, कर लाउनु, जरो किलो बाँध्नु, मुख लुकाउनु, नाक मुख नदेख्नु, दया छाड्नु, घर गर्नु, खेत निखन्नु, पसिना बगाउनु, धन छिनाउनु, पसिना खानु, दमै टिप्नु, बानी छुट्नु, तन काट्नु, हाँसोमा उडाउनु, दैवले चुँड्नु, आज्ञा नकाट्नु, हिम्मत टुट्नु, मुटु हल्लनु, पुर्जा चुँडिनु, दसैँ तिहार अड्कनु, ढ्वाङ फुक्नु, शरीर सुक्नु, मन फुकाउनु, आकाशपट्टि हेर्नु, अँगालो हाल्नु, खेत कमाउनु, भुईंमा गोडा नहुनु, सीमा नरहनु, सर्जाम जोड्नु, छाती चर्कनु, जीउ फेरिनु, आँखा तर्नु, नाक खुम्च्याउनु, जीवन डुबाउनु, मुटुमा बिझ्नु, मूल्य नजान्नु, मन उड्नु, मृत्युशैया पर्नु, ठेगान नहुनु, मन छाम्नु ।

**२. विशेषणपद र क्रियापद मिली बनेका टुक्काहरू**

चञ्चलाश्री हुनु, छेड हान्नु, टर्रो हुनु, हृदय कुसुम ओइलाउनु, विलीन हुनु, तमासा हेर्नु, आगो हुनु, अर्मल लिनु, आँठे पर्नु, जान्ने बसाउनु, भताभुङ्ग हुनु, सौभाग्य पुछिनु, खडा हुनु, ताप हुनु, फूलझडी खेल्नु, पथभ्रष्ट हुनु, बगरमा फिँजिएका ढुङ्गाझैँ देखिनु, ज्यापूका आलुबारीमा उभ्याउनजस्ता हुनु, मूढो लडेझैँ लड्नु, बाँझो हुनु, निमुखो हुनु, शून्य हुनु, तल्लीन हुनु, याचना गर्नु, भुटिभाङ नहुनु, ठाकठुक गर्नु, लट्टीपट्टी हुनु, विस्तुर नजानु, गिल्ला गर्नु,

बतासले हल्लाएको रूखझैँ ढल्नु, नियास्रो लाग्नु, उपेक्षा गर्नु, खै गर्नु, निउँ खोज्नु, स्वाङ पार्नु, धाक लाउनु, कङ्कालाशब्द गर्नु, बाँझो हुनु, छेरौटीले लानु, बिठ्याइँ झिक्नु, स्वाहा हुनु, टेक गर्नु, चोखी-नीति गर्नु, मुखाले हुनु, काँचो हुनु, निमेश नहुनु, जुठो-चुह्लो गर्नु, निठुरी हुनु, अभिभारा पर्नु, सुसुल्को लाग्नु, विरक्त हुनु, झर्को लाग्नु, गोता पाउनु, अफसोच गर्नु, अन्तर्यामी जान्नु, दिक्क हुनु, उपद्रो गर्नु, अकालमा मर्नु, स्वाङ पार्नु, चुप्प्याइँ पार्नु, झझल्को लाग्नु, गस्ती लगाउनु, सातो लिनु, भक्कानु पर्नु, भर्सेला पर्नु, कोहोलो हाल्नु, डाँको छोड्नु, होची अर्घेली छुट्टाउनु, जोर चल्नु, असमन्जसमा पर्नु, अल्लारे हुनु, टन्टलापुर हुनु, चिरञ्जीवी हुनु, कोलाहल मच्चनु, हरेश खानु, अनिष्ट पर्नु, तालिमी हुनु, चटक्क बिर्सनु, दुर्दशा हुनु, आरोग्य हुनु, छिचरो हुनु, खेद लाग्नु, निःश्वास झिक्नु, मुखाकृति बिग्रनु, कम्पित हुनु, ठुटीमाटी पार्नु, जारी मुद्दा पर्नु, चोसो पसार्नु, रित्तो हुनु, अन्तर्ध्यन हुनु, अनिष्ट हुनु, प्रवाहित हुनु ।

### ३. विशेषण, विशेष्य र क्रियापद मिली बनेका टुक्काहरू

मधुरो बत्तीको धमिलो प्रकाश हुनु, दुःख पोख्ने भाँडो हुनु, एक अञ्जुली पानी दिनु, सुख-दुःखकी साथी हुनु, टेक्ने समाउने केही नहुनु, मतलबी संसार हुनु, तील राख्ने ठाउँ नहुनु, गहभरि आँसु पार्नु, एकमुठी सास धान्नु, निभ्ने बेलाको बत्ती हुनु, चढ्दो उमेर हुनु, भुङ्ग्रे जरो आउनु, कालो टीका लगाउनु, कालो मुख हुनु, कन्ना पछाडिका स्याल हुनु, गह्रौं जीउ हुनु, नफर्कने बाटो लाग्नु, कालो बादलले नपाएको दुःख पाउनु, छुराजस्तो मुख हुनु, राम्रो मुखले बोल्नु, सारङ्गीजस्तो पेट हुनु, ठाडो ठाडो कान लाउनु, श्रीहीन मुख हुनु, ओइलाएका फूलझैँ हुनु, जाने बेला हुनु ।

### ४. नाम, विशेषण र क्रियापद मिली बनेका टुक्काहरू

कोख सफल हुनु, हृदय छियाछिया हुनु, आँखा तिरीमिरी हुनु, मूढो लडेझैँ लड्नु, हृदयमा ठेस लाग्नु, छाँगाबाट खसेजस्तो हुनु, शान्ति भङ्ग गर्नु,

आँखा झिम्काउन नहुनु, अट्टाहास गर्नु, मन झसङ्ग हुनु, काँडा टक्टक्याएजस्ती हुनु, कान्ति फुङ्ग हुनु, सर्वस्व अर्पण गर्नु ।

**५. द्वित्व शब्द र क्रियापद मिली बनेका टुक्काहरू**

तिरमिर हुनु, नाकनिक गर्नु, छियाछिया हुनु, इन्तु न चिन्तु हुनु, अन्न न पानी हुनु, चिहिलविहिल हुनु, गास न बास हुनु, तिरीमिरी हुनु, ठाकठुक हुनु, लट्टीपट्टी हुनु, चाटाचाट गर्नु, लाखापाखा लाग्नु, मुखामुख गर्नु, थम्मर थुम्मर हुनु, हताहत हुनु, डम्माडम्मी हुनु ।

**६. समस्तपद र क्रियापद मिली बनेका टुक्काहरू**

विरही तान अलाप्नु, राँडो हुनु, विधवा हुनु, सर्वस्व डढ्नु, पतीत हुनु, तृप्त हुनु, आवाद गर्नु, ओत लाग्नु, दुर्वासा हुनु, पिँढी साँढे हुनु, चोरबिरालो हुनु, विलीन हुनु, एकहाते पार्नु, परलोक हुनु, लम्पसार पर्नु, कानेखुसी गर्नु ।

**७. भेदक, भेद्य र क्रियापद मिली बनेका टुक्काहरू**

सन्तानका जामा मल पर्नु, बलेको आगो ताप्नु, जीवनको शेष घडी गन्नु, दुःखको लहरी बन्नु, विपत्तिको बादलले घेर्नु, हृदयको मैलो साफ हुनु, रिसको सीमा नरहनु, बलको तुजुक देखाउनु, ढुङ्गाको मन हुनु, मनको कुरा जान्नु, माटाका पुतली हुनु, परमेश्वरका चक्षुलाई ढाक्नु, मुट्ठीका माखा हुनु, धर्मको हत्या गर्नु, वेदनाको नदी बग्नु, दयाको भिक्षा माग्नु, पानीको गाग्रो घोप्टनु, छातीका पूर्जा चुँडिनु, विचारको ज्वारभाटा चल्नु, एकसरो बर्को ओढ्नु, बासनाको लेस नहुनु, राक्षसका हातमा सुम्पनु, फुरुक्क पर्नु, मृत्युको याचना गर्नु, दान दिएकी गाई हुनु ।

**८. अव्यय र क्रियापद मिली बनेका टुक्काहरू**

तर्केर हिँड्नु, टट्टिएर मर्नु, दङ्ग पर्नु, टुङ्गो लाउनु, छेड हान्नु, भक्कानु पर्नु, टड्कारै देखिनु, असरल्ल पर्नु, तर्खर गर्नु, उम्लिएर हिँड्नु, फरेव थाप्नु ।

**९. सर्वनाम, नामपद र  क्रियापद मिली बनेका टुक्काहरू**

आफ्नो आँसु आफैँ पिउनु, आफ्नो रापले आफैँ पिल्सनु ।

**५.२.२ विषयवस्तुका दृष्टिले टुक्काको वर्गीकरण**

टुक्काहरू कुनै विषयवस्तुलाई लक्ष्य गर्न वा अझ गहिराइबाट चिनाउन प्रयोग भएका हुन्छन् । ती पदगत हुन् वा पदावलीगत हुन्, तिनीहरूले कुनै न कुनै विषयवस्तुलाई लक्ष्य गरेका हुन्छन् । त्यसैले मैनालीका कथामा प्रयुक्त टुक्काहरूलाई विषयवस्तुका आधारमा आर्थिक अवस्थासँग सम्बन्धित, सामाजिक, संस्कृति र परम्परासँग सम्बन्धित, ऐतिहासिक र पौराणिक विषयसँग सम्बन्धित, राजनीतिक अवस्थासँग सम्बन्धित, नीति-उद्देश्यसँग सम्बन्धित, मनोविज्ञानसँग सम्बन्धित, पशुपक्षीसँग सम्बन्धित, वनस्पतिसँग सम्बन्धित, धर्मसँग सम्बन्धित र कानुनसँग सम्बन्धित गरी दस प्रकारमा वर्गीकरण गर्न सकिन्छ :

**१. आर्थिक अवस्थासँग सम्बन्धित टुक्का**

कथाकार गुरुप्रसाद मैनालीले आफ्ना कथामा प्रयोग गरेका कतिपय टुक्काले नेपाली जनजीवनका यथार्थ आर्थिक अवस्थालाई देखाएका छन् । नेपाली समाजको विशेष गरी कमजोर आर्थिक अवस्थासँग सम्बन्धित टुक्काहरू उनका कथामा प्रयोग गरिएका छन्  यिनीहरू निम्नानुसार छन् : *चञ्चलाश्री हुनु, गुजारा गर्नु, दौलत हुनु, बेखर्ची हुनु, सर्वस्व डढ्नु, गास न बास भएर मर्नु, भुटिभाङ नहुनु, लट्टिपट्टी हुनु, खलामा चाहार्नु, पोल्टो थाप्नु, खेत निखन्नु, धन कमाउनु, चुह्लोमा आगो नबल्नु, दसैँ तिहार अड्कनु ।*

## २. सामाज, संस्कृति र पम्परासँग सम्बन्धित टुक्का

टुक्काहरू सामाज, संस्कृति र परम्पराका उपज हुन्। नेपाली समाजमा प्रचलित टुक्काहरू लोकजीवनले लामो समयदेखि बटुलेका अनुभवहरूलाई खारेर माझेर व्यवहारमा ल्याएको पाइन्छ। यस्ता टुक्काहरूले निजी संस्कृति र परम्पराको प्रतिनिधित्व गरेका हुन्छन्। मैनालीले आफ्ना कथामा यस्ता सामाजिक तथा व्यवहारिक मान्यता बोकेका टुक्काहरूलाई उचित रूपमा प्रयोग गरेका छन्। यस्ता टुक्काहरू निम्नानुसार छन् : *ठोकाबाजी पर्नु, अपूतो हुनु, द्वन्द्व हुनु, छातीको ढुङ्गो पन्छनु, खुस्कनु, चोर हुनु, राँड, उत्ताउली हुनु, बाहुन बन्नु, चिचिभुँडी पाल्नु, सुख-दुःखकी साथी हुनु, तील राख्ने ठाउँ नहुनु, कर्तव्य बिर्सनु, निभ्ने बेलाको बत्ती हुनु, संसार छोड्नु, गफ चुट्नु, जान्ने बसाउनु, काठा बाहुन हुनु, डङ्किनी, चण्डाल, साला बन्नु, धन्वन्तरी, पैरनु, सौभाग्य पुछिनु, माटाका पुतली हुनु, राँडो हुनु, बेइमान बन्नु, पोई टोक्नु, बगरका ढुङ्गा बन्नु, ज्यापूका आलुबारीमा उभ्याउनेजस्ता हुनु, हात छोड्नु, आवाद गर्नु, चिहिलबिहिल हुनु, दयाको भिक्षा माग्नु, गह्रौं जिउकी हुनु, उपेक्षा गर्नु, खै गर्नु, मुख छाड्नु, माइत गाड्नु, चोखीनीति गर्नु, राम्रा मुखले बोल्नु, खरानी घसेर हिँड्नु, गिल्ला गर्नु, जुठोचुह्लो गर्नु, खेती कमाई गर्नु, कटाक्ष पर्नु, जरोकिलो बाँध्नु, उपद्रो गर्नु, पसिना बगाउनु, दमै टिप्नु, गस्ती लगाउनु, बानी छुट्नु, धन्वन्तरी अस्ताउनु, असीम श्रद्धा हुनु, धाक हुनु, लाखापाखा लाग्नु, मन फुकाउनु, डम्माडम्मी हुनु, लम्पसार हुनु, कानेखुसी गर्नु, ढुटीमाटी पार्नु, जारीमुद्दा पर्नु, राक्षसका हातमा सुम्पनु, अबला नारी हुनु, मृत्युशैयामा पर्नु, सर्वस्व अर्पण गर्नु, हात छोड्नु, पाडो छोड्नु, छेरौटीले लानु, स्वाहा हुनु, छुराजस्तो मुख हुनु, वचन फर्काउनु, राम्रा मुखले बोल्नु, सारङ्गीजस्तो पेट हुनु, खलामा चाहार्नु, पोल्टो थाप्न जानु ।*

## ३. पौराणिक र ऐतिहासिक विषयसँग सम्बन्धित टुक्का

*हण्डी बक्सनु, राजा उदाउनु, पशुपतिको राज्य हुनु, परलोक हुनु* उपर्युक्त टुक्काहरूले सामाजिक संस्कृति र परम्पराका उपजको काम गरेका

छन् । नेपाली समाजमा प्रचलित यस्ता टुक्काहरूलाई लोकजीवनले लामो समयदेखि बटुलेका अनुभवहरूलाई खोजेर माझेर व्यवहारमा वा प्रचलनमा ल्याएको पाइन्छ । त्यस्ता टुक्काहरूले निजी संस्कृति र परम्पराको प्रतिनिधित्व गरेका हुन्छन् ।

**४. राजनीतिसँग सम्बन्धित टुक्का**

लोकजीवनमा प्रचलित टुक्काहरूले राजनीतिको पनि झझल्को दिन्छन् र हाल आएर राजनीतिक क्षेत्रमा त्यस्ता प्रशस्तै टुक्काहरू प्रयोग भएका छन् । मैनालीले यस क्षेत्रका टुक्काहरूलाई आफ्ना कथामा उचित ढङ्गले प्रयोग गरेका छन्, जस्तै : *फुक्का हुनु, मुट्ठीका माखा हुनु, जाल रच्नु, पसिना खानु, जोर नचल्नु, ढ्वाङ फुक्नु, टुङ्गो लाग्नु, अँगालो हाल्नु, फरेव थाप्नु ।*

**५. नीति उपदेशसँग सम्बन्धित टुक्का**

लोकजीवन अपठित जनताको विराट पाठशाला हो। अपठित जनसमूहले लोकजीवनबाट नैतिक आचरण र उपदेशहरू सिकेका हुन्छन् । त्यस्तै नैतिक कुराहरूलाई टुक्कामा उनेर भाषाका माध्यमबाट व्यक्त गर्दछन् जहाँ मानिसका लागि चाहिने नैतिक आचरण र उपदेशहरू प्रस्ट रूपमा व्यक्त भएका हुन्छन् । हाम्रो समाजमा देखापरेका नीति उपदेश झल्कने टुक्काहरू गुरुप्रसाद मैनालीका कथामा पाउन सकिन्छ । यिनीहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ : *सन्तानका जरामा मल पार्नु, बलेको आगो ताप्नु, टेक्ने समाउने कोही नहुनु, कपालमा टेकाउनु, नाकमा कालो लाग्नु, ओत लाग्नु, आँशुले पोल्नु, काल पर्खनु, आत्माको सराप लाग्नु, आज्ञा नकाट्नु, ग्रामपिता हुनु, दुःखी दरिद्रीका बाबु हुनु, काना खोरण्डाका टेक्ने लठ्ठी हुनु, आशा स्तम्भ हुनु, धाक हुनु, सोमत हुनु, टुहुराको दिन फिर्नु, दरिद्र दानव बिदा हुनु, आरोग्य हुनु, पाउ पुज्नु, तालिमी हुनु, राम्रा मुखले बोल्नु ।*

**६. मनोविज्ञानसँग सम्बन्धित टुक्काहरू**

लोकजीवन आफैँमा एउटा ज्ञान-विज्ञानदेखि लिएर मनोविज्ञानसम्म फैलिएको विश्वबिदालय हो, जहाँ मानिसका हरेक क्रियाकलापहरूको अध्ययन भएको पाउन सकिन्छ। लोकसमाजमा प्रचलित प्रशस्तै टुक्काहरू मनोविज्ञानसँग सम्बन्धित छन्। यस्ता टुक्काहरूलाई यथार्थवादी सामाजिक कथाकार गुरुप्रसाद मैनालीले आफ्ना कथामा प्रशस्तै प्रयोग गरेका छन्। जुन निम्नानुसार छन् : *कोख सफल हुनु, पानी हुनु, मनको कुरा जान्नु, मुटु छेड्नु, मधुरो बत्तिको धमिलो प्रकाश हुनु, छातीमाथिको ढुङ्गो पन्छनु, बुहार्तन सहनु, बिराउनु, खुड्का लाग्नु, ताँदो हुनु, टोक्नु, चण्डाल, पापिनी, काँचो हुनु, खस्नु, हात, काखमा सास जानु, मतलवी संसार हुनु, आँसु पुछिनु, छेड हान्नु, टर्रो हुनु, हृदय कुसुम ओइलाउनु, आशामा झुण्ड्याउनु, विलिन हुनु, गहभरि आँसु पार्नु, ठम्याउनु, हृदय काटिनु, चित्त दुखाउनु, तमासा हेर्नु, आगो हुनु, रिसको सीमा नरहनु, पाखुरा सुर्कनु, धाक लगाउनु, कन्सिरी तात्नु, मुख छोड्नु, चढ्दो उमेरको हुनु, बलको तुजुक हुनु, आइलाग्नु, तर्केर हिँड्नु, आँठे पार्नु, भुङ्ग्रे जोरो आउनु, हाँसोमा उडाउनु, इन्तु न चिन्तु हुनु, टट्टिएर मर्नु, मूढो लडेझैँ लड्नु, अन्न न पानीको हुनु, भताभुङ्ग हुनु, उत्ताउली, मुर्मुरिनु, बिच्किनु, चुरिनु, फाक्नु, फतफताउनु, औँल्याउनु, राक्षस हुनु, ढुङ्गाको मन हुनु, विरही तान अलाप्नु, दिव्यचक्षु ढाक्नु, आँखा तिरमिर हुनु, संसारदेखि बिदा हुनु, खडा हुनु, प्रकाश हुनु, काम पुग्नु, घरमा बास नहुनु, पुर्पुरो डढ्नु, ताप हुनु, हृदयमा ठेस लाग्नु, पथभ्रष्ट हुन, सर्वस्व डढ्नु, पतीत हुनु, कालो मुख हुनु, बाँझो हुनु, आँखा गाड्नु, देश काट्नु, छाँगाबाट खस्नु, रगत उम्लनु, नाङ्गो हुनु, निमुखो हुनु, मर्यादा छोड्नु, दुःखका ज्वालाले जल्नु, वेदनाको नदी बग्नु, मतलवी संसार हुनु, आँसुले पोल्नु, भोग सिद्धिनु, सराप लाग्नु, तल्लीन हुनु, याचना गर्नु, पानीको गाग्रो घोप्टनु, प्रलाप गर्नु, गोडा भुइँमा गाडिनु, शरीर शून्य हुनु, नानिक गर्नु, तृषित नेत्र हुनु, मुटु चुँड्नु, छातीका पूर्जा जल्नु, होस उड्नु, बाटो हेर्नु, नियास्रो लाग्नु, दुःखका समुद्रबाट विश्राम लिनु, सास बढ्नु, आँखा झिम्म्याउनु, स्वाङ पार्नु, बाँझो हुनु, बिठ्याइँ झिक्नु, ठुस्सिनु, वर्कत हुनु, टेक गर्नु, एकहाते हुनु, तृप्त हुनु, गदगद हुनु, दङ्ग पर्नु, ठाडो कान लाउनु, ओठ लेप्याउनु, चाटाचाट गर्नु, निठुरी हुनु, ओखतीले नछुनु, व्यथा च्याप्नु, वाक्य*

*रहनु, श्रीहीन मुख हुनु, कानका लोती फर्कनु, नाडी हराउनु, प्राणपखेरु उड्नु, अभिभारा पर्नु, सुसुल्को लाग्नु, विरक्त हुनु, झर्को लाग्नु, मन नमान्नु, कर लगाउनु, गोता पाउनु, अफसोचगर्नु, मुख लुकाउनु, दिक्क हुनु, नाकमुख नदेख्नु, आँखा झिम्काउन नहुनु, अकालमा मर्नु, डङ्किनी हुनु, घर गर्नु, अट्टाहास गर्नु, झझल्को लाग्नु, सातो लिनु, तन काट्नु, छातीमा भक्कानो पार्नु, हाँसोमा उडाउनु, भर्सेला पर्नु, हिम्मत टुट्नु, हताहत हुनु, मुटु हल्लनु, मृत्युसँग खेलबाड गर्नु, जाडोले तरूण रूप धारण गर्नु, संसार छोड्नु, सताउनु, कोहोलो हाल्नु, डाँको छोडेर रुनु, शरीर सुक्नु, असमञ्जस्यमा पर्नु, एकतमासको हुनु, आकाशपट्टि हेर्नु, हरेस खानु, अनिष्ट हुनु, नफर्कने बाटो लाग्नु, सीमा नरहनु, ठुस्सिनु, आफ्ना रापले आफैँ पिल्सिनु, तर्खर गर्नु, तारलाग्न गाह्रो हुनु, नाक खुम्च्याउनु, छिचरो हुनु, सपनामा देखिनु, खेद लाग्नु, भुइँमा गोडा नहुनु, अभिलाशा कुल्चनु, विरक्त हुनु, मुखाकृति बिग्रनु, कम्पित स्वर हुनु, जीवन डुबाउनु, अन्तिम दिन हुनु, मुटुमा बिझ्नु, फुरुक्क पर्नु, मन उड्नु ।*

**७. पशुपक्षीसँग सम्बन्धित टुक्का**

पशुपक्षीको उदाहरण दिएर उक्तिमा विचित्रता प्रदान गर्न पशुपक्षीसम्बन्धी टुक्काहरू प्रयोग भएका छन् । यस्ता टुक्काहरू पनि मैनालीका कथामा प्रयोग भएका छन्, जस्तै : *कन्ना पछाडिका स्याल हुनु, गाई मर्नु, दस घरका कुकुर भुकाउनु, गाईवस्तु फुकाउने बेला हुनु, कुकुर बिरालाझैँ मर्नु, दान दिएकी गाईझैँ हुनु, पाजी हुनु ।*

**८. वनस्पतिसँग सम्बन्धित टुक्का**

वनस्पतिसँग सम्बन्धित टुक्काहरू पनि नेपाली भाषामा प्रशस्त छन्, जसले बोटबिरुवा तथा वनस्पतिजन्य पदार्थको उदाहरण दिएर उक्तिमा मिठास थपेका हुन्छन् । यस्ता टुक्काहरू पनि कथामा भेटिन्छन्, जस्तै : *फूझडी खेल्नु, ओइलाएका फूलझैँ हुनु, बतासले हल्लाएको रूखझैँ ढल्नु ।*

### ९. धर्मसँग सम्बन्धित टुक्काहरू

नेपाली समाजमा धार्मिक पक्षसँग सम्बन्ध राख्ने टुक्काहरू प्रशस्त मात्रामा पाउन सकिन्छ। गुरुप्रसाद मैनालीले पनि यस्ता टुक्काहरूको प्रयोग गर्दै सामाजिक कथा रचना गरेका छन्, जुन निम्नानुसार उल्लेख गरिएको छ : *चौतारो चिन्नु, भाकल गर्नु, दैवले सुन्नु, स्वर्गकी देवी हुनु, एक अञ्जुलि पानी दिनु, दुर्वासा हुनु, पापिनी हुनु, परत्र सप्रनु, दैव लाग्नु, धर्म छाड्नु, पटेमा धर्म नहुनु, धर्मको हत्या गर्नु, दैवले चुँड्नु, दया छाड्नु, साक्षात महामाया हुनु, दान दिएकी गाईझैँ हुनु, अन्तर्ध्यान हुनु।*

## ५.२.३ निष्कर्ष

गुरुप्रसाद मैनालीका कथामा प्रयुक्त टुक्काहरू कुनै विषयवस्तुलाई लक्ष्य गर्न वा अझ गहिराइबाट चिनाउन प्रयोग भएका छन्। विषयवस्तुका आधारमा विशेष गरी उनका टुक्काहरू आर्थिक, सामाजिक, ऐतिहासिक, राजनीति, नीति उपदेश, मनोविज्ञान, पशुपक्षी, धर्म, वनस्पति तथा कानुन विषयमा आधारित रहेका छन्। त्यस्तै गरी पदगत र पदावलीगत टुक्काहरू पनि मैनालीले प्रयोग गरेको पाइन्छ। मैनालीले नेपाली समाजमा प्रचलित र लोकजीवनले लामो समयदेखि बटुलेका अनुभवहरूलाई टुक्काको रूपमा कथामा समावेश गरेका छन्। यसरी मैनालीका कथामा प्रयुक्त टुक्काहरूले समाजमा विभिन्न पक्षहरूसँग सम्बन्ध राख्ने भएकाले विशेष गरी उनका टुक्का विषयवस्तुसँग सम्बन्धित छन्।

परिच्छेद– ६

# उपसंहार

नेपाली लोकसाहित्यको क्षेत्रमा उखान र टुक्का पनि उपविधाका रुपमा स्थापित छन् । उखान र टुक्काले हाम्रो समाज र संस्कृति बोक्दै अगाडि बढेका हुन्छन् । परम्परादेखि खारिँदै विकसित अवस्थामा आएका र सामाजिक संस्कारका दर्पणको रूपमा स्थापित भएका साधारण जनजिब्रोको लवज उखान र टुक्काको रूपमा स्थापित भएका हुन्छन् । यसरी स्थापित उखान र टुक्काहरूलाई नेपाली साहित्यका उत्प्रेरक व्यक्तिहरूले लिखित, अलिखित (मौखिक) विभिन्न रूपमा प्रयोगमा ल्याइरहेका हुन्छन् । त्यस्तै किसिमले नेपाली साहित्यमा आदर्शोन्मुख सामाजिक यथार्थवादी कथाकारका रूपमा स्थापित कथाकार गुरुप्रसाद मैनालीले आफ्ना कथाहरूमा प्रशस्त मात्रामा नेपाली लोकजीवनमा र जनजिब्रोमा स्थापित उखान र टुक्काहरूलाई आफ्ना कथाहरूमा प्रयोग गरेका छन् । समकालीन समाजमा भएका सामाजिक र आर्थिक द्वन्द्वको सूक्ष्म निरीक्षण गर्नु, जीवनलाई आध्यात्मिक वा नैतिक उच्चतामा लैजाने प्रयास गर्नु, सामाजिक प्रतिभाप्रतिको कट्टरताद्वारा उत्पन्न हुने समस्याको यथार्थ रूप प्रदर्शन गर्नु, जीवन निराशावादी भए पनि त्यस निराशावादको समस्या पत्ता लगाउनुजस्ता गुणात्मक भावहरू मैनालीका उखान र टुक्काले बोकेका छन् । मैनालीले आफ्ना कथामा *छोरीको जन्म हारेको कर्म* भनेर छोरीजातिप्रीत हाम्रो समाजले हेर्ने नराम्रो दृष्टिकोणलाई इङ्गित गर्न खोका छन् भने *लोग्नेस्वास्नीको झगडा परालको आगो* भनेर पारिवारिक मित्रतालाई दह्रो बनाउने जमर्को गरिएको आभास पाउन सकिन्छ । मैनालीले लेखेका जम्माजम्मी एघारवटा कथाहरूको सङ्ग्रह **नासो** कथासङ्ग्रहमा प्रयुक्त उखान र टुक्काहरूले नेपाली समाजका विभिन्न विकृति, विसङ्गती र होची अर्घेलीहरूलाई प्रत्यक्ष दृष्टिबोध गर्न खोजेको छ । *सन्तानविना स्वर्गको बाटो छेकिन्छ, जसलाई परमेश्वरले ठगेको छ उसलाई मानिस पनि हेलाँ गर्छ*जस्ता उखानहरूले धर्मको आडमा मानिसले मानिसप्रति गर्ने अवहेलनालाई स्पष्ट पारेको पाइन्छ । *स्त्री शिक्षित भएको घर स्वर्ग हुन्छ* भन्ने उखानले शिक्षित महिलाको प्रशंसा गरेको देखिन्छ

भने *आइमाईको रूपै शत्रु रूपै मित्रु* भन्ने उखानले रूपलाई प्रशंसा गरेको आभास देखाउँदछ। यसरी समाजले महिलाप्रति हेर्ने फरक दृष्टिकोणलाई उखानले स्पष्ट पार्न खोजेको छ। *जता गए पनि अभागी पुर्पुरो सँगै* भनेर मानिसको नैराश्यपनालाई अझै बढाउने काम गरेको देखिन्छ भने *नखाएको विष लाग्दैन, अर्घेलो नगर्नेले अन्याय सहँदैन* भनी उखानले सत्यको बाटोमा निडर भएर लागे अवश्य सफल होइन्छ भन्ने भाव समेत दिएको छ। *राजा लागेको र खोला लागेको ठाउँमा बस्नु हुँदैन* भनी उपदेशात्मक उखान समेत कथामा पाउन सकिन्छ। जनतालाई *मुट्ठीका माखा* ठान्ने हाम्रो समाजको हैकमी र शोषक तथा दमनकारी नीतिको चित्रण उखान र टुक्काले गरेका छन्। *देश काट्नु, खरानी घस्नु, बलेको आगो ताप्नु, पसिना खानु*जस्ता टुक्काहरूले समाजको गरिबी अवस्थाको चित्रण गरेको पाइन्छ। यस्तै किसिमले मैनालीले आफ्ना कथामा आर्थिक, ऐतिहासिक, सांस्कृतिक, पशुपक्षी, राजनीतिक, नीति/उपदेशात्मक, मनोवैज्ञानिक, वनस्पति, जाति, प्रकृति, कृषि, शिक्षा/ज्ञान/साहित्य, धर्मदर्शन, नारी विशेष, सन्देशको आधार तथा शैलीको आधारहरूमा चिन्न सकिने उखान र टुक्काहरूको प्रयोग गरेका छन्। यसरी अशिक्षितवर्गको बौद्धिक चमत्कारबाट जन्मिएर शोभित एवम् पल्लवित हुन पुगेको लोकसाहित्यका महत्त्वपूर्ण हाँगोका रूपमा उखान र टुक्का देखापरेका छन् । मानिसले आफ्ना मनका तर्कनाहरू भाषाका माध्यमले सम्प्रेषण गर्न आरम्भ गर्दादेखि नै आफ्नो बोली वचनमा चाखिला मर्महरू, कोमल र मनोहरी भावनाहरू उखान र टुक्काका रूपमा नुनिला, अल्ना र बिल्ला जे-जस्ता भए पनि अभिव्यक्त हुँदै आएका छन् र तिनले हाम्रो समाजको चित्रण गरेका छन् भन्ने कुरा मैनालीका कथामा प्रयुक्त उखान र टुक्काले स्पष्ट गराएका छन्। लोकजीवनमा पारिवारिक जीवन, सामाजिक-सांस्कृतिक रहनसहन, धार्मिक-नैतिक र राजनीतिक विचारधारा, आर्थिक दशा, लोकविश्वास र परम्परा आदिलाई छोएर नेपाली उखानद्वारा विस्तृत सामाजिक-सांस्कृतिक चित्र मैनालीका कथामा प्रयुक्त उखान र टुक्काले उतारेका छन्। तिनमा जीवनका आदर्श तथा यथार्थ दृष्टि, व्यक्तिमा निहित गुण र स्वभाव, लोकमा प्रचलित व्यवहार, समाजका कथा, व्यथा र आस्था अत्यन्त सूक्ष्म रूपले अङ्कित छन्। अतीतकालदेखि अनुभव र ज्ञानका बीचको अन्तर्सम्बन्ध पनि स्पष्ट हुन्छ। विशेष गरी यी उखान र टुक्काहरूले ग्रामीण जीवनको यथार्थ स्वरूप देखाएका छन्। प्रयुक्त उखान र टुक्कामा सामाजिक-सांस्कृतिक जीवनका सबै विशेषताले पूर्ण भए तापनि केही अंशमा अन्धविश्वासी मनोवृत्ति तथा परम्परागत धारणाले घेरिएको पाइन्छ। यसरी उखान र टुक्कामा समाज र संस्कृतिका सुन्दर तथा यथार्थ चित्रण अङ्कित छन्। यस्ता

उखान र टुक्काका माध्यमले नेपाली भाषिक समुदायका अभिव्यक्ति अत्यन्त स्पष्ट र प्रभावपूर्ण बनाउने निश्चित छ। साहित्यमा प्रयुक्त यस्ता उखान र टुक्काले लोकजीवनलाई अनुप्रणित पार्दै लोकसभ्यता तथा संस्कृतिका विभिन्न रूप प्रस्तुत गरेको छ। यसका साथै अनुभवका सूक्ष्म किरण प्रकाशित गरेर जीवनका विभिन्न पक्षको मार्गदर्शनमा पनि ठूलो भूमिका खेलेको छ। यसरी हेर्दा नेपाली उखान र टुक्का नेपाली लोकसाहित्यका महत्त्वपूर्ण तथा सशक्त अङ्ग हुन भन्ने कुरा स्वतः सिद्ध हुन्छ। उखान र टुक्काहरू लोकसाहित्यिक वैभव तथा भाषाका धड्कन बनेका हुन्छन्। लोकका अपठित र अशिक्षित जनसमूहका जिब्रामा झुण्डिएर भाषाका आत्मा बनेका उखान र टुक्काले कथा तथा कविता साहित्यलाई उत्कृष्ट बनाएका छन्। यस्ता कारणले उखान र टुक्का सार्वकालिक र लोकप्रिय बनेका हुन्छन् र पनि उखान र टुक्काहरूको विस्तृत रूपमा नै अध्ययन, अनुसन्धान तथा सङ्कलन हुनु आजको प्रमुख आवश्यकता देखिन्छ।

# सन्दर्भ-ग्रन्थसूची


**1=** कोइराला, शम्भुप्रसाद, (२०५६), **लोकसाहित्य सिद्धान्त र विश्लेषण,** विराटनगर : धरणीधर पुस्तक प्रकाशन ।

**2=** गिरी, जीवेन्द्रदेव, (२०५७), **लोकसाहित्यको अवलोकन,** काठमाडौँ : मनोज अफसेट प्रेस प्रा.लि. ।

**3=** घिमिरे, वासुदेव, (२०३७), **अप्रकाशित शोधपत्र,** त्रि.वि., कीर्तिपुर : नेपाली केन्द्रीय विभाग ।

**4=** जबरा, पुष्कर शमशेर, (१९९८), **नेपाली उखान र टुक्काको वर्णानुक्रमानुसारी सूची र वाक्यांश पद्धति इत्यादिको कोष,** ( *भूमिका खण्ड) काठमाडौँ तारा प्रेस, ।*

**5=** थापा, धर्मराज र अन्य, (२०४१), **नेपाली लोकसाहित्यको विवेचना,** ललितपुर : साझा प्रकाशन, ।

**6=** थापा, हिमांशु, (२०४७), **साहित्य परिचय,** काठमाडौँ : नेशनल प्रिन्टर्स, ।

**7=** पराजुली, कृष्णप्रसाद, (२०४८), **राम्रो रचना मीठो नेपाली,** काठमाडौँ : सहयोगी प्रेस, ।

**8= ______________,** (२०६१), नेपाली उखान र गाउँखाने कथा, काठमाडौं, रत्नपुस्तक भण्डार ।

**9= ______________,** (२०६२), **पन्ध्र तारा र नेपाली साहित्य,** ललितपुर : साझा प्रकाशन ।

**10=** प्रधान, कृष्णचन्द्रसिंह, (२०४४), **साझा समालोचना,** ललितपुर : साझा प्रकाशन, ।

**11=** पोखरेल, बालकृष्ण, (२०४०), **नेपाली बृहत शब्दकोश,** काठमाडौँ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

12= ______________, (२०४३), **राष्ट्रभाषा,** ललितपुर : साझा प्रकाशन,

13= पोखरेल, भानुभक्त, (२०४०), **सिद्धान्त र साहित्य,** विराटनगर : श्याम पुस्तक भण्डार, ।

14= पौड्याल, कृष्णविलास, (२०६३), **नेपाली साहित्यको ऐतिहासिक परिचय र नेपाली समालोचना,** काठमाडौंः, नवीन प्रकाशन ।

15= ______________, (२०६१), **नेपाली टुक्काहरूको सर्वेक्षण विश्लेषण,** काठमाडौंः चावहिल अफसेट ।

16= पन्त, सुरेश, (२०५६), **अङ्कुरण,** अङ्क १, काठमाडौं : अङ्कुरण साहित्य समूह ।

17= बराल, ईश्वर, (२०५३), **झ्यालबाट,** ललितपुर : साझा प्रकाशन, ।

18= बराल, कृष्णहरि र अन्य, (२०५७), **माध्यमिक नेपाली व्याकरण अभिव्यक्ति र अभ्यास,** काठमाडौं : तलेजु प्रकाशन ।

19= बराल, ऋषिराज र अन्य, **नेपाली कथा भाग-३,** ललितपुर : साझा प्रकाशन, ।

20= भट्टराई, घटराज, (२०४०), **प्रतिभै प्रतिभा र नेपाली साहित्य**, काठमाडौं : नेसनल रिसर्च एसोसिएसन ।

21= ______________, (२०५५), **नेपाली साहित्यको ऐतिहासिक रूपरेखा,** काठमाडौं : सृष्टि प्रकाशन ।

22= भट्टराई, जयदेव, (२०५४), **साहित्य परिचय र अभिव्यक्ति**, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

23= मैनाली, गुरूप्रसाद, (२०२६), **नासो**, काठमाडौँ : सामुदायिक पिन्टर्स प्रा.लि. ।

24= रेग्मी, चूडामणि, (२०४१), **नेपाली टुक्काहरूको अध्ययन** चन्द्रगढी मणि प्रिण्टिङ प्रेस ।

25= लामिछाने, कपिलदेव, (२०६४), **नेपाली लोकगाथाको अध्ययन**, ललितपुर : साझा प्रकाशन, ।

26= लौडारी, देउबहादुर, (२०५९), **अप्रकाशित शोधपत्र**, काठमाडौँ : त्रि.वि., नेपाली केन्द्रीय विभाग, ।

27= शर्मा, तारानाथ, (२०२६), **नासो**, *एघार कथाहरूको सङ्ग्रह भूमिका खण्ड*, काठमाडौँ : सामुदायिक प्रिन्टर्स प्रा.लि. ।

28= शर्मा, मोहनराज र अन्य (२०६३), लोकवार्ता विज्ञान र लोकसाहित्य, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

29= श्रेष्ठ, दयाराम, (२०५७), **नेपाली कथा भाग– ४**, ललितपुर : साझा प्रकाशन,।

30= श्रेष्ठ, दयाराम र अन्य (२०६३), नेपाली साहित्यको संक्षिप्त इतिहास, ललितपुरः साझा प्रकाशन, ।

31= ज्ञवाली, सूर्यविक्रम, (२०३५), **कथाकुसुम**, दार्जीलिङः नेपाली साहित्य सम्मेलन ।

32= ______________, (२०४०), **नेपाली सङ्क्षिप्त शब्दकोश,** काठमाडौँ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

33= सुवेदी, राजेन्द्र, (२०५५), **प्राथमिक र माध्यमिक नेपाली साहित्यको रूपरेखा,** काठमाडौं, पाठ्य सामग्री पसल ।

# सन्दर्भ-ग्रन्थसूची


**1=** कोइराला, शम्भुप्रसाद, (२०५६), **लोकसाहित्य सिद्धान्त र विश्लेषण,** विराटनगर : धरणीधर पुस्तक प्रकाशन ।

**2=** गिरी, जीवेन्द्रदेव, (२०५७), **लोकसाहित्यको अवलोकन,** काठमाडौँ : मनोज अफसेट प्रेस प्रा.लि. ।

**3=** घिमिरे, वासुदेव, (२०३७), **अप्रकाशित शोधपत्र,** त्रि.वि., कीर्तिपुर : नेपाली केन्द्रीय विभाग ।

**4=** जबरा, पुष्कर शमशेर, (१९९८), **नेपाली उखान र टुक्काको वर्णानुक्रमानुसारी सूची र वाक्यांश पद्धति इत्यादिको कोष,** ( *भूमिका खण्ड) काठमाडौँ तारा प्रेस, ।*

**5=** थापा, धर्मराज र अन्य, (२०४१), **नेपाली लोकसाहित्यको विवेचना,** ललितपुर : साझा प्रकाशन, ।

**6=** थापा, हिमांशु, (२०४७), **साहित्य परिचय,** काठमाडौँ : नेशनल प्रिन्टर्स, ।

**7=** पराजुली, कृष्णप्रसाद, (२०४८), **राम्रो रचना मीठो नेपाली,** काठमाडौँ : सहयोगी प्रेस, ।

**8= _____________,** (२०६१), नेपाली उखान र गाउँखाने कथा, काठमाडौं, रत्नपुस्तक भण्डार ।

**9= _____________,** (२०६२), **पन्ध्र तारा र नेपाली साहित्य,** ललितपुर : साझा प्रकाशन ।

**10=** प्रधान, कृष्णचन्द्रसिंह, (२०४४), **साझा समालोचना,** ललितपुर : साझा प्रकाशन, ।

**11=** पोखरेल, बालकृष्ण, (२०४०), **नेपाली बृहत शब्दकोश,** काठमाडौँ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

12= ______________, (२०४३), **राष्ट्रभाषा,** ललितपुर : साझा प्रकाशन,

13= पोखरेल, भानुभक्त, (२०४०), **सिद्धान्त र साहित्य,** विराटनगर : श्याम पुस्तक भण्डार, ।

14= पौड्याल, कृष्णविलास, (२०६३), **नेपाली साहित्यको ऐतिहासिक परिचय र नेपाली समालोचना,** काठमाडौं:, नवीन प्रकाशन ।

15= ______________, (२०६१), **नेपाली टुक्काहरूको सर्वेक्षण विश्लेषण,** काठमाडौं: चावहिल अफसेट ।

16= पन्त, सुरेश, (२०५६), **अङ्कुरण,** अङ्क १, काठमाडौं : अङ्कुरण साहित्य समूह ।

17= बराल, ईश्वर, (२०५३), **झ्यालबाट,** ललितपुर : साझा प्रकाशन, ।

18= बराल, कृष्णहरि र अन्य, (२०५७), **माध्यमिक नेपाली व्याकरण अभिव्यक्ति र अभ्यास,** काठमाडौं : तलेजु प्रकाशन ।

19= बराल, ऋषिराज र अन्य, **नेपाली कथा भाग-३,** ललितपुर : साझा प्रकाशन, ।

20= भट्टराई, घटराज, (२०४०), **प्रतिभै प्रतिभा र नेपाली साहित्य**, काठमाडौं : नेसनल रिसर्च एसोसिएसन ।

21= ______________, (२०५५), **नेपाली साहित्यको ऐतिहासिक रूपरेखा,** काठमाडौं : सृष्टि प्रकाशन ।

22= भट्टराई, जयदेव, (२०५४), **साहित्य परिचय र अभिव्यक्ति**, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

23= मैनाली, गुरूप्रसाद, (२०२६), **नासो**, काठमाडौँ : सामुदायिक पिन्टर्स प्रा.लि. ।

24= रेग्मी, चूडामणि, (२०४१), **नेपाली टुक्काहरूको अध्ययन** चन्द्रगढी मणि प्रिण्टिङ प्रेस ।

25= लामिछाने, कपिलदेव, (२०६४), **नेपाली लोकगाथाको अध्ययन**, ललितपुर : साभा प्रकाशन, ।

26= लौडारी, देउबहादुर, (२०५९), **अप्रकाशित शोधपत्र**, काठमाडौँ : त्रि.वि., नेपाली केन्द्रीय विभाग, ।

27= शर्मा, तारानाथ, (२०२६), **नासो**, *एघार कथाहरूको सङ्ग्रह भूमिका खण्ड*, काठमाडौँ : सामुदायिक प्रिन्टर्स प्रा.लि. ।

28= शर्मा, मोहनराज र अन्य (२०६३), लोकवार्ता विज्ञान र लोकसाहित्य, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

29= श्रेष्ठ, दयाराम, (२०५७), **नेपाली कथा भाग– ४**, ललितपुर : साभा प्रकाशन,।

30= श्रेष्ठ, दयाराम र अन्य (२०६३), नेपाली साहित्यको संक्षिप्त इतिहास, ललितपुरः साभा प्रकाशन, ।

31= ज्ञवाली, सूर्यविक्रम, (२०३५), **कथाकुसुम**, दार्जीलिङः नेपाली साहित्य सम्मेलन ।

32= ______________, (२०४०), **नेपाली सङ्क्षिप्त शब्दकोश,** काठमाडौँ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

33= सुवेदी, राजेन्द्र, (२०५५), **प्राथमिक र माध्यमिक नेपाली साहित्यको रूपरेखा,** काठमाडौं, पाठ्य सामग्री पसल ।